सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ साउन २०८२, सोमबार (4 Aug 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ११३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ समावेशिताले राज्य संयन्त्रमा पहुँच बढाउँदै सीमान्तकृत समुदाय

तर, प्रधानमन्त्री भन्छन्- समावेशिताको कामै छैन

सरकारी निवास बालुवाटारमा आइतबार पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठको पुस्तक विमोचन गर्दै प्रधानमन्त्री ओलीले भने-



केही-केही हामी बहकिएर पनि कुरा गर्छौं कहिलेकाहीं । यो इन्क्लुसिभनेस (समावेशिता) आदि-इत्यादि हामीले टेम्पोरारी (अस्थायी) व्यवस्था गरेको हो । ...समावेशिताबाट डाक्टर हुन्छ र ? इन्जिनियर हुन्छ समावेशिताबाट ? त्यसकारण यो समावेशिता भनेको पोलिटिकल पदमा पुग्नका लागि मात्रै हो, कुनै कामको कुरा होइन यो ।

सुवास भट्ट, शुरोजंग पाण्डे/नयाँ पत्रिका

०६२/६३ को जनआन्दोलनको जगमा बनेको संविधानले देशमा समानुपातिक समावेशी सिद्धान्त अंगीकार गरेपछि सदियौंदेखि पछाडि धकेलिएकाहरू राज्यको निर्णायक स्थानमा पुगेका छन् । महिला, आदिवासी जनजाति, मधेशी, अपांग, दलितदेखि पिछडिएका क्षेत्र र समुदायको सहभागिता राजनीतिक, प्रशासनिकदेखि हरेकजसो क्षेत्रमा माथिल्लो ओहदासम्म फैलिएको छ । तर, प्रधानमन्त्री केपी ओलीले तमाम सीमान्तकृतको संवैधानिक अधिकारको विपक्षमा गम्भीर अभिव्यक्ति दिएका छन्- समावेशिताको कामै छैन ।

'केही-केही हामी बहकिएर पनि कुरा गर्छौं कहिलेकाहीं । यो इन्क्लुसिभनेस (समावेशिता) आदि-इत्यादि हामीले टेम्पोरारी (अस्थायी) व्यवस्था गरेको हो,' सरकारी निवास बालुवाटारमा आइतबार पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठको पुस्तक विमोचन गर्दै उनले भने, '...समावेशिताबाट डाक्टर हुन्छ र ? इन्जिनियर हुन्छ समावेशिताबाट ? त्यसकारण यो समावेशिता भनेको पोलिटिकल (राजनीतिक) पदमा पुग्नका लागि मात्रै हो, कुनै कामको कुरा होइन यो ।'

तर, तथ्यले भने समावेशिता प्रधानमन्त्रीले भनेजस्तो राजनीतिक पदमा पुग्नका लागि होइन, सीमान्तकृतहरूको उत्थानमा कोसेढुंगा साबित भएको छ । सामानुपातिक समावेशी व्यवस्थाले राज्यका संयन्त्रमा लक्षित वर्ग तथा समुदायको प्रतिनिधित्व बढाएको सत्य सरकारमातहतकै निजामती किताबखानाको तथ्यांकले देखाएको छ । निजामती किताबखानाको पछिल्लो वार्षिक प्रतिवेदन ०८०/८१ अनुसार निजामती सेवामा अहिले महिला सहभागिता करिब २९ प्रतिशत पुगेको छ । वैयक्तिक सूचना प्रणाली (पिआइएस)मा अद्यावधिक कर्मचारीको संख्या ८५ हजार ३२८ रहेकामा महिला २४ हजार ५८७ जना छन् । निजामतीमा महिलाको प्रतिनिधित्व बढ्दै गएको किताबखानाको निष्कर्ष छ ।

'पछिल्ला ६ आर्षिक वर्षहरूमा कर्मचारीको लैंगिक प्रतिनिधित्व विश्लेषण गर्दा पुरुषको संख्या घट्दै गएको तथा महिलाको संख्या बढ्दै गएको तथ्यांकले देखाउँछ,' किताबखानाको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

निजामतीमा मात्र होइन, फैजी संगठनमा पनि महिला प्रतिनिधित्व बढ्दो क्रममा छ । नेपाल प्रहरीको तथ्यांकअनुसार उक्त संगठनमा अहिले नौ हजार २८६ महिला कार्यरत छन् । यो प्रहरीको कुल ७९ हजार ५४१ जनाको दरबन्दीको तुलनामा १२.४१ प्रतिशत हो । सशस्त्र प्रहरीमा पनि महिला प्रतिनिधित्व करिब १० प्रतिशत छ । किताबखानाको प्रतिवेदनअनुसार सशस्त्र प्रहरीतर्फ कुल ३६ हजार ११२ कर्मचारी अद्यावधिक रहेकामा तीन हजार ५२८ अर्थात् ९.७७ प्रतिशत महिला छन् । त्यस्तै,

» पृष्ठ २ मा क्रमशः

■ के भन्छन् सरोकारवाला ?



मोहना अन्सारी
पूर्वसदस्य, राष्ट्रिय मानव अधिकार आयोग

हामीले जनसंख्याको हिस्साका आधारमा राज्यका निकायमा सहभागिता हुनुपर्छ भनेको हो । समावेशी व्यवस्थामाथि प्रश्न उठाउने वेला भएको छैन । मन्त्रिपरिषद्मा कति महिला छन् ? राजदूत नियुक्ति गर्दा समावेशी समूहबाट कति लानुभो ? न्यायाधीश नियुक्तिमा समावेशिता लागू गर्नुभो ? उहाँहरूको पार्टी नै समावेशी छैन । उहाँहरू समावेशीको नामै लिन चाहनुहुन्न । देश विकास कसरी हुन्छ ?



जयन्ती राई
सांसद, राष्ट्रिय सभा

समानुपातिक समावेशी संविधानले व्यवस्था गरेको हो । यसको पूर्ण कार्यान्वयन नै भएको छैन । लक्षित वर्गले अपेक्षित लाभ पाएकै छैन । भएकै व्यवस्थाको पूर्ण कार्यान्वयन नगरी कमजोर पक्ष देखाएर गलत साबित गर्न खोज्नु ठिक होइन । अहिले नै यसमाथि प्रश्न उठाउनु नकारात्मक र प्रतिगमनकारी सोच हो । शासकहरूले नकारात्मक सोचेका छन् ।



रामकृष्ण तिमल्सेना
पूर्वअध्यक्ष, राष्ट्रिय समावेशी आयोग

समावेशिताकै कारण राज्य संयन्त्रमा सीमान्तकृत वर्ग र समुदायबाट उपस्थिति भएको छ । तर, तरमारा वर्गले बढी लाभ लिएका छन् । आवश्यक वर्गलाई मात्र त्यस्तो सुविधा प्रदान गर्नुपर्छ । अहिले पनि राज्य संयन्त्रमा ७४-७५ जातको उपस्थिति नै छैन । त्यसैले समावेशीकरण व्यवस्था पुनरावलोकन गर्नुपर्ने अवस्था छ ।

हुँदै नभएको कार्यक्रम मन्त्रिपरिषद्बाट स्वीकृत गराएर पत्नी र स्वकीयसहित नर्वे घुमेर आए वनमन्त्री शाही

■ मन्त्रिपरिषद्बाट 'नर्वे टु इस्ट्रेन्थन को-अपरेसन' कार्यक्रममा सहभागी हुन भन्दै भ्रमण स्वीकृत गराए, तर नर्वेमा यो कार्यक्रम नै तय भएको थिएन । न त कार्यक्रम नै भयो ।

■ सरकारको संगठित संस्था प्रकृति संरक्षण कोष (एनटिएनसी)ले व्यहोऱ्यो आतेजाते हवाई टिकटदेखि भत्तासम्मका सम्पूर्ण खर्च

यम बम/नयाँ पत्रिका

हुँदै नभएको कार्यक्रम मन्त्रिपरिषद्बाट स्वीकृत गराएर वनमन्त्री ऐनबहादुर शाहीले पत्नी र स्वकीय सचिवलाई समेत सरकारी खर्चमा नर्वे घुमाएर ल्याएका छन् । उनीहरूको आतेजाते हवाई टिकटदेखि सम्पूर्ण खर्च प्रकृति संरक्षण कोष (एनटिएनसी) ले व्यहोरेको छ । ९ देखि १६ साउनसम्म मन्त्रीको टोली नर्वे घुमेको थियो ।

नर्वे घुम्न मन्त्री शाहीले मन्त्रिपरिषद्लाई नै झुक्याए । उनले आफ्नो मन्त्रालयबाट 'नर्वे टु इस्ट्रेन्थन को-अपरेसन' कार्यक्रममा सहभागी हुन जाने भन्दै स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लगेका थिए । यही प्रस्तावका आधारमा २३ असारको मन्त्रिपरिषद् बैठकले उनलाई भ्रमणका लागि अनुमति दिएको थियो । सो बैठकको निर्णयमा भनिएको छ, '९-१४ साउनमा नर्वेमा आयोजना हुने नर्वे टु इस्ट्रेन्थन को-अपरेसन कार्यक्रममा सहभागी हुन माननीय वन तथा वातावरणमन्त्रीलाई स्वीकृत प्रदान गर्ने ।'

तर, नर्वेमा यो कार्यक्रम नै तय भएको थिएन । न त

» पृष्ठ २ मा क्रमशः





नर्वेमा वनमन्त्री ऐनबहादुर शाही, उनकी पत्नी वसुना र एनटिएनसीका सदस्यसचिव डा. नरेश सुवेदी (बायाँ) र युनिभर्सिटी अफ इनल्यान्ड, नर्वेमा नेपालीहरूसँग गफिँदै मन्त्री शाही । ९ देखि १६ साउनसम्म नर्वे घुमेर शुक्रबार स्वदेश फर्किएका वनमन्त्री शाहीले भने, '**म प्रकृति संरक्षण कोषको अध्यक्षको हैसियतले नर्वे गएको हुँ । युनिभर्सिटी अफ इनल्यान्ड र एनटिएनसीबिच विद्यार्थी आदान-प्रदान भइरहेका हुन्छन् । यहाँका विद्यार्थी त्यहाँ मास्टर्स र पिचएडी गरिरहेका छन्, त्यसैको कार्यक्रमको थियो ।**' मन्त्रिपरिषद्बाट 'नर्वे टु इस्ट्रेन्थन को-अपरेसन' कार्यक्रम भनेर किन भ्रमण स्वीकृत गराउनुभएको त भन्ने जिज्ञासाको उनले जवाफ दिन सकेनन् । जलवायु र परराष्ट्रका अधिकारीहरूसँग छलफल भएको उनले बताए, तर कुन तहका कर्मचारीसँग के छलफल भयो भन्ने पनि खुलाएनन् ।

■ परराष्ट्र मामिलाका जानकार र पूर्वप्रशासक भन्छन्-

एउटा कार्यक्रम स्वीकृत गराएर अर्कोमा जान मिल्दैन



युवनाथ लम्साल



विमल कोइराला

नर्वेमा नेपाली दूतावास छैन, डेनमार्कस्थित दूतावासले हेर्ने गर्छ । डेनमार्ककका लागि पूर्वनेपाली राजदूत युवनाथ लम्सालले कुनै पनि मन्त्रीले एउटा कार्यक्रमका लागि मन्त्रिपरिषद्बाट स्वीकृति लिएर अर्को कार्यक्रममा जान नमिल्ने बताए । 'मन्त्रिपरिषद्बाट स्वीकृत गराउँदा जुन कार्यक्रम भनिएको छ, त्यही कार्यक्रममा जानुपर्छ । एउटा कार्यक्रम स्वीकृत गराएर अर्कोमा जान मिल्दैन,' उनले भने, 'मुख्य कार्यक्रममा सहभागी भएर साइडलाइनका अरू कार्यक्रममा भने जान सकिन्छ ।' सम्बन्धित कार्यक्रममा सरकारले किन भाग लिनुपर्छ र मन्त्रीलाई किन पठाउने भनेर भ्रमण स्वीकृत गर्दा नै मन्त्रिपरिषद् स्पष्ट हुनुपर्ने उनले बताए । पूर्वमुख्यसचिव विमल कोइरालाले कुनै कार्यक्रममा विदेश जाँदा/पठाउँदा मन्त्रीस्तरीय हो-होइन भनेर ख्याल गर्नुपर्ने बताए । 'कार्यक्रम कति महत्त्वपूर्ण छ, अन्य देशका मन्त्री आउँछन् कि आउँदैनन् भनेर प्रस्ट हुनुपऱ्यो,' उनले भने, 'विदेश भनेपछि जुन कार्यक्रममा पनि कुदुनु राम्रो होइन ।'

■ कुलिङ पिरियडमा चलखेलसम्बन्धी छानबिन समितिको बैठक

चलखेलमा संलग्नको नाम किटान गर्ने कि नगर्ने भन्ने मतभेदले रोकियो प्रतिवेदन



छानबिन समितिको आइतबारको बैठक
'दोषी किटान गर्नुपर्ने' प्रतिपक्षको अडान र 'सामान्य मानवीय त्रुटि' मात्रै उल्लेख गरेर प्रतिवेदनलाई अन्तिम रूप दिनुपर्ने सत्तापक्षको जोडबलले बैठक अनिर्णीत

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय निजामती विधेयकमा कुलिङ पिरियड हटाउने गरी भएको चलखेलमा संलग्न भएकाहरूको नाम किटान गर्ने कि नगर्ने तथा कस्तो कारबाही हुने भन्नेमा सत्तापक्ष र प्रतिपक्षबिच मतभेद हुँदा अध्ययन तथा छानबिन समिति अनिर्णीत बनेको छ । दोषीहरूको नाम किटान गरेर कारबाहीसमेत खुलाउनुपर्ने प्रतिपक्षी माओवादीलगायतको मत र सामान्य त्रुटि मात्रै उल्लेख गर्नुपर्ने सत्तापक्ष कांग्रेस-

» पृष्ठ २ मा क्रमशः

समितिले बोलाउँदा पनि मुख्यसचिव र सचिवहरू बयानमा हस्ताक्षर गर्न गएनन्

सत्तापक्षको बैठकपछि सनाखतमा आएनन् कर्मचारी

कुलिङ पिरियड हटाउने गरी भएको चलखेलका सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित विशेष समितिमा दिएको बयान सनाखत गर्न विशिष्ट कर्मचारीहरूले अस्वीकार गरेका छन् । विधेयक निर्माणमा संलग्न मुख्यसचिव एकनारायण अर्याल, कानुन मन्त्रालयका सचिव उदय सापकोटा (अवकाश), प्रधानमन्त्री कार्यालयका सचिव फणीन्द्र गौतम, संघीय मामिला मन्त्रालयका सचिव रविलाल पन्थ र कानुन मन्त्रालयका सहसचिव सुवास भट्टराईलगायतलाई आइतबार दिउँसो बयान सनाखत गर्न बोलाइएको थियो । तर, आफूहरूले बोलेको कुरा रेकर्डमै रहेकाले हस्ताक्षर गर्न आवश्यक नरहेको भन्दै उनीहरू उपस्थित नभएका हुन् । मुख्यसचिव अर्यालले बयान सनाखत गर्ने सूचना आफूले नपाएको र दिउँसो मन्त्रिपरिषद् बैठकमा व्यस्त भएको बताए । 'समितिले बोलाएको कुरा मलाई थाहा भएन । मलाई खबर छैन । आज क्याबिनेट थियो, त्यतै व्यस्त पनि भएँ,' उनले भने, 'अब त्यो सनाखत गर्नुपर्दैन । हामीले आफ्नो कुरा अस्ति नै राखिसकेको हो ।' बयान लिएका कर्मचारीहरू सनाखत गर्न नआउनु समितिकै अपमान भएको एक सदस्यले बताए । खासमा एमाले संसदीय दलमा सत्तापक्षको बैठकपछि कर्मचारीहरू बयान सनाखतमा नआएको स्रोतले बतायो ।



रवीन्द्रले रचे इतिहास

एमएफएन च्याम्पियन बन्ने पहिलो नेपाली फाइटर

रवीन्द्र ढाटले शनिबार राति भारतीय फाइटर चुनरेङ कोरेनलाई तेस्रो चरणमा नकआउट पार्दै ऐतिहासिक बान्टमवेट च्याम्पियनसिप उपाधि जिते

(विस्तृत पृष्ठ ८)

कटारीको विवादित २३ बिघा जग्गा पुनः जाँचबुझ गर्न सर्वोच्चको परमादेश



मालपोत र वनको निर्णयमा प्रक्रियागत त्रुटि भएको भन्दै उच्चको आदेश बदर, निवेदकलाई पुनः सुनुवाइको मौका दिन आदेश

(विस्तृत पृष्ठ ३)

संस्थापक र साधारण सेयरको छुट्टा-छुट्टै आइजिनको प्रस्ताव विवादमा

सिडिएससी भन्छ- सर्वसाधारण नभुक्किऊन् भन्ने उद्देश्यले फरक-फरक आइजिन नम्बर दिने प्रस्ताव गरेका हौं

व्यवसायी भन्छन्- संस्थापक सेयर बिक्री गर्ने प्रक्रियामा झन्झट हुन्छ, लगानी निरुत्साहित हुन्छ



दुई थरी आइजिन नम्बर आवश्यक देखिन्न
● नीरज गिरी
पूर्वकार्यकारी निर्देशक, सेबोन



द्विविधा हटाउन दुई थरी आइजिन नम्बर
● प्रविन पन्दाक
प्रबन्ध निर्देशक, सिडिएससी



यो व्यवस्थाले ऊर्जामा लगानी नै रोकिन्छ
● गणेश कार्की, अध्यक्ष, इप्पान

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मधेशमा वर्षा, घर-घरमा हर्ष

चरम खडेरीले खेत बाँझै रहँदा मधेशका किसान पिरमा थिए । शनिबारदेखि परिरहेको वर्षाले ढिलै भए पनि घर-घरमा हर्ष भित्रिएको छ । शनिबार र आइतबार मधेशका किसानले रोपाइँ गरेका छन् ।

मध्यसाउन कटेपछि थालियो रोपाइँ

सिराहामा **मणिलाल विश्वकर्मा**
महोत्तरीमा **रञ्जन भण्डारी**

विगतका वर्षहरूमा मध्यसाउनसम्म लगभग रोपाइँ सकिएको हुन्थ्यो । तर, यसपालि चरम खडेरीले यो अवधिसम्म मधेशका अधिकांश क्षेत्र बाँझै रहँदा किसान पिरमा थिए । शनिबारदेखि परिरहेको वर्षाले ढिलै भए पनि मधेशका घर-घरमा हर्ष भित्रिएको छ । शनिबार र आइतबार मधेशका किसानले रोपाइँ गरेका छन् ।

सिराहाको गोलबजार नगरपालिका- ८ का किसान रामचन्द्र यादवले दुई बिघामध्ये खडेरीका कारण रोप्न बाँकी २२ कट्ठामा रोपाइँ गर्न खेत हिल्याएको बताए । 'पानी नपर्दा रोपाइँ गर्न सकिएको थिएन । शनिबारदेखि पानी पर्न थालेको छ । अब तीन-चार दिनभित्र रोपाइँ भ्याउँछु,' उनले भने ।

हुलाकी सडकखण्डमा पर्ने औरही गाउँपालिका- ५ का उद् गार यादव आइतबार अपराह्न श्रीमतीसँग छिप्पिँदै गरेको धानको बिउ उखेल्न व्यस्त थिए । 'ढिलै भए पनि पानी परेको छ, छिप्पिएकै भए पनि रोप्न पाइयो भने कम्तीमा लगानी त उठ्ला कि,' उनले भने । सिराहाको दक्षिणी भेगमा हुलाकी सडकखण्डमा पर्ने भगवानपुर, नवराजपुर, औरही गाउँपालिका र सिराहा नगरपालिका क्षेत्रमा बर्खा

» पृष्ठ २ मा क्रमशः



पानी परेपछि रोपाइँका लागि खनजोत गरिँदै महोत्तरीको पिपरा गाउँपालिका- २, अल्लिपट्टीका किसान गोविन्द मिश्रको खेत । मिश्रले दुई बिघामा रोपाइँ गर्न ट्र्याक्टरले खेत जोताइरहेका छन् भने बिउ पनि काढ्न सुरु भएको छ । लामो समय वर्षा नहुँदा उनले यसअघि डिप बोरिङबाट पाँच कट्ठा खेतमा मात्र धान लगाउन सकेका थिए । तस्बिर : **रञ्जन भण्डारी**/नयाँ पत्रिका

■ अहिलेसम्म मधेशमा ५७.२८% मात्रै रोपाइँ

समयमै पर्याप्त वर्षा नहुँदा मधेशमा धान रोपाइँ बढ्न सकेको छैन । पछिल्लो एक सातामा मधेशमा रोपाइँ ६ प्रतिशतले बढेर ५७.२८ प्रतिशत पुगेको छ । ११ साउनसम्म ५१.८२ प्रतिशत रोपाइँ सकिएको थियो ।

कृषि मन्त्रालयका अनुसार १८ साउनसम्ममा देशभर ८३.८८ प्रतिशत मात्रै रोपाइँ भएको छ । मधेशमा खडेरीका कारण रोपाइँ प्रभावित हुँदा देशकै समग्र रोपाइँ प्रगति न्यून देखिएको छ । एक सातामा मधेशका किसानले नहर र डिप बोरिङबाट थोरै सिँचाइ गरेर रोपाइँ गरेका कारण उल्लेख्य प्रगति हुन नसकेको कृषि मन्त्रालयको भनाइ छ । यद्यपि, शनिबारदेखि भने मधेशमा समेत वर्षा हुन थालेका कारण रोपाइँ बढ्ने अपेक्षा गरिएको छ ।

मधेशबाहेक आइतबारसम्म कोशीमा ८९.०३ प्रतिशत, सुदूरपश्चिममा ९९.७२ प्रतिशत, कर्णालीमा ९६.४७ प्रतिशत, लुम्बिनीमा ९५.९६ प्रतिशत, गण्डकीमा ८८.९७ प्रतिशत र बागमतीमा ९२.९२ प्रतिशत रोपाइँ सकिएको कृषि मन्त्रालयले जनाएको छ । यो वर्ष १३ लाख ७८ हजार हेक्टरमा रोपाइँ हुने अनुमान छ । त्यसमध्ये ११ लाख ५६ हजार हेक्टरमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ ।

अविरल वर्षापछिको बाढीले ताप्लेजुङमा बेलिब्रिज बगायो

विराटनगर / केही दिनदेखिको अविरल वर्षाले कोशी प्रदेशका पहाडी जिल्लाको जनजीवन प्रभावित भएको छ। लगातारको वर्षापछि विभिन्न ठाउँमा पहिरो र बाढीले सडक अवरुद्ध बनाएका छन्। ताप्लेजुङमा बेलिब्रिज नै बगाएको छ।

कोशी प्रदेश प्रहरी विराटनगरका अनुसार पाँचथरको फालेलुङ गाउँपालिका- ५ लुदिनटारस्थित मुवाखोलामा आएको बाढीले फिदिम-फालोट सडकमा ह्युमपाइप बगाउँदा सडक पूर्ण रूपमा अवरुद्ध भएको छ। पाँचथरकै मिक्लाजुङ गाउँपालिका- ३ को थामथुम आरुबोटे-रवि सडकखण्डमा पहिरोले बाटो पूर्ण रूपमा अवरुद्ध छ।

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका- ६, रानीपुलमा रहेको ओलाङचुङगोला सदरमुकाम जाने सडकअन्तर्गत तमोर नदीमा रहेको बेलिब्रिज बगाएको छ। वैकल्पिक मार्ग नभएकाले यात्रु तथा मालसामान ढुवानीमा गम्भीर समस्या भएको छ।

चलखेलमा...

पृष्ठ १ बाट क्रमशः

एमालेको मतका कारण आइतबार रातिसम्म बसेको समिति बैठक विनानिष्कर्ष टुंगिएको हो। अर्को बैठक सोमबार बिहान ७ बजे बस्ने तय भएको छ।

प्रतिपक्षी दलका तर्फबाट समितिमा रहेका सदस्यहरूले राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडा, समिति सचिव सुरजकुमार दुरा, संसद्का महासचिव पदम पाण्डे, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरू उदय सापकोटा (अवकाश), फणीन्द्र गौतम, रविलाल पन्त र सहसचिव सुवास भट्टराईलाई दोषी किटान गरेर प्रतिवेदनमा खुलाउनुपर्ने अडान राखेका थिए। तर, कांग्रेस-एमालेबाट प्रतिनिधित्व गरेकाहरूले भने 'सामान्य मानवीय त्रुटि' उल्लेख गरेर प्रतिवेदनलाई अन्तिम रूप दिनुपर्ने दबाब दिएका थिए। जबकि समितिलाई 'दोषी किटान गरी प्रचलित कानुनबमोजिम कारबाहीका लागि सिफारिस गर्ने' कार्यादेश थियो।

समितिमा सभापति जीवन परियारसहित सत्तापक्षका चार र प्रतिपक्षका तीन सदस्य छन्। सत्तापक्षले बहुमतका आधारमा निर्णय गर्ने प्रयास पनि गरेको थियो। तर, प्रतिपक्षी सदस्यहरूले 'नोट अफ डिसेन्ट' लेख्ने चेतावनी दिएपछि सहमतिमै प्रतिवेदन टुंग्याउने बैठक स्थगित गरिएको थियो। 'बहुमतका आधारमा निर्णय गरियो भने हामी विपक्षीहरूले नोट अफ डिसेन्ट लेख्छौँ,' राप्रपा सांसद रोशन कार्कीले भनिन्।

आइतबार बिहान ७ बजे नै पहिलो चरणको बैठक बसेको थियो। दिउँसो १ बजेसम्म निष्कर्षमा नपुगेपछि खाना खानका लागि बैठक स्थगित गरिएको थियो। खाना खान निस्किएका सत्तापक्षका सदस्यहरू एमाले संसदीय दलको कार्यालयमा छलफलमा जुटेका थिए। एमाले मुख्य सचेतक महेश बर्तौलाको कार्यकक्षमा कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेसमेतको उपस्थितिमा दुई दलको बैठक बसेको थियो। उक्त बैठकमा घिमिरेले 'सिंगो संसद् नै संलग्न रहेको अवस्थामा क-कसको नाम किटान गर्ने ?' भनेर प्रश्न गरेका थिए। दुई दलको बैठकले कसैको नाम किटान नगरी 'सामान्य मानवीय त्रुटि' मात्रै उल्लेख गरेर प्रतिवेदनलाई अन्तिम रूप दिने निष्कर्ष निकालेको थियो।

एमाले-कांग्रेसका सदस्यहरू संसदीय दलको बैठकमा सहभागी हुँदा प्रतिपक्षी सदस्यहरू छानबिन समितिको बैठकका लागि प्रतीक्षा गरिरहेका थिए। २:३० बजेतिर सभापति परियारसहित सत्तापक्षका सदस्यहरू पुगेपछि पुनः छलफल सुरु भएको थियो। जुन छलफल रातिसम्म लम्बिए पनि सहमति निस्किएन।

समिति सभापति परियारले छानबिन प्रतिवेदन सहमतिमै ल्याउन प्रयासरत रहेको बताए। 'मलाई लाग्छ सबैको सहमतिमा साझा धारणासहित प्रतिवेदन ल्याउँछौँ,' उनले भने।

संघीय निजामती विधेयकको दफा ८२(४) को 'अवकाशप्राप्त वा राजीनामा दिएका कर्मचारीले दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी नियुक्ति नपाउने' कुलिङ पिरियडको प्रावधानलाई निष्प्रभावी बनाउनेगरी 'संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेक' भन्ने व्यवस्था उपदफा(५) मा परेपछि प्रतिनिधिसभाले विशेष समिति गठन गरेर छानबिन गरिरहेको छ। प्रतिनिधिसभाले छानबिन गर्न २३ असारमा सात सदस्यीय विशेष समिति बनाएको थियो। समितिमा सभापति परियारसहित सुशीला थिङ, ईश्वरी न्यौपाने, नारायण आचार्य, माधव सापकोटा, गणेश पराजुली र रोशन कार्की सदस्य छन्। २१ दिनको म्यादमा प्रतिवेदन तयार पार्न नसकेपछि सात दिन थपिएको म्याद पनि आइतबार सकिएको छ।

शीर्ष नेताको राय लिइएन

कुलिङ पिरियडको सन्दर्भमा समितिले शीर्ष नेताको सुझाव लिने भनिए पनि एमालेको असहमतिले हुन सकेन। सभापति परियारले भने शीर्ष नेताको सुझाव लिन सम्भव नभएको बताए। 'सुझाव लिने भनेको समितिमै हो। घर-घर जाने कुरा भएन। समयले सम्भव पनि भएन,' उनले भने।

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०४/१९

यस सा व उ स बाट संकलित खयर काठ ७४२.३८ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

ज्यान्टाङ पँधेराखोला सा. वन उपभोक्ता समूह, म्याग्दे २, तनहूँ।

Request For Proposal:
APPOINMENT OF STATUTORY AUDITOR FOR 2082-83

First Published Date : 04.08.2025

Everest Bank Limited invites proposal from qualified audit firms to conduct Statutory Audit and Tax Audit of the Bank. Interested firms are, therefore, requested to submit their detail Technical/Commercial proposal for the same at the following address within **15 days** from the date of publication of this notice.

Documents received after the deadline of the submission will not be considered for further evaluation. Sealed Bid should be submitted in person. Everest Bank Limited reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Documents Required:
Profile of the Audit firm
Certificate of Practice (COP) with renewal
FIRM Registration Certificate in ICAN
PAN/VAT registration certificate
Latest Tax clearance certificate

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
Consistent, Strong & Dependable

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८२/०४/१९

यस बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र यस बैंकको शाखा कार्यालय, हस्पिटललाईन, रुपन्देहीमा शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। उक्त बोलपत्र यो सूचना प्रकाशित भएको आठ (८) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, हस्पिटललाईन, रुपन्देहीमा दिनको ४:०० बजे खोलिनेछ। बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सोको भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ।

बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण :

१. रुपन्देही जिल्ला बुटवल न.पा वडा नं/नक्सा सिट १०/०९८११९९१५ स्थित कि.न. १७ को क्षे.फ. ११० (व.मि) भएको जग्गा तथा सो जग्गामा निर्माण भएको घर तथा सम्पूर्ण लिगलगापात समेत।

शिलबन्दी सम्बन्धि शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरुमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्था लाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पत्ति सकार गर्ने व्यक्ति/संस्था ले बाँकी रकम बैंकले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिन भित्र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. गैर बैंकिङ्ग सम्पत्तिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्तिहरु दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरुसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग काठमाडौं वा कुनैपनि शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

गोप्य शिलबन्दी खोल्ने मिति : २०८२/०४/२६ गते, सोमबार।
समय : दिउँसो ४:०० बजे।
स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, हस्पिटललाईन, रुपन्देही।

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

समावेशिताले...

पृष्ठ १ बाट क्रमशः

नेपाली सेनामा महिला प्रतिनिधित्व ९ प्रतिशतभन्दा धेरै छ। सेनाका अनुसार संगठनमा करिब नौ हजार महिला छन्। फौजी संगठनमा चुलोचौकामा सीमित महिलादेखि मधेशी समुदायका युवाको उपस्थितिमा समावेशिताको योगदान देखिन्छ।

राजनीतिक दलहरूले पार्टीका हरेक तह र तप्कामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्वलाई स्वीकार गरेका छन्। सबै दलमा यसको पूर्ण पालना नभए पनि महिलाको प्रतिनिधित्व भने बढ्दो नै छ। त्यस्तै, पछिल्लो स्थानीय तह निर्वाचन ०७९ मा १४ हजार चार सय ६६ महिला जनप्रतिनिधि निर्वाचित भए। कुल निर्वाचित ३५ हजार ९७ जनप्रतिनिधिमध्ये महिलाको हिस्सा ४१ प्रतिशत हुन आउँछ। त्यस्तै, संघीय निर्वाचनबाट ९१ महिला निर्वाचित भए। अर्थात्, अहिले संघीय संसद्मा ३३ प्रतिशत महिला सहभागिता छ। त्यस्तै, प्रदेश सभामा २१४ महिला निर्वाचित भएका छन्।

महिलालगायत किनारामा पारिएका वर्ग र समुदायलाई राज्यका अंगमा पहुँच पुर्‍याउने जागरण आरक्षणको व्यवस्थाले ल्याएको यससँग सरोकार राख्नेहरू बताउँछन्। बरु, सम्बन्धित वर्ग र समुदायमा पनि उपल्लो तप्काका केही समितिले मात्रै समानुपातिक समावेशी व्यवस्थाको लाभ लिएको भन्दै यसलाई आवश्यकता र वर्गीय आधारमा पुनरावलोकन गर्नुपर्ने तर्क भने उठ्ने गरेको छ। तर, यो व्यवस्थाको लक्ष्य नै पूरा नभएकाले प्रश्न उठाउने वेला नभएको अर्को थरी मत पनि छ। यद्यपि, दुवै पक्षले समावेशिताको आवश्यकतालाई भने जोड दिएका छन्।

प्रधानमन्त्री ओलीले 'समावेशिता काम छैन' भनेको कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी पनि थिइन्। उनी सीमान्तकृत मुस्लिम समुदायकी हुन्। प्रधानमन्त्री बोल्नुअघि सम्बोधन गरेकी उनले राजनीतिक दलहरूले चुनावमा महिलालाई प्रयोग गरेको आरोप लगाएकी थिइन्। महिलालाई जिताउने उद्देश्यभन्दा हराउनका लागि उठाउने गरेको उनले बताएकी थिइन्। प्रधानमन्त्रीले अन्सारीको भनाइको पनि खण्डन गरेका थिए।

नयाँ पत्रिकासँग कुरा गर्दै अन्सारीले समावेशी व्यवस्थामाथि प्रश्न उठाउने वेला नभएको बताइन्। 'हामीले जनसंख्याको हिस्साका आधारमा राज्यका निकायमा सहभागिता हुनुपर्छ भनेको हो,' उनले भनिन्, 'समावेशी व्यवस्थामाथि प्रश्न उठाउने वेला भएको छैन।' बरु, देशमा कति ठाउँमा, कहाँ, कुन नेतृत्वमा कुन वर्ग र समुदायको मान्छे छ, त्यसको विश्लेषण गर्नुपर्ने उनको माग छ। 'मन्त्रिपरिषद्मा कति महिला छन् ? राजदूत नियुक्ति गर्दा समावेशी समूहबाट कति लानुभो ? न्यायाधीश नियुक्तिमा समावेशिता लागू गर्नुभो ?' प्रश्न गर्दै उनले भनिन्, 'दलहरू नै समावेशी छैनन्।'

आफ्नो पद गुम्ने भयले राजनीतिक नेतृत्वले समावेशितामाथि प्रहार गरेको उनको टिप्पणी छ। 'बहिष्करण भनेको के हो ? विकासको मूल प्रवाहीकरणमा नपरेको, पिछडिएको समुदायको पीडा उहाँहरूलाई थाहै छैन। त्यसैले उहाँहरूको पार्टी नै समावेशी छैन,' अन्सारीले भनिन्, 'उहाँहरू समावेशीको नामै लिन चाहनुहुन्न। देश विकास कसरी हुन्छ ?' समावेशिता अनपढका लागि नभएको र जुन वर्ग, समुदायका लागि व्यवस्था गरिएको छ, उनीहरू प्रतिस्पर्धा गरेरै जानुपर्ने अवस्था रहेको बताउँछिन्।

राष्ट्रिय सभा सदस्य जयन्ती राई पनि समावेशी व्यवस्था पूर्ण कार्यान्वयन नै नभएकाले लक्षित वर्गाले लाभ पाउन नसकेको अवस्थामा यसको झन् खाँचो रहेको बताउँछिन्। 'समानुपातिक समावेशी संविधानले व्यवस्था गरेको हो। यसको पूर्ण कार्यान्वयन नै भएको छैन। लक्षित वर्गले अपेक्षित लाभ पाएकै छैन। भएकै व्यवस्थाको पूर्ण कार्यान्वयन नगरी कमजोर पक्ष देखाएर गलत सावित गर्न खोज्नु ठीक होइन, उनले भनिन्, 'अहिले नै यसमाथि प्रश्न उठाउनु नकारात्मक र प्रतिगमनकारी सोच हो। शासकहरूले नकारात्मक सोचेका छन्।'

समावेशी व्यवस्थामाथि अध्ययन गरेका राष्ट्रिय समावेशी आयोगका पूर्वअध्यक्ष रामकृष्ण तिमिल्सिना अहिले पनि राज्य संयन्त्रमा देशका ७४-७५ जातको उपस्थिति नै नरहेको भन्दै समानुपातिक समावेशी व्यवस्था आवश्यक भएको बताउँछन्। बरु, अब आवश्यकता र वर्गका आधारमा पुनरावलोकन भने गर्नुपर्ने उनको धारणा छ। 'समावेशिताकै कारण राज्य संयन्त्रमा सीमान्तकृत वर्ग र समुदायबाट उपस्थिति भएको छ। तर, आरक्षण भएको समूहभित्र तरमारा (क्रिमी लेयर) वर्गले आवश्यकताभन्दा बढी लाभ लिएकाले आवश्यक वर्गलाई मात्र त्यस्तो सुविधा प्रदान गर्नुपर्छ,' उनले भने, 'अहिले पनि राज्य संयन्त्रमा देशका ७४-७५ जातको उपस्थिति नै छैन। त्यसैले समावेशीकरण व्यवस्था पुनरावलोकन गर्नुपर्ने अवस्था छ।' यो व्यवस्था गर्दा नै १० वर्षमा पुनरावलोकन गर्ने भनिए पनि १८ वर्षसम्म नगरिएको पनि उनले बताए।

१७ वर्षमा २५ हजार २१८ निजामती कर्मचारी समावेशी विज्ञापनबाट पदपूर्ति

०६३ को अन्तरिम संविधानले समावेशी समानुपातिक व्यवस्था अँगालेपछि त्यसको कार्यान्वयनका लागि कानुनी व्यवस्था गरिएको थियो। संविधानबमोजिम निजामती सेवा ऐन संशोधन गरेर समावेशी विज्ञापनमा पदपूर्ति थालिएको थियो। लोकसेवा आयोगले ०६४/६५ देखि समावेशी विज्ञापनबाट सिफारिस थालेको थियो। उक्त आवमा नौ सय १८ जना ६ समावेशी समूहबाट सिफारिस भएका थिए। त्यसयता ०८०/८१ सम्मको १७ वर्षमा २५ हजार २१८ कर्मचारी समावेशी समूहबाट निजामती सेवामा प्रवेश गरेका छन्।

लोकसेवाको ६५औँ वार्षिक प्रतिवेदनअनुसार हालसम्म आठ हजार ६ सय महिला, ६ हजार सात सय ५७ आदिवासी जनजाति, पाँच हजार चार सय ९६ मधेशी, दुई हजार दुई सय ९० दलित, एक हजार एक सय ६१ अपांगता भएका र नौ सय १४ पिछडिएको क्षेत्रबाट आरक्षणको व्यवस्थाअन्तर्गत निजामती सेवामा प्रवेश गरेका छन्।

कार्यक्रममा ओलीको थप भनाइ यस्तो थियो

नो भोट आवश्यक छैन, कागजको खर्च मात्रै

प्रधानमन्त्री ओलीले नेपालमा 'नो भोट'को मागलाई असान्दर्भिक पनि भनेका छन्। यसले समाजलाई भड्काएर अराजकतातिर लान खोजेको टिप्पणी गरे।

'निर्वाचनको सन्दर्भमा केही-केही नो भोटको कुरा....। नहाले भइहाल्यो नि। नो भोट भन्न निर्वाचनको बुथमै जानुपर्छ ? घरमै बसे नो भोट भइहाल्यो नि। कसैलाई पनि भोट दिन्नँ भन्न बुथमै जाने भन्ने कुरा समाजलाई भड्काउने कुरा हो। यस्तो गरिरहनुपर्दैन। यो कुरा न संविधान, न कानुन न निर्वाचन आयोगले लेख्नुपर्छ। घरै बसे भइहाल्यो नि। त्यसलाई नो भोट भनेर अर्कै व्यवस्था गर्नुपर्ने म आवश्यक देख्दिनँ। कागजको खर्च, नो भोट भन्न उहाँ जानुपर्‍यो, समयको खर्च,' प्रधानमन्त्रीले भने।

कसैले चाहँदैमा बंगलादेश, श्रीलंका बन्न दिँदैनौँ

प्रधानमन्त्री ओलीले समाजलाई भड्काएर देशलाई बंगलादेश र श्रीलंका बनाउन चाहनेहरूको योजना पूरा हुन नदिइने पनि बताए। समाज र सामाजिक प्रबन्ध आफ्नै लयमा चल्ने भन्दै ओलीले त्यस्तो अवस्था नै नआउने दाबी गरे।

'ब्रह्माण्डदेखि सबै कुरा लयमा चलेको छ। ग्यालेक्सीभित्रका नक्षत्रहरू पनि लयमै चलेका छन्। लय बिग्रियो भने प्रलय हुन्छ। सामाजिक लय बिग्रिँदा सामाजिक प्रलय हुन्छ। कतिपयले यहाँ श्रीलंकाको कुरा गर्छन्। बंगलादेश बनाइदिन्छु भन्छन्। कसैले बंगलादेश बनाएर हुने हो ? बनाउँदैमा हुन्छ ?' उनले समाज र सामाजिक प्रबन्धलाई भड्काउन खोजेकोतर्फ इंगित गर्दै प्रश्न गरे, 'बनाउन त आधार तयार हुनुपर्छ। हामी यो सिस्टम ल्याउने, संविधान ल्याउने, डेमोक्रेसी ल्याउने, त्यसका लागि सेक्रिफाइस गर्ने मान्छे छँदैछौँ, हामी त्यस्तो हुन दिँदैनौँ। अहिले कुनै श्रीलंका, बंगलादेशको सम्भावना छैन।'

लोकतन्त्र जोगाउन र संस्थागत गर्न सरकार जुनसुकै मूल्य चुकाएर भए पनि कडा रूपमा प्रस्तुत हुने प्रधानमन्त्रीले चेतावनी दिए। 'हामी नरममा अत्यन्त नरम। डेमोक्रेसीका लागि त हामीले फेरि पनि टफमा जानुपर्ने पनि हुन सक्छ। प्रणाली बचाउनका लागि टफ पनि हुनुपर्छ। अहिले जो मान्छे संविधान र प्रणाली नै मान्दैनन्। त्यस्ता मान्छे पनि संसदमा छन् र तिनैले संसद् अवरोध गरिरहेका छन्,' प्रधानमन्त्रीले भने, 'उनीहरूलाई संसद् चाहिएकै छैन। कसैलाई अराजकता, कसैलाई राजतन्त्र चाहिएको छ त संसद् किन चाहियो ? त्यसकारण संसद् देख्न-सुन्न नै मान्दैन। भित्रै पसेर आगो लगाउने नियतका मान्छेहरू भएपछि प्रणालीमा समस्या हुँदैन ?'

सरकारको कार्यकारी अधिकारमाथि हस्तक्षेपको आरोप

लोकतन्त्रमा शक्ति पृथकीकरण हुने भए पनि सरकारको कार्यकारी अधिकारमाथि अदालतलगायतका निकायले अनावश्यक हस्तक्षेप गर्ने गरेको प्रधानमन्त्रीले आरोप लगाए। उनले कार्यकारी अधिकार नै कोसँग छ भन्ने द्विविधामा आफू पर्ने गरेको बताए। 'अहिले कस्तो छ भने सरकारको कार्यकारी अधिकार कहाँ छ भन्ने कुरा बुझ्नै गाह्रो छ। कहाँ छ, कहाँ छ। एउटा विकास गर्न खोज्यो, एक ठाउँबाट रोकिन्छ। अर्को राम्रो गर्न खोज्यो, अर्को ठाउँबाट रोकिन्छ। काम नगर्ने कर्मचारीलाई काम लगाउन खोज्यो काम नगरी बसाएर खान दिनू भन्ने आदेश आउँछ। भाषा अर्कै होला, अर्थ त्यही हुन्छ,' प्रधानमन्त्री ओलीले भने।

हुँदै नभएको...

पृष्ठ १ बाट क्रमशः

कार्यक्रम नै भयो। मन्त्री शाही पत्नी वसुना र स्वकीय अधिकृत भीम विष्टसहित घुमघाम गरेर फर्किए। अरू वेला वनमन्त्रीको विदेश भ्रमणका समाचार र सूचना सचिवालयको फेसबुक पेजबाट निरन्तर सम्प्रेषण गरिने भए पनि नर्वे भ्रमणमा सचिवालय पनि मौन बसेको थियो। मन्त्रीको टोलीसँगै प्रकृति संरक्षण कोष (एनटिएनसी)का सदस्यसचिव डा. नरेश सुवेदी र कार्यक्रम प्रबन्धक मधु क्षेत्री पनि नर्वे पुगेका थिए।

घुमघामको सबै चाँजोपाँजो सदस्यसचिव सुवेदीले मिलाएका हुन्। उनले नै युनिभर्सिटी अफ इनल्यान्ड, नर्वेका प्राध्यापक मोर्टेन ओडेनलाई निमन्त्रणा पठाउन लगाएर एनटिएनसीको खर्चमा मन्त्रीदम्पती र उनका पिएलाई घुमाएका हुन्। सरकारको संगठित संस्था एनटिएनसीको अध्यक्ष वनमन्त्री हुन्।

आगामी २ पुसमा सदस्यसचिव सुवेदीको कार्यकाल सकिँदै छ। नयाँ सदस्यसचिवका लागि दौडधुप सुरु भइसकेको छ। एनटिएनसीको सदस्यसचिव मन्त्रीले नियुक्त गर्ने व्यवस्था छ। मन्त्री शाहीलाई खुसी पार्न सदस्यसचिव सुवेदीले सबै खर्च व्यहोर्नेगरी 'अनावश्यक' कार्यक्रम मिलाएर नर्वे घुमाएको स्रोतले जनाएको छ।

विदेश भ्रमण जाँदा एनटिएनसीका अध्यक्ष (वनमन्त्री) र सदस्यसचिवले हरेक दिनको २५० डलर भत्ता पाउँछन्। यसबाहेक एनटिएनसीको प्रायोजनमा जाँदा बिलका आधारमा होटेलको खर्च व्यहोरिन्छ। आवश्यक परे अध्यक्षले दैनिक एक हजार डलर, सदस्यसचिवले सात सय डलर, अधिकृतले चार सय डलर आकस्मिक खर्च पाउँछन्।

सबै आर्थिक व्यवस्थापन एनटिएनसीले गरेको र मन्त्रालयले भ्रमणको टिप्पणी मात्रै उठाएको वन मन्त्रालयका अधिकारी बताउँछन्। 'यो भ्रमणमा मन्त्रालयबाट खर्च व्यहोरिएको छैन। सबै एनटिएनसीबाट हो, मन्त्रीज्यूको भ्रमण मन्त्रिपरिषद्बाट स्वीकृत गराउनुपर्ने भएकाले हामीले टिप्पणी मात्रै उठाएका हौँ,' ती अधिकारीले भने।

नर्वेमा रहँदा मन्त्री शाही नोरपार्ट परियोजनामार्फत युनिभर्सिटी अफ इनल्यान्ड, नर्वेमा स्नातकोत्तर र पिएचडी अध्ययनरत नेपाली विद्यार्थीको थेसिस डिफेन्स कार्यक्रममा सहभागी भएका थिए। त्यसबाहेक युनिभर्सिटी अफ इनल्यान्डका प्राध्यापक मोर्टेन ओडेनको आतिथ्यतामा ओप्पडालस्थित वाइल्ड रेनडियर सेन्टर र आर्कटिक फक्स प्रजनन केन्द्रको अवलोकन गरेका थिए भने आर्कटिक फक्स पुनर्स्थापना कार्यक्रम र रेनडियर पारिस्थितिकीबारे जानकारी लिएका थिए। मन्त्रिपरिषद्बाट भ्रमण १४ साउनसम्मका लागि स्वीकृत भए पनि मन्त्री शाही १६ साउनमा स्वदेश फर्किएका थिए।

वन मन्त्रालयका प्रवक्ता शिवकुमार वाग्लेले मन्त्री शाहीको भ्रमण सरकारी रहे पनि खर्च र भ्रमण टोलीमा रहेकाबारे आफूले नोटिस नगरेको बताए। 'कुन कार्यक्रम हो, को-को गए भनेर मलाई ठ्याक्कै थाहा भएन। यसबारे आइतबार वेबसाइटमै जानकारी आउँछ भनेर सूचना आएको छ,' उनले भने। तर, आइतबार रातिसम्म मन्त्रालयको वेबसाइटमा भ्रमणबारे कुनै सूचना राखिएको थिएन।

नर्वेमा नेपाली दूतावास छैन, डेनमार्कस्थित दूतावासले हेर्ने गर्छ। डेनमार्कका लागि पूर्वनेपाली राजदूत युवनाथ लम्सालले कुनै पनि मन्त्रीले एउटा कार्यक्रमका लागि मन्त्रिपरिषद्बाट स्वीकृति लिएर अर्को कार्यक्रममा जान नमिल्ने बताए। 'मन्त्रिपरिषद्बाट स्वीकृत गराउँदा जुन कार्यक्रम भनिएको छ, त्यही कार्यक्रममा जानुपर्छ। एउटा कार्यक्रम स्वीकृत गराएर अर्कोमा जान मिल्दैन,' उनले भने, 'मुख्य कार्यक्रममा सहभागी भएर साइडलाइनका अरू कार्यक्रममा भने जान सकिन्छ।' सम्बन्धित कार्यक्रममा सरकारले किन भाग लिनुपर्छ र मन्त्रीलाई किन पठाउने भनेर भ्रमण स्वीकृत गर्दा नै मन्त्रिपरिषद् स्पष्ट हुनुपर्ने उनले बताए।

पूर्वमुख्यसचिव विमल कोइरालाले कुनै कार्यक्रममा विदेश जाँदा/पठाउँदा मन्त्रीस्तरीय हो-होइन भनेर ख्याल गर्नुपर्ने बताए। 'कार्यक्रम कति महत्त्वपूर्ण छ, अन्य देशका मन्त्री आउँछन् कि आउँदैनन् भनेर प्रस्ट हुनुपर्‍यो,' उनले भने, 'विदेश भनेपछि जुन कार्यक्रममा पनि कुद्नु राम्रो होइन।'

भ्रमणबाट शुक्रबार मात्रै काठमाडौं आइपुगेका मन्त्री शाहीले आफू राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षको हैसियतले युनिभर्सिटी अफ इन्ल्यान्डको कार्यक्रममा सहभागी भएको बताए। तर, 'नर्वे टु इस्ट्रेन्थन कोअपरेसन' कार्यक्रम भनेर किन मन्त्रिपरिषद्बाट भ्रमण स्वीकृत गराउनुभएको भनेर जिज्ञासा राख्दा जवाफ दिन सकेनन। बरु, गोलमटोल प्रतिक्रिया दिए। 'नर्वे हाम्रो विकास साझेदार हो। म प्रकृति संरक्षण कोषको अध्यक्षको हैसियतले गएको हुँ। युनिभर्सिटी अफ इनल्यान्ड र एनटिएनसीबिच विद्यार्थी आदान-प्रदान भइरहेका हुन्छन्। यहाँका विद्यार्थी मास्टर्स र पिचएडी गरिरहेका छन्, त्यसको कार्यक्रमको थियो,' उनले भने, 'निर्वाचन आचारसंहिता लागू भएकाले मन्त्रीस्तरीय भेट भएन। जलवायु र परराष्ट्रका अधिकारीहरूसँग छलफल भयो।' तर, कुन तहका कर्मचारीसँग छलफल भयो भन्ने पनि उनले खुलाएनन्।

मन्त्रीदम्पतीलाई नर्वे घुमाउने चाँजोपाँजो मिलाएका एनटिएनसीका सदस्यसचिव सुवेदीले ताकेका छन् दोस्रो कार्यकाल

वनमन्त्री ऐनबहादुर शाही, उनकी पत्नी वसुना र स्वकीय अधिकृत भीम विष्टलाई नर्वे घुमघामको सबै चाँजोपाँजो प्रकृति संरक्षण कोष (एनटिएनसी)का सदस्यसचिव डा. नरेश सुवेदीले मिलाएका हुन्। उनले नै युनिभर्सिटी अफ इनल्यान्ड, नर्वेका प्राध्यापक मोर्टेन ओडेनलाई निमन्त्रणा पठाउन लगाएर एनटिएनसीको खर्चमा मन्त्रीदम्पती र उनका पिएलाई घुमाएका हुन्।

आगामी २ पुसमा सदस्यसचिव सुवेदीको कार्यकाल सकिँदै छ। नयाँ सदस्यसचिवका लागि दौडधुप सुरु भइसकेको छ। सुवेदी पनि दोस्रो कार्यकालका लागि कसरत गरिरहेका छन्। मन्त्री शाहीलाई खुसी पार्न सुवेदीले सबै खर्च एनटिएनसीबाट व्येहोर्ने गरी 'अनावश्यक' कार्यक्रम मिलाएर नर्वे घुमाएको स्रोतको भनाइ छ।

प्रकृति संरक्षण कोषको सदस्यसचिव आकर्षक पद हो। बेसिक (सेवासुविधाबाहेक) तलब मात्र मासिक दुई लाख रुपैयाँ हुन्छ। त्यही भएर वनबाट सेवानिवृत्त प्रशासक, एनटिएनसीमै कार्यरत र विभिन्न एनजिओमा संलग्नहरूको रोजाइ सदस्यसचिव हुने गरेको छ। कोषका अध्यक्षसमेत रहेका वनमन्त्रीले नै सदस्यसचिवको नियुक्ति गर्ने व्यवस्था राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा छ। त्यही भएर मन्त्री शाहीलाई सदस्यसचिव सुवेदीले घुम्ने कार्यक्रम बनाएर नर्वे लगेका हुन्।

पाँच सदस्यीय भ्रमण टोलीको सम्पूर्ण खर्च एनटिएनसीको रहेको एक अधिकारीले बताए। 'विवादित भएमा भोलि आफैँ खर्च व्यहोर्ने गरी मिलाउन सक्लान्। तर, सबै खर्च एनटिएनसीले व्यहोर्ने गरी सदस्यसचिवले भ्रमण मिलाउनुभएको हो,' ती अधिकारीले भने। एनटिएनसीका कर्मचारीहरू यसबारे औपचारिक रूपमा बोल्न मानेनन्। तर, वनमन्त्री शाहीले भने पत्नीलाई निजी खर्चमा लगेको दाबी गरे। बाहिर अनेकथरी हल्ला चल्ने गरे पनि आफ्नो कुनै स्वार्थ नरहेको र अध्यक्षका हैसियतले मात्रै गएको तथा त्यसका लागि कुनै दबाब नदिएको उनको दाबी छ। सदस्यसचिव सुवेदीले पनि वनमन्त्री एनटिएनसीका अध्यक्षका हैसियतमा भ्रमणमा गएको र अरू कुनै स्वार्थ नजोडिएको दाबी गरे। यसबारे भेटेर जानकारी गराउने उनले बताए।

एनटिएनसीमा सदस्यसचिवको कार्यकाल पाँच वर्षको रहने भए पनि अघिल्ला सदस्यसचिव शरदचन्द्र अधिकारीले साढे तीन वर्षमै राजीनामा दिएपछि सुवेदी १७ वैशाख ०८१ मा नियुक्त भएका थिए। उनलाई यसअघिका कोषका अध्यक्ष कृष्णप्रसाद ओलीले नियुक्त गरेका थिए। कोषमा वनमन्त्री अध्यक्ष र प्रधानमन्त्री संरक्षक हुने भए पनि केपी ओली अघिल्लोपटक प्रधानमन्त्री हुँदा तत्कालीन वनमन्त्री प्रेम आलेलाई जिम्मेवारी नदिई आफ्नो गृहजिल्लाका कृष्णप्रसाद ओलीलाई नियुक्ति दिएका थिए। तर, नियुक्तिमा फड्को मार्दै ओली राजदूतमा सिफारिस भएपछि वनमन्त्री शाहीले गत वर्ष ३२ साउनमा अध्यक्षको जिम्मेवारी पाएका थिए।

मधेशमा वर्षा...

पृष्ठ १ बाट क्रमशः

हुनुअगावै किसानले बोरिङबाट पानी सिँचाइ गरेर रोपेको धानका लागि वर्षाले त्राण भरेको औरही-१, दरहियाका रामकुमार यादवले बताए।

अधियाँमा धान खेती गरेर जीविका चलाउँदै आएका नरहा गाउँपालिका- ३ का नागेन्द्र मण्डलले पनि खडेरीका कारण सुकेको डेढ बिघा धानलाई वर्षाले राहत भएको बताए। 'खडेरीले धान नफले के खाने भन्ने चिन्ता थियो, नफले पनि खेतधनीलाई दिनैपर्थ्यो,' उनले भने, 'पानीले थोरबहुत भए पनि फल्ने आशा जागेको छ।'



सिराहाको गोलबजार नगरपालिका- ८ का किसान आइतबार रोपाइँ गर्दै

०००

यो बर्खामा अहिलेसम्म मधेशले चर्को खडेरी भोगे पनि समग्र देशमै वर्षा कम भयो। शनिबारदेखि मात्रै देशभर एकैसाथ मनसुन सक्रिय हुन थालेको हो। सरदरभन्दा दुई साताअघि १६ जेठमै मनसुन भित्रिए पनि सक्रिय नहुँदा खण्डवृष्टि मात्रै थियो। शनिबारबाट देशभर भइरहेको वर्षा मंगलबार रातिसम्मै रहने आकलन छ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार यसपटक मनसुनी रेखा पूर्वदेखि पश्चिमसम्म एकैसाथ नेपालनजिक आएको पहिलोपटक हो। 'मनुसनी रेखा यसअघि कहिले पूर्व, कहिले पश्चिममा नेपालनजिक आइरहेको थियो। त्यही भएर पनि देशभर वर्षा भएको थिएन,' मौसम पूर्वानुमान महाशाखाका मौसमविद् विनु महर्जनले भनिन्, 'अहिले पूर्वदेखि पश्चिमसम्म एकसाथ नेपालनजिक आउँदा मनसुन सक्रिय भएको हो।' मनसुनको न्यूनचापीय रेखा दिल्ली-कोलकाता लाइनमा बस्दा नेपालमा खासै वर्षा हुन सकेको थिएन। यो रेखा आइतबार बिहार-उत्तरप्रदेश लाइनमा छ, कुनै-कुनै ठाउँमा नेपालको सीमामा छ।

बाढी पूर्वानुमान महाशाखा प्रमुख विनोद पराजुलीले देशभर एकसाथ पानी पर्न थालेपछि ठुला नदीमा पनि बहाव बढ्न थालेको बताए। 'यसपटक कोशी, नारायणी, कर्णाली र महाकालीमा बहाव सतर्कता तहसम्म पुगेकै थिएन। बल्ल बर्खा लागेझैँ भएर पानी परिरहेको छ,' उनले भने, 'साना र मझौला नदीमा बाढीको जोखिम छ भने ठुला नदीमा पनि सतर्कता तह नाघ्न सक्ने देखिन्छ।'

यसपटकको वर्षा खासगरी चुरे र महाभारत शृंखलामा अझ बढी पर्ने देखिन्छ। 'आइतबार देशभर नै वर्षा भएकाले लगभग सबै स्टेसनमा वर्षा रेकर्ड हुने देखिन्छ,' मौसमविद् महर्जनले भनिन्, 'यसअघि खण्डवृष्टि भइरहेको थियो। अहिले देशभर एकसाथ पानी पर्न थालेको छ, किसानलाई पनि राहत भएको छ। तर, बाढीपहिरोको जोखिम पनि छ।'

मंगलबार रातिसम्म मनसुन सक्रिय हुने, बागमती, गण्डकी र लुम्बिनीकेन्द्रित वर्षा

आइतबारबाट बागमती, गण्डकी र लुम्बिनीकेन्द्रित वर्षा भइरहेको छ। सोमबार पनि यी प्रदेशमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् विनु महर्जनले बताइन्। 'देशभर वर्षा भइरहेको छ। तर, धेरै वर्षा भने मध्य र पश्चिम नेपालमा भइरहेको छ,' उनले भनिन्।

आइतबार रातिसम्म (अप्रशोधित तथ्यांक)मा सबैभन्दा धेरै वर्षा झापाको अनारमनी बिर्ताबजारमा १५१.६ मिलिमिटर भएको छ। त्यस्तै, झापाकै चन्द्रगढीमा १२६.२ र दमकमा १२१.२, उदयपुरको गाईघाटमा १३४, सप्तरीमा ९२, सिराहामा ८५.५, रौतहटको गौरमा ६५.६ मिलिमिटर वर्षा मापन भएको छ। बाँकेको भगवानपुरमा १०८.२, बर्दियाको बुढीआममा ९५.६, लमजुङको खुदी बजारमा ९४.२, डडेल्धुरामा ९३.८ बागलुङमा ९३ मिलिमिटर वर्षा भएको छ। अन्य क्षेत्रभन्दा पूर्वी नेपालको पहाडी जिल्ला तथा कर्णाली र सुदूरपश्चिममा भने कम वर्षा रेकर्ड भएको छ। सोमबार देशका धेरै ठाउँमा वर्षा हुने आकलन महाशाखाले गरेको छ।

कटारीको विवादित २३ बिघा जग्गा पुनः जाँचबुझ गर्न सर्वोच्चको परमादेश

मालपोत र वनको निर्णयमा प्रक्रियागत त्रुटि भएको भन्दै उच्चको आदेश बदर, निवेदकलाई पुनः सुनुवाइको मौका दिन आदेश

नवराज मैनाली/ नयाँ पत्रिका

उदयपुरको कटारीस्थित विवादित २३ बिघा जग्गाको पुनः जाँचबुझ गरी निर्णय लिन सर्वोच्च अदालतले परमादेश दिएको छ। यसअघि सो जग्गा वनको भएको भन्दै मालपोत कार्यालयले दर्ता बदर गरी सरकारको नाममा ल्याएको थियो। सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र सुनील पोखरेलको इजलासले विगतमा वन र मालपोत कार्यालयबाट निर्णय गर्दा प्रक्रिया पूरा नगरेको तथा सुनुवाइको पर्याप्त मौका नदिएको भन्दै फेरि निर्णय गर्न भनेको हो।

जग्गाको दर्ता बदर गर्ने मालपोत र वन कार्यालयको निर्णयविरुद्ध परेको रिटमा उच्च अदालतले खारेज गरिदिएको थियो। त्यो फैसलाविरुद्ध परेको पुनरावेदनमा सर्वोच्चद्वारा गत ११ जेठमा उल्टी हुने फैसला भएको थियो। फैसलाको पूर्णपाठ आइतबार सार्वजनिक भएको हो।

सर्वोच्चले निवेदकहरूलाई सुनुवाइको मौका दिन भनेको छ। 'अब विवादित जग्गाहरू मिति २०२९/६/१६ र २०२९/६/१८ गते दुई चरणमा यी निवेदकहरूका नाममा दर्ता गर्दा लिइएका आधार प्रमाण तथा मिति २०७२/६/१४ मा जिल्ला वन कार्यालय उदयपुरले निवेदकहरूको दर्ता बदर गरी सरकारका नाममा दर्ता हुने भनी निर्णय गर्दा लिएका आधार प्रमाणहरूको जाँचबुझ गरी वनजंगलको स्थिति बुझी, जग्गाको स्रोत र पुर्जासमेत हेरी तथा निजहरूको बसोबासको अवस्थासमेत मध्यनजर गरी यी निवेदकहरूलाई सुनुवाइको मौका प्रदान गरी विवादित जग्गा नेपाल सरकारको नाममा दर्ता हुने ? वा यी निवेदकहरूको दाबी के कुन हदसम्म पुग्ने हो भन्ने सम्बन्धमा जे-जे बुझ्नुपर्छ बुझी सामुदायिक वनको प्रतिनिधि, स्थानीय तह, आवश्यक परेमा प्रशासनको समेत सहयोग लिई कानुनबमोजिम निर्णय गर्नु भनी जिल्ला वन कार्यालय उदयपुर तथा मालपोत कार्यालय कटारीको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ,' फैसलामा छ।

मालपोत कार्यालयले लगत कट्टा गर्दा प्रक्रिया पूरा नगरेको सर्वोच्चको ठहर छ। 'यसरी विवादित जग्गाहरू रहेको स्थानमा एकातर्फ वर्षौं पुराना रुखहरू रहेको जंगलसमेत भन्ने देखिन्छ भने अर्कोतर्फ सोही स्थानवरपर निवेदकहरूसमेतको घर, पसल, व्यापार व्यवसायसमेत रही विवादित जग्गाहरू लामो समयदेखि निवेदकको नाममा दर्तासमेत गरेको देखिन्छ,' फैसलामा भनिएको छ, 'नेपालको संविधानको धारा २५ ले नागरिकको निजी सम्पत्तिको संरक्षण गरेको छ भने जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ ले सार्वजनिक प्रयोजनका लागि भए पनि व्यक्तिको सम्पत्ति प्राप्त गर्दा निश्चित प्रक्रिया र सर्तहरू तोकेको पाइन्छ।'

मालपोत र वन कार्यालयले निर्णय गर्दा प्रक्रियागत त्रुटि गरेको भन्दै सर्वोच्चले उच्चको आदेश बदर गरी पुनः सुनुवाइको मौका दिन भनेको हो। 'यसरी विवादित जग्गाहरू निवेदक/पुनरावेदकहरूको साबिकदेखिको दर्ता तिरोको हो-होइन, निवेदक/पुनरावेदकहरूले नापीमा दर्ता गराउँदा के-कस्तो आधार लिइएको थियो, सामुदायिक वनजंगल कायम गर्दा के कति जग्गा कहिले हस्तान्तरण गरेको हो, व्यक्तिको नाममा दर्ता नभई वनजंगल कायम गर्नुपर्ने आधारहरूसमेत के हुन् ? भन्नेजस्ता सम्पूर्ण कुराहरूसमेत बुझी निर्णय गर्नुपर्नेमा जिल्ला वन कार्यालय उदयपुरबाट २०७२/६/१४ को निर्णयको आधारमा मालपोत कार्यालय कटारीबाट २०७२/९/९ मा लगत कट्टाको निर्णय गर्दा माथि उल्लेखित यावत् कुरा बुझी निर्णय गरेको देखिन आएन,' फैसलामा भनिएको छ।

कटारी नगरपालिका- २ मा पर्ने सो जग्गा ०२९ मा लक्ष्मीप्रसाद अधिकारीलगायतको नाममा दर्ता भएको थियो। वनको जग्गा गैरकानुनी रूपमा व्यक्तिको नाममा दर्ता भएको उजुरीका आधारमा वन कार्यालयले छानबिन गरी ०७३ मा दर्ता खारेज गरेको थियो। त्यसविरुद्ध जग्गाको दाबी गर्नेहरू उच्च अदालत ओखलढुंगा पुगेका थिए। तर, उच्चले उनीहरूको रिट खारेज गरिदिएको थियो। उच्चको फैसलाविरुद्ध सर्वोच्चमा परेको उत्प्रेषणको निवेदनमा सर्वोच्चले पुरानो फैसला उल्ट्याएको हो। सर्वोच्चले फैसला उल्ट्याएसँगै जग्गा व्यक्तिको नाममा जाने डरले स्थानीयहरू फैसलाप्रति असन्तुष्ट बनेका थिए। सर्वोच्चले फैसलाको पूर्णपाठमा थप जाँचबुझ गरेर मात्र निर्णय गर्न भनेको छ।

सिद्धिचरण मार्ग (मिर्चैया-ओखलढुंगा)सँगै जोडिएको २३ बिघा आठ कट्ठा ६ धुर जग्गाको मूल्य करोडौँ पर्दछ। जुन जग्गाको विषयमा विगतमा पटक-पटक छानबिन र जाँचबुझसमेत भएको थियो। जग्गाको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत छानबिन गरेको थियो। अख्तियारले यस विषयमा छानबिनका लागि २१ भदौ ०६९ मा जिल्ला वन कार्यालय, उदयपुरलाई पत्राचार गरेको थियो। सोही आधारमा वरिष्ठ वन अधिकृत (उपसचिव) वासुदेव झाको नेतृत्वमा प्रारम्भिक छानबिन भयो। सो समितिले सार्वजनिक सुनुवाइ कार्यक्रम राख्नेदेखि स्थलगत जाँचबुझ मुचुल्कासमेत बनाएर छानबिन गर्दा त्यहाँ सयौँ वर्ष पुराना सालका रुख रहेको, व्यक्तिहरूले भोगचलन नगरेको र वन क्षेत्रको जग्गा गैरकानुनी रूपमा व्यक्तिका नाममा दर्ता गराएको प्रतिवेदन दिएको थियो।

पछि ०७० मा पनि सहायक वन अधिकृत परमेश्वर यादवको नेतृत्वमा जाँचबुझ भएको थियो। जसले ३२ असार ०७१ मा प्रतिवेदन बुझाउँदै गैरकानुनी रूपमा राष्ट्रिय वनको जग्गा दर्ता गराएको भन्दै खारेजीका लागि सिफारिस गरेको थियो। २ जेठ ०७१ मा सहायक वन अधिकृत यादवलाई नै अनुसन्धान अधिकृत तोकेर वन कार्यालयले विस्तृत छानबिन अघि बढाएको थियो। जसको प्रतिवेदनमा मालपोत कार्यालय कटारीले ०२९ को सर्भे नापी हुँदा राष्ट्रिय वन क्षेत्रको जग्गा दर्ता गर्न नेपाल सरकारको स्वीकृति लिएको पुस्ट्याइँ हुन नसकेको उल्लेख छ। व्यक्तिको नाममा लगिएको जग्गाको बिचमा रहेको कित्ता नम्बर ७ मा घना जंगल नै रहेको र सोही प्रकृतिको वनक्षेत्र रहेका जग्गा व्यक्तिहरूले भोगचलन नगरेको, वन पैदावारसम्बन्धी कुनै कारोबार नभएको र दर्ता हुनुअघिको स्पष्ट आधार देखाउन नसकेको भन्दै दर्ता खारेज भएको थियो।



■ वनको जग्गा दर्ता गरेको पाइएमा स्वतः बदर हुने प्रावधान

वन ऐनमा वनको जग्गा कसैले दर्ता गरेको पाइएमा स्वतः बदर हुने प्रावधान छ। सोही ऐनअनुसार वन कार्यालयको सिफारिसमा मालपोत कार्यालय कटारीले १७ वैशाख ०७३ मा व्यक्तिको नामको दर्ता बदर गर्दै नेपाल सरकारको राष्ट्रिय वनमा स्रेस्ता कायम गरेको थियो। मालपोतको निर्णयविरुद्ध रिटमार्फत जग्गा दर्ता गराउनेहरू उच्च अदालत ओखलढुंगा गएका थिए। जसमा २० असार ०७५ मा न्यायाधीशद्वय टेकराज नेपाल र दीपेन्द्रबहादुर बमको इजलासले रिट खारेज गरिदिएको थियो। उच्चको फैसलाविरुद्ध ६ वैशाख ०७६ मा सर्वोच्चमा परेको रिट निवेदन परेकोमा करिब ६ वर्षपछि फैसला भएको छ। जसअनुसार अब वन र मालपोत कार्यालयले सो जग्गाको विषयमा पुनः जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ। ०२९ असोजमा जग्गा लक्ष्मीप्रसाद अधिकारीको नाममा दर्ता भएको थियो। सो जग्गा हाल लक्ष्मीप्रसादसहित गोकर्णराज अधिकारी, गणेशकुमार अधिकारी, श्यामबाबु अधिकारी, हरिप्रसाद अधिकारी, हिरामाया लामिछाने, तीर्थमाया तामाङ, सावित्रा न्यौपाने, मदनकुमार अधिकारी, श्यामसुन्दर मकाजू र भीमप्रसाद गौतमको नाममा छ। कित्ता नम्बर १, २, ३, ४, ५, ६, ८, ९, १०, ११ र १२ व्यक्तिको नाममा दर्ता गरिएको थियो। बिचमा रहेको कित्ता नम्बर ७ मा रहेको १० बिघा १६ कट्ठा जग्गा भने नेपाल सरकारकै नाममा छ। कित्ता नम्बर १ देखि १२ सम्मको जग्गामा उस्तै प्रकृतिको घना जंगल छ। सो जग्गा संरक्षणका केही स्थानीयले पनि संघर्ष गर्दै आएका छन्।

बागमतीका मुख्यमन्त्री लामाले दिए राजीनामा

प्रदेश प्रमुख देवकोटा हेटौँडा आएपछि नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढ्ने

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले राजीनामा दिएका छन्। आइतबार साँझ पत्रकार सम्मेलनमार्फत उनले राजीनामा दिएका हुन्। राजीनामा घोषणा गरेलगत्तै उनी काठमाडौं प्रस्थान गरेका छन्। उनले राजीनामापत्र प्रदेश प्रमुखलाई बुझाउने जिम्मा प्रमुख स्वकीय सचिव छत्रबहादुर लामालाई दिएका छन्।

प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा स्वास्थ्य उपचारका लागि काठमाडौं रहेकाले सोमबार मात्र राजीनामा बुझाइने मुख्यमन्त्री लामाले बताए। 'मैले राजीनामापत्रमा हस्ताक्षर गरिसकेको छु र सार्वजनिक रूपमा घोषणा पनि गरेको छु,' उनले भने, 'प्रदेश प्रमुखज्यू उपचारमा हुनुभएकाले सोमबार मात्र मेरा प्रमुख स्वकीय छत्र लामाले राजीनामापत्र बुझाउनेछन्। उहाँ आउनुभए भेटेर राजीनामा बुझाइनेछ, नभए कार्यालयमा दर्ता गरेर छाड्ने गरी निर्देशन दिएको छु।'

९ साउन ०८१ मा मुख्यमन्त्री बनेका लामाले करिब एक वर्ष सरकारको नेतृत्व गरे। कांग्रेस बागमती संसदीय दलको निर्वाचनमा इन्द्रबहादुर बानियाँसँग पराजित भएपछि पार्टी सभापति शेरबहादुर देउवाको निर्देशनअनुसार उनले राजीनामा दिएका हुन्। कांग्रेस विधानमा संसदीय दलको नेता नै मुख्यमन्त्री रहने व्यवस्थाका कारण दलको नेतामा पराजित भएपछि लामामाथि पदबाट राजीनामा दिन दबाब परेको थियो।

बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा हेटौँडा आएलगत्तै नयाँ सरकार गठनको प्रक्रिया सुरु हुने भएको छ। आइतबार साँझ अस्पतालबाट डिस्चार्ज भएका उनी सोमबार बिहान सिमरा हुँदै आउने देवकोटाका प्रेस सल्लाहकार सरिता दाहालले बताइन्। बिहीबार एक्कासि स्वास्थ्यमा समस्या देखिएपछि प्रदेश प्रमुख देवकोटा काठमाडौंस्थित ग्रान्डी अस्पताल भर्ना भएका थिए। जसकारण मुख्यमन्त्री बहादुरसिंह लामाले नियुक्त गरेका तीनजना मन्त्रीको शपथ रोकिएको थियो। प्रदेश प्रमुख देवकोटा हेटौँडा आएपछि मुख्यमन्त्री लामाले दिएको राजीनामा बुझ्ने उनको सचिवालयले जनाएको छ। लगत्तै नयाँ मुख्मयन्त्री नियुक्त र सरकार गठनको प्रक्रिया सोमबारबाटै सुरु हुनेछ।

राजनीतिक षड्यन्त्रका कारण सरकार परिवर्तन भयो

■ **बहादुरसिंह लामा, मुख्यमन्त्री**



मुख्यमन्त्री बहादुरसिंह लामाले आफू नेतृत्वको सरकार ढालिनुको पछाडि गम्भीर राजनीतिक षड्यन्त्र रहेको आरोप लगाएका छन्। उनले आफू नेतृत्वको सरकार परिवर्तनले लोकतान्त्रिक मूल्य-मान्यताको अपमान र स्थायित्वको खिल्ली उडाएको दाबी गरेका छन्। 'मेरो नेतृत्वमा रहेको कांग्रेस-एमालेको गठबन्धन सरकार ढल्नुमा राजनीतिक षड्यन्त्रले काम गरेको छ। अहिलेको सरकारको मुख्य उद्देश्य राजनीतिक स्थिरता र जनतामा आशा र विश्वास जगाउनु थियो,' उनले भने, 'तर, त्यही गठबन्धनको सरकारलाई सहमतिअनुसार टिक्न नदिएर लोकतान्त्रिक मूल्य-मान्यताको अपमान र स्थायित्वको खिल्ली उडाएको छ।' लामाले संविधानको धारा १६८ (२) बमोजिम गठबन्धनको समर्थनमा सरकार बनेको भएकाले संवैधानिक दायित्वबाट भाग्ने छुट आफूलाई नरहेको बताए। उनले आफूले इमानदारीपूर्वक काम गरेको र कुनै भ्रष्टाचार वा स्वार्थको इसारामा नचलिएको स्पष्ट पारे। मुख्यमन्त्रीबाट कस्तो र कुन स्वार्थ समूहको आदेशमा हटाइएको हो भन्ने कुरा उनले खुलाउन चाहेनन्।

कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गरेपछि आफू सोहीअनुसार अगाडि बढ्ने बताएका छन्। उनले मुख्यमन्त्री लामाको राजीनामा स्वीकृत हुन बाँकी नै रहेको बताए।

संक्षेप

प्रधानमन्त्री तुर्कमेनिस्तान प्रस्थान



काठमाडौं/ प्रधानमन्त्री केपी ओली आइतबार तुर्कमेनिस्तान प्रस्थान गरेका छन्। तुर्कमेनिस्तानको अवाजामा संयुक्त राष्ट्रसंघद्वारा आयोजित भूपरिवेष्टित मुलुकहरूको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन ओली त्यसतर्फ प्रस्थान गरेका हुन्। विमानस्थलमा कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहसहित मन्त्रीहरू र सरकारी उच्च अधिकारीहरूले प्रधानमन्त्री ओलीलाई बिदाइ गरे। २० देखि २३ साउनसम्म हुने सम्मेलनमा तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बेरदिमुहामेदोभ र राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली त्यसतर्फ प्रस्थान गरेको उनको सचिवालयले जनाएको छ। सम्मेलनमा अतिकम विकसित राष्ट्रहरूको विश्वव्यापी समन्वय ब्युरोको अध्यक्षका रूपमा समेत ओलीले सम्बोधन गर्नेछन्। उनले सम्मेलनको एक उच्चस्तरीय गोलमेच बैठकको सहअध्यक्षताका साथै अन्य विविध कार्यक्रममा पनि सम्बोधन गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ।

पहिलोपटक महिला प्रहरी सम्मेलन गर्दै नेपाल प्रहरी

काठमाडौं/ महिला प्रहरीको क्षमता सबलीकरण र महिलामैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउने उदेश्यले नेपाल प्रहरीले पहिलोपटक महिला प्रहरी सम्मेलन आयोजना गर्ने भएको छ। देशभरि कार्यरत सबै तहका महिलालाई काठमाडौंमा भेला गरी सम्मेलन आयोजना हुन लागेको हो। प्रहरी प्रवक्ता डिआइजी विनोद घिमिरेका अनुसार आगामी ५ र ६ भदौमा महिला प्रहरी सम्मेलनको तयारी भइरहेको छ। आन्तरिक तयारी भइरहेको भए पनि औपचारिक घोषणा भइनसकेको उनले बताए। सम्मेलनका लागि अपराध अनुसन्धान विभागका एआइजी राजन अधिकारीको नेतृत्वमा आयोजक समिति गठन गरिएको छ। समितिमा डिआइजी सञ्जीव शर्मा दास, एसएसपीहरू सानुराम भट्टराई, तारादेवी थापा र वसन्त रजौरे र एसपी ऋषिराम कँडेल सदस्य छन् भने एसपी वसुन्धरा खड्कालाई सदस्यसचिव तोकिएको छ। लैंगिक समानता र लैंगिक न्यायलाई मूल प्रवाहीकरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। देशभरबाट करिब दुई सय महिला प्रहरी भेला गर्न लागिएको छ।

पोखराको लिचीघारी जग्गा प्रकरण : लामा एमालेबाट निलम्बित

कास्की/ पोखरा महानगरपालिका- १६, बाटुलेचौरस्थित चर्चित लिचीघारी जग्गा प्रकरण र घुस लेनदेनमा मुछिएका सुजन लामालाई एमालेले पार्टीबाट निलम्बन गरेको छ। एमालेको गण्डकी प्रदेश कमिटीका सल्लाहकारसमेत रहेका उनलाई प्रदेश कमिटीको आइतबार सम्पन्न बैठकले तीन महिनाका लागि निलम्बन गर्ने निर्णय गरेको सचिव धनञ्जय दवाडीले बताए। उनका अनुसार लामाको विषयमा सरोकारवाला निकायहरूले छानबिन गरिरहेको र आगामी तीन महिनामा त्यसको छिनोफानो भइसक्ने अनुमान गरी निलम्बन गरेको उनको भनाइ छ। पोखरा- १६ स्थित लिचीघारीको १३५ रोपनी जग्गाको स्वामित्वको विषयसँगै कास्कीका तत्कालीन मालपोत कार्यालयका प्रमुख रामचन्द्र अधिकारीको सरुवा रोक्न तत्कालीन सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तासँग ५३ लाख र भूमि आयोग कास्कीको अध्यक्षमा खेम पुनलाई नियुक्ति गर्न २५ लाख रुपैयाँ घुस प्रस्ताव गरेको अडियो सार्वजनिक भएपछि लामा विवादमा आएका थिए।

पतञ्जली जग्गा प्रकरणमा उपस्थित दुवैजनासँग धरौटी माग

काठमाडौं/ पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीको जग्गा कम मूल्यमा किनी बढीमा बेचेको अभियोग लागेका दुई प्रतिवादी आइतबार विशेष अदालतलमा उपस्थित भएका छन्। दुवैजनासँग धरौटी मागको आदेश भएको विशेषले जनाएको छ। 'प्रेमबहादुर सिंहसँग ५० हजार र शालिग्राम सिंहसँग ३५ लाख धरौटी मागको आदेश भएको छ,' विशेषका सूचना अधिकारी यज्ञराज रेग्मीले भने। उनीहरू दुवैको निवेदनमाथि विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले यस्तो आदेश गरेको हो। प्रतिवादीमध्ये प्रेमबहादुर तत्कालीन कानुनमन्त्री हुन्। उनी मन्त्रिपरिषद्को विधेयक समितिका तत्कालीन सदस्य थिए। शालिग्राम नेपालमा पतञ्जली कम्पनीका मुख्य भई कामकाज गर्ने संस्थापक सदस्य हुन्।

संवैधानिक इजलासमा पनि गोलाप्रथाबाटै न्यायाधीश तोक्न सर्वोच्च बारको सुझाव

नयाँ पत्रिका



प्रकाशमानसिंह राउत
प्रधानन्यायाधीश

बार एसोसिएसनले संवैधानिक इजलासमा न्यायाधीश तोक्दा गोलाप्रथाबाट तोक्नुपर्ने सुझाव दिएको छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतलाई आइतबार भेटेर सर्वोच्च बारले यस्तो सुझाव दिएको हो। 'हामीले संवैधानिकको नेतृत्व प्रधानन्यायाधीशले गरिहाल्नुहुन्छ। बाँकी चारजनाका लागि न्यायपरिषद्ले बनाएको रोस्टरका न्यायाधीशबिच गोलाप्रथा हुनुपर्ने सुझाव दिएका छौँ,' सर्वोच्च बारका एक पदाधिकारीले भने।

सबै अदालत तथा इजलास गोला प्रणालीमा गइसकेकाले सर्वोच्च बारले यस्तो माग गरेको जनाएको छ। सर्वोच्च बारका ती पदाधिकारीका अनुसार वरिष्ठ मात्र भए भने विविधता नहुने तथा इजलासका फैसलामाथि पनि प्रश्न उठेकाले यस्तो माग गरिएको हो। फरक विज्ञता भएका न्यायाधीशको राय पनि फरक हुने, सबै न्यायाधीशले संवैधानिक विवादमा आफ्नो फैसला दिन पाउने भन्दै सर्वोच्च बारबाट यस्तो माग भएको उनले बताए।

न्यायपरिषद्ले वरिष्ठताका आधारमा नौजनाको रोस्टर बनाएको छ। जसमा सबै वरिष्ठ न्यायाधीशहरूको नाम क्रमशः छ। पछिल्लोपटक तत्कालीन सरकारले दुईपटक अध्यादेश ल्याई गरेका ५२ संवैधानिक पदाधिकारी नियुक्तिको विषयमा दिएको निर्णयपछि संवैधानिक इजलासको औचित्य र फैसलामाथि प्रश्न उठेको छ। अमुक दलनिकट न्यायाधीश भएको र फैसलमा पनि त्यो प्रतिबिम्बित हुने गरेको आरोप न्यायालयमाथि छ।

यसैगरी, रिट र पुनरावेदन दर्तामा पनि ढिलासुस्ती र कठिनाइ भइरहेको भन्दै यसलाई सहज बनाउन माग गरिएको छ। सर्वोच्च बारले दर्ता गराउन आएका कानुन व्यवसायी वा निवेदकलाई टाइम कार्ड दिँदै २४ घण्टाभित्र दर्ता वा दरपिठको सूचना दिनुपर्ने माग गरेको हो। हाल हप्तासम्म पनि दर्ता नगरिदिने र निवेदनउपर कुनै निर्णय नगरिदिने प्रवृत्ति हटाउन यस्तो माग गरिएको बारको भनाइ छ।

साथै, राष्ट्रपतिलाई बुझाइने वार्षिक प्रतिवेदनमा पनि केही थप गर्नुपर्ने माग गरिएको छ। फैसलाको संख्या प्रतिवेदनमा उल्लेख रहे पनि पूर्णपाठ लामो समय तयार नहुने गरेकाले यस्तो माग गरिएको सर्वोच्च बारले जनाएको छ। 'हाम्रो माग भनेको फैसला भएको तीन महिनाभित्र पक्षले फैसलाको प्रमाणित प्रतिलिपि पाउनुपर्छ भन्ने हो। कति फैसला भएकोमा कति तयार भए, कति बाँकी छन् पनि प्रतिवेदनमा खुलाउनुपर्‍यो। प्राप्त गर्नै नसकिएको फैसलाको संख्या मात्र देखाएर के अर्थ ?' ती पदाधिकारीले भने।

मुद्दाको प्राथमिकता क्रमलाई केही परिमार्जन गर्नुपर्नेसमेत आफूहरूले औँल्याएको ती पदाधिकारीले बताए। हाल थुनुवा, महिला, वृद्धा पक्ष भएको जस्ता मुद्दाले सुनुवाइमा प्राथमिकता पाउने गरेका छन्। तर, नियुक्तिका मुद्दामा ढिलाइ हुने गरेकाले यस्ता निवेदनलाई पनि प्राथमिकता दिइनुपर्ने माग सर्वोच्च बारको छ। 'दुई वर्षको नियुक्ति अवधि हुन्छ, फैसला तीन वर्षपछि आउँछ। यो अन्त्य हुनुपर्‍यो, प्राथमिकता दिनुपर्छ भनेका छौँ। औचित्य सकिनुअघि मुद्दाको फैसला भइसक्नुपर्‍यो भन्ने माग छ,' बारका एक पदाधिकारीले भने।

'मिडिया काउन्सिल विधेयक प्रेस काउन्सिल ऐनभन्दा प्रतिगामी'

नयाँ पत्रिका

मिडिया काउन्सिल विधेयक सरकार नियन्त्रित हुने गरी ल्याउन खोजिएको भन्दै पत्रकार सम्बद्ध संघसंस्थाले आपत्ति जनाएका छन्। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलमा रहेको विधेयक राष्ट्रिय सभाबाट पारित भएअनुसार नै अघि बढाइए मान्य नहुने चेतावनीसमेत दिएका छन्।

प्रेस चौतारी, प्रेस युनियन, प्रेस सेन्टर, समाजवादी प्रेस संगठन नेपाल काउन्सिल अध्यक्ष नियुक्तिलाई लिएर उनीहरू आक्रामक देखिएका छन्। मिडिया काउन्सिल विधेयकको सन्दर्भमा प्रेस चौतारी नेपालले शुक्रबार बृहत् छलफल चलाएको थियो। काउन्सिल सरकारको नियन्त्रणभन्दा अलग रहनुपर्ने सहभागीको मत थियो। नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँलेले मिडिया काउन्सिल सरकारको नियन्त्रणभन्दा अलग रहे मात्रै प्रेस स्वतन्त्रताको सही अध्यास हुन सक्ने बताए।

प्रेस सेन्टरले आइतबार विज्ञप्ति जारी गर्दै मिडिया काउन्सिलको पदाधिकारी नियुक्ति प्रक्रिया राष्ट्रिय आमसञ्चार नीति, २०७३ को दफा २.१९ विपरीत रहेको दाबी गरेको छ। 'विधेयकमा मिडिया काउन्सिलको पदाधिकारी नियुक्तिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा सरकारले तोकेको एकजना विज्ञ र मन्त्रालयका सहसचिव रहने सिफारिस समिति बनाउने प्रावधान छ। यो प्रावधान राष्ट्रिय आमसञ्चार नीति, २०७३ को दफा २.१९ विपरीत छ र मिडिया काउन्सिललाई स्वतन्त्र, स्वायत्त र सक्षम निकाय बनाउन असफल हुन्छ,' विज्ञप्तिमा छ।

समाजवादी प्रेस संगठनले विधेयकमा राखिएको काउन्सिल पदाधिकारी नियुक्तिकै विषयमा विरोध जनाएको छ। यदि राष्ट्रिय सभाबाट पारित भएकै प्रावधान पारित भए आन्दोलनमा उत्रनेसमेत संगठनले चेतावनी दिएको छ। 'मिडिया काउन्सिलजस्तो अर्धन्यायिक निकायलाई सरकारमातहत राख्न खोज्नु स्वतन्त्र प्रेसमाथि अंकुश लगाउने चालबाजी भएको हाम्रो ठम्याइ छ। मिडिया काउन्सिल सरकारको नियन्त्रणभन्दा बाहिर रहनुपर्छ। विधेयक विनासंशोधन अघि बढ्यो भने समाजवादी प्रेस संगठन नेपाल कडा आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिन चाहन्छौँ,' विज्ञप्तिमा छ ।

भिजिट भिसा नियमन गर्न जारी भएको ६ बुँदे कार्यविधि खारेज गर्ने तयारी

टेकराज थामी/ नयाँ पत्रिका

गृह मन्त्रालयले भिजिट भिसा नियमन गर्न जारी गरेको ६ बुँदे कार्यविधि खारेज गर्ने तयारी गरेको छ। यस कार्यविधिबाट मात्रै भिजिट भिसाको आवरणमा हुने मानव तस्करी नरोकिने देखिएकाले कार्यविधि नै खारेज गर्ने मनस्थितिमा गृह पुगेको हो। भिजिट भिसामा रोक लगाएका नागरिक दोस्रो विकल्प प्रयोग गरी कुनै हालतमा विदेश जाने र त्यो प्रक्रिया अझ जोखिमपूर्ण देखिएको भन्दै गृह मन्त्रालय यो प्रक्रिया नै खारेज गर्ने तयारीमा लागेको हो।

अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले भिजिट भिसासम्बन्धी ६ बुँदे कार्यविधि खारेजीको तयारी भइरहेको बताए। 'भिजिट भिसालाई नियमन गर्न विभागले ६ बुँदे कार्यविधि जारी गरेको छ। अहिले सोही कार्यविधिअनुसार भिजिट भिसामा जानेलाई स्क्रिनिङ गर्ने काम हुँदै छ। तर, यो समस्याको स्थायी समाधान होइन। यो नागरिकको हैसियत नाप्ने औजारजस्तो मात्रै भयो। त्यसो हुँदा अब भिजिट भिसालाई नयाँ ढंगले परिभाषित गर्नुपर्छ। र, यो कार्यविधि खारेज गर्नुपर्छ,' उनले भने।

श्रम स्वीकृतिको वृद्धिदर र वैदेशिक रोजगारमा गएकाले पठाउने रेमिट्यान्सको वृद्धिदरमा समान नदेखिनुले पनि जारी भएको कार्यविधि औचित्यपूर्ण नभएको पुष्टि गर्ने अध्यागमनको दाबी छ। अध्यागमनका अनुसार गत आर्थिक वर्षमा श्रम स्वीकृति लिने दर ७.४५ प्रतिशतले बढेको छ। तर, मुलुकको रेमिट्यान्स भने १०.४२ प्रतिशतले बढेको छ। दुई तथ्यांकबिच फरक पर्नुको मुख्य कारण नै भिजिट भिसा रहेको अध्यागमनको दाबी छ।

'श्रम स्वीकृति पाएकाहरू मात्रै वैदेशिक रोजगारमा गएका भए स्वीकृति र रेमिट्यान्सको वृद्धिदर एउटै हुन्थ्यो, तर तथ्यांकले त्यस्तो भन्दैन। यसमा कारण एउटै छ, भिजिट भिसा। अर्थात् भिजिट भिसाका नाममा वैदेशिक रोजगारमा जानेको दर रोकिएको छैन। जसको प्रभाव रेमिट्यान्समा देखियो। अध्यागमनबाट जारी भएको कार्यविधि खारेज गर्ने मुख्य कारण यही हो,' विभागका महानिर्देशक तिवारीले भने।

भिजिट भिसामा अनियमितता देखिएपछि गृहले १० माघ ०८१ देखि ६ बुँदे कार्यविधि जारी गरेको थियो। जसमा यात्रुले भिजिट भिसाका लागि अनुमति लिँदा कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी, गन्तव्य देशको भिसा, दुईतर्फी हवाई टिकट, भ्रमण अवधिभर होटेल बुकिङ गरेको प्रमाण वा होटेल बुकिङ नभई आफन्तसँग रहने भए तीन पुस्ताभित्रको नाता खुल्ने नागरिकता प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्र पेस गर्नुपर्ने भनिएको थियो।

त्यस्तै, कार्यविधिमा भ्रमणको सम्पूर्ण खर्च व्यहोर्ने सरकारी तथा गैरसकारी संस्थाको निमन्त्रणापत्र वा सो नभएमा कम्तीमा पाँच सय अमेरिकी डलरबराबरको नगद सटही भएको प्रमाण पनि यात्रुले पेस गर्नुपर्ने भनिएको थियो। खाडी मुलुक संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत, कतार, ओमन र साउदी अरेबियाको हकमा भने भिजिट भिसामा जाने यात्रुले स्वघोषणा गर्नुपर्ने कार्यविधिमा भनिएको थियो। जारी भएको यो कार्यविधिले भिजिट भिसामा जानेको दरलाई नरोकेको बरु उल्टै यात्रुको हैसियत जाँच्ने काम गरेको अध्यागमनको बुझाइ छ। त्यसो हुँदा भिजिट भिसामा जानेलाई सम्भव भएसम्म नरोक्ने बरु उनीहरूको बिमा सुनिश्चित गर्नेतर्फ नीति बनाउने अध्यागमनले जानकारी दिएको छ।

'भिजिट भिसा नियमन गर्न कार्यविधि जारी गर्‍यौँ, तर यात्रु रोकिएनन्। यसले यात्रुको उल्टो हैसियत जाँच्ने काम गर्‍यो। अब यसलाई फरक ढंगले सोच्न जरुरी छ। भिजिट भिसामा जानेलाई अध्यागमनले रोक्ने होइन, बरु सहजीकरण गर्नेछ। त्यसका लागि उनीहरूको बिमा सुनिश्चित गर्ने गरी नीति निर्माण गर्नेछ,' महानिर्देशक तिवारीले भने।

भिजिट भिसाका नाममा मानव तस्करी हुन थालेपछि तत्कालीन गृहमन्त्री बालकृष्ण खाणले ०७८ मा पहिलोपटक १७ बुँदे कार्यविधि जारी गरेका थिए। सोही कार्यविधिलाई हतियार बनाएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयमा मानव तस्करी रोकिएन, बरु सेटिङ धन्दा फस्टायो। सेटिङमा संलग्न रहेको अभियोगमा अध्यागमनका अधिकृत नरवीर खड्का रंगेहात पक्राउ परे। लगत्तै तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले कार्यविधिलाई खुकुलो बनाएर ६ बुँदामा झारे। तर, सेटिङमा हुने मानव तस्करी त्यसपछि पनि रोकिएन।

● **रामचन्द्र तिवारी**, महानिर्देशक, अध्यागमन विभाग



भिजिट भिसालाई नियमन गर्न विभागले ६ बुँदे कार्यविधि जारी गरेको छ। अहिले सोही कार्यविधिअनुसार भिजिट भिसामा जानेलाई स्क्रिनिङ गर्ने काम हुँदै छ। तर, यो समस्याको स्थायी समाधान होइन। यो नागरिकको हैसियत नाप्ने औजारजस्तो मात्रै भयो। त्यसो हुँदा अब भिजिट भिसालाई नयाँ ढंगले परिभाषित गर्नुपर्छ। र, यो कार्यविधिलाई खारेज गर्नुपर्छ।

नागरिक तन्त्रको खाँचो

मुलुकमा नागरिक तन्त्र खतराउन्मुख र दलतन्त्र अर्थात् नेतातन्त्रचाहिँ खतरामुक्त देखिनु चिन्ताजनक अवस्था हो



● राजेश विद्रोही

अग्रलेख

लोकतान्त्रिक संविधान निर्माण भएको १० वर्ष भइसक्यो । तैपनि, जनताले लोकतान्त्रिक शासनको अनुभूति गर्न नसकेको जगजाहेर छ । पछिल्लो समय मुलुकमा नेताहरूका कारण नागरिकतन्त्र खतराउन्मुख र दलतन्त्र अर्थात् नेतातन्त्र खतरामुक्त अवस्थाबाट गुज्रिरहेको छ । किनभने, लोकतान्त्रिक अराजकताका कारण जनता हरेक दिन कुनै न कुनै घटनाबाट प्रताडित छन् भने नेताहरू अर्बौंको बेथिति र भ्रष्टाचार काण्डमा मुछिएर पनि मुक्त छन् । यतिसम्म कि ठुल्ठुला अपराध, भ्रष्टाचार, बलात्कार, हत्या र मानव बेचबिखनजस्ता गम्भीर अपराधमा संलग्न अपराधीलाई समेत आममाफी दिने गरी कानुन ल्याइँदै छ । योभन्दा दुर्भाग्यपूर्ण विषय अरू के हुन सक्छ ?

लोकतन्त्र नागरिकको शासन हो । तर, नेपालमा कस्तो विडम्बना भएको छ भने यहाँ नागरिकको शासनभन्दा दल र नेताको शासन हाबी छ । संसद्, सरकार, अदालत र प्रशासन सबैका सबै नागरिकका लागि होइन, सत्तामा पुगेका व्यक्तिका रक्षाकवच साबित भएका छन् । लोकतन्त्रमा लोकतन्त्र होइन, दलतन्त्र, नेता र नेतृत्व तन्त्र मौलाउँदै गएको छ । यो अवस्था राजनीतिक क्षेत्रमा मात्र छैन, राज्यका हरेक अंगमा यही चलिरहेको छ । यतिसम्म कि कर्मचारीतन्त्रमा पनि तल्लो तह माथिल्लो तहबाट प्रताडित छन् । फस्ने फसाउने कार्य पनि सोही स्तरमा बढी छ । फरक यत्ति छ तल्लो तहको भागमा अलिक बढी र माथिल्लो स्तरमा अलिक कम पर्छ बेथितिको भार । राजनीतिक रूपमा पनि त्यस्तै छ, कार्यकर्ता अलि जनस्तरमा बढी खट्छन्, नेता, नेतृत्व अलिक कम । अवसर पनि नेता, नेतृत्वले बढी पाउँछन्, कार्यकर्ताले कम । त्यसैले देश र जनताको काम कम, बेथिति र भ्रष्टाचारको चाङ बढी हुने गरेको छ । यसर्थ, यसको विकल्पका रूपमा अब नागरिकतन्त्रको खाँचो छ । जसले मात्र यस्तो कार्यलाई दुरुत्साहन गर्न सक्छ ।

०६२/६३ को जनआन्दोलनपछि नेपालमा बहुदलीय लोकतन्त्रको जसरी स्थापना भयो, त्यसरी नै नयाँ संविधान, संघीयता, समावेशिता र मानव अधिकारका मूल्य-मान्यता औपचारिक रूपमै स्वीकृत भए । तर, व्यवहारमा तिनको कार्यान्वयन गम्भीर रूपमा असफल छन् । किनभने सत्ता जनताको नभई नेताहरूका हातमा केन्द्रित भयो । जनताले चुनेका प्रतिनिधि नागरिकका प्रतिनिधि होइन, पार्टीका प्रवक्ता बनिदिए । संघीयता जनताको नजिक शासन ल्याउने माध्यम बन्नुपर्नेमा पार्टीको रोजगारी केन्द्र बन्यो । शिक्षा र स्वास्थ्यजस्ता सेवामूलक क्षेत्रमा ध्यान दिनुको सट्टा दलहरू आफ्ना कार्यकर्ता भर्ती, सत्ताको भागबन्डा र विशेष सुविधा लिने होडमा लागे । दलहरू लोकतन्त्रका आधारशिला हुनुपर्नेमा आफ्नै निहित स्वार्थ र आन्तरिक किचलोको आधारशिला बने । दलहरू स्वयं लोकतान्त्रीकरण हुन सकेका छैनन् । नेताका नातेदार, चाकरीबाज, चाप्लुसी र लगानीकर्ता आदिले मात्र अवसरजति सबै आफ्ना पोल्टामा पारेका छन् । बढुवा तिनै हुन्छन्, जुनसुकै बाटोबाट अकुत कमाए पनि संरक्षित तिनै हुन्छन् । दलभित्र बहस, छलफल, आलोचना र भिन्न मतको ठाउँ छैन । आन्तरिक लोकतन्त्र नै धरापमा छ । यसलाई कसरी व्यवस्थापन गर्ने, नेतृत्वहरूले सकेका छैनन् । यस्तो बन्द राजनीतिक संस्थाले जनताको आवाजलाई आजको युगको प्रतिनिधित्व कसरी गर्न सक्छ ?

पछिल्लो समय राजनीतिक दलले नागरिकलाई भोटर र कार्यकर्तालाई नोकर ठानेका छन् । सबै आफ्नो विचारबाट पूरै स्खलित छन् । उनीहरूसँग कुनै गतिलो एजेन्डा छैन । छ त केवल जनता र आफ्ना कार्यकर्ता झुक्याउने फगत चर्का नाराहरू । जसले नागरिकको जीवनलाई सम्बोधन गर्न सक्दैन । सक्छ त केवल दोहन गर्न मात्र । यसरी दलले नागरिकलाई मतदाता र कार्यकर्तामा खुम्च्याइदिएपछि नागरिकको असली भूमिका गौण बन्दै गएको छ । नागरिक तहबाट नीति-निर्माणमा सहभागिता, निगरानी र सरसल्लाहको सम्भावना लगभग शून्यको अवस्थामा झरेको छ । लोकतन्त्र दलहरूको निजी सम्पत्तिजस्तो हुन थालेको छ । यसबाट मुक्त हुन नागरिकतन्त्रको आवश्यकता देखिन्छ । जसले मात्र नागरिक तन्त्रमा आधारित शासनप्रणालीको ढोका खोल्न सक्छ । आफ्नो अमूल्य मतदान गरेर सरकार बनाउने र गिराउने प्रक्रियामा मात्र होइन, नागरिकको जीवनसँग जोडिएका प्रत्येक नीतिमा समेत जनताको हस्तक्षेप



> यतिखेर नेपालमा लोकतन्त्र दलहरूको निजी सम्पत्तिजस्तो हुन थालेकाले यसबाट मुक्त हुन नागरिक तन्त्रको आवश्यकता छ

> लोकतन्त्र जोगाउने हो भने अबको राज्य र राजनीति नागरिककेन्द्रित हुनुपर्छ, सत्ताको केन्द्र सिंहदरबार होइन, जनताको चेतना बन्नुपर्छ

कार्यलाई मान्यता दिन्छ । यस कारणले पनि सत्तास्रोत केन्द्रीकरण अन्त्यका लागि नागरिकतन्त्र जरुरी छ ।

सत्ताको केन्द्र दलका नेताहरू मात्रमा सीमित हुँदा जनतासँग राज्यको प्रत्यक्ष सम्बन्ध कमजोर भयो । यो अपारदर्शी केन्द्रीकरणले जनताको इच्छाभन्दा नेताको स्वार्थ पूरा गर्छ । नागरिक तन्त्रले सत्ताको विकेन्द्रीकरण गर्दै जनताको पहुँच र निर्णयमा सहभागिता बढाउँछ ।

दोस्रो, भ्रष्टाचार नियन्त्रणका लागि पनि जनतातन्त्र हाबी हुन जरुरी छ । जब नागरिक मौन हुन्छन्, तब प्रशासन बेइमान हुन्छ । नागरिकतन्त्रमा जनसंख्या, सञ्चार र सामाजिक दबाबका कारण नीति-निर्माण र कार्यान्वयन पारदर्शी हुन्छ । पत्रकार, अधिकारकर्मी र सामाजिक अभियन्ता खुला रूपमा सत्यको अनुगमन गर्न सक्षम हुन्छन् । काठमाडौंकेन्द्रित बन्ने गरेका नीतिहरू नागरिकसम्म आउँछन् । किसान, महिला, मजदुर, विद्यार्थी, अपांगता भएका व्यक्तिहरूले समेत आफ्ना जीवनसँग जोडिएका नीति-निर्माणमा सक्रिय भूमिका खेल्न सक्छन् । सामाजिक न्याय र समावेशितासमेत बलियो हुन्छ । मधेशी, थारू, जनजाति, दलित, महिला, मुस्लिम, पिछडिएका क्षेत्र अझै अधिकारबाट वञ्चित छन् । दलहरूले उनीहरूको प्रतिनिधित्व केवल चुनावी अस्त्रका रूपमा प्रयोग गर्छन् । नागरिकतन्त्रले यी वर्गलाई आत्मनिर्भर र आवाजमुखी बनाउँछ ।

यसर्थ, नागरिक शिक्षा र चेतना गाउँदेखि विद्यालयसम्म व्यावहारिक हुनुपर्छ । हामी नागरिक हौं, सत्ताका मालिक हौं भन्ने चेतना बाल्यकालदेखि नै विकास गरिनुपर्छ । नागरिक अधिकार, मानव अधिकार, संविधान, राज्यका अंग र जिम्मेवारीबारे जानकारी दिनुपर्छ । सबैखाले विभेदप्रति सानैदेखि नागरिकमा निषेधात्मक चेतको विकास गर्नुपर्छ । यो गलत हो, मानवीयता सही, सत्य र यथार्थ हो भनेर जीवनमा अंगीकार हुनुपर्छ । सरकारबाहिर नागरिकका सशक्त संगठन आवश्यक छन्, जसले नीति-निर्माणमा सुझाव, आलोचना, अध्ययन र वैकल्पिक प्रस्ताव दिन सक्छन् । प्राज्ञिक संस्था, विश्वविद्यालय, गैरसरकारी संस्था र स्वतन्त्र अनुसन्धान निकायले नागरिक तन्त्रको मेरुदण्डका रूपमा काम गर्नुपर्छ । सूचना प्रविधिको प्रयोग गरेर नागरिक-राज्य सम्बन्ध सुधार गर्न सकिन्छ । अनलाइन जनमत संकलन, सरकारी निर्णयको डिजिटल पारदर्शिता, सामाजिक मिडियामार्फत निगरानी र अभियान चलाउनुपर्छ । नागरिक एप, सार्वजनिक बजेट ट्र्याकर, डिजिटल फिडब्याक प्रणाली अपनाउनुपर्छ । स्थानीय तहमा बजेट निर्माणका वेलामा नागरिकको प्रत्यक्ष सहभागिता अनिवार्य बनाउनुपर्छ । के गर्ने र के नगर्ने, के अगाडि गर्ने र के पछाडि गर्ने भन्ने कुरा जनतासँगै सोध्नुपर्छ । यसका लागि 'पिपुल्स काउन्सिल'जस्ता गाउँसभा र मञ्च नियमित गर्नुपर्छ । सोसल अडिट, पब्लिक हियरिङको अभ्यास अनिवार्य गर्नुपर्छ ।

संसारभर पनि यस्तै मान्यता अस्तित्वमा छन्, जसले बेथिति, भ्रष्टाचार र अत्याचार नियन्त्रणका लागि थुप्रै प्रयास गरेका देखिन्छन् । र, सुशासनको प्रत्याभूत गराउने प्रयत्न गरेका देखिन्छन् । जस्तै, भारतको जनलोकपाल आन्दोलन- अन्ना हजारेको नेतृत्वमा नागरिकले भ्रष्टाचार नियन्त्रणका लागि कानुन परिवर्तन गराए । बोलिभियाको पानी आन्दोलन- नागरिकले सरकारको निजीकरण नीति फिर्ता गराए । न्युजिल्यान्ड र स्क्यान्डिनेभियन देशहरू- जहाँ नीति-निर्माणमा नागरिक सहभागिता अनिवार्य छ । नेपालमै जनगुनासो व्यवस्थापनका लागि हेलो सरकार - सुरुवात राम्ररी भए पनि जनसंलग्नता अभावमा कमजोर भयो । यी उदाहरणले देखाउँछन्- जब नागरिक सचेत र संगठित हुन्छन्, शासन परिवर्तन गर्न सकिन्छ । यसर्थ, अब केवल सत्ता हाँक्ने नेताको होइन, सेवा गर्ने नागरिक नेतृत्वको आवश्यकता छ । जुन नेतृत्व वैचारिक होस्, इमानदार होस् र जनताप्रति उत्तरदायी होस् । दलभित्र होस् वा बाहिर, नागरिकको प्रतिनिधित्व गर्ने वैकल्पिक पात्रहरू खडा गर्नुपर्छ ।

लोकतन्त्रको असली मर्म नेतृत्व होइन, नागरिक हुन् । जबसम्म नागरिक मौन रहन्छन्, राज्य सर्वसत्तावादी हुन्छ । अब समय आएको छ, दलतन्त्र र नेतृत्वतन्त्रको सट्टा नागरिक तन्त्रलाई अगाडि सार्ने । नागरिक तन्त्रको अभ्यासले मात्र जनताको शासन, समावेशिता, समानता र न्यायसंगत समाज निर्माण सम्भव छ । कर तिर्ने नागरिक, निर्णय गर्ने नागरिक, भाषण सुन्ने नागरिक, उत्तर माग्ने नागरिक, मत दिने नागरिक, नीतिमा भाग लिने नागरिक, डराउने नागरिक, नेतृत्व गर्ने नागरिक । त्यसैले लोकतन्त्र जोगाउने हो भने अबको राज्य र राजनीति नागरिककेन्द्रित हुनुपर्छ । सत्ताको केन्द्र सिंहदरबार होइन, जनताको चेतना बन्नुपर्छ । अब नेता होइन, नागरिक बनौं लोकतन्त्रका मुख्य चालक ।

३ प्रश्न

संविधानविद् **भीमार्जुन आचार्य**लाई



काठमाडौं, ललितपुर र उच्च अदालतका बार एकाइमा दलीय सिन्डिकेट छ भनिन्छ नि ?

एक हदसम्म यसमा वास्तविकता छ । नेपालको संवैधानिक तथा कानुनी विकासमा कानुन व्यवसायीको ठुलो भूमिका छ । यसको लामो इतिहास पनि छ । बार कुनै दलको पिछलग्गु नभई स्वतन्त्र हुनुपर्छ । बार भनेको समग्र न्यायप्रणाली, इजलास, न्यायाधीश, न्यायालय सबैको 'वाचडग' हो । यस्तो गम्भीर भूमिका रहेको बार स्वयं राजनीतिक दलदलमा फस्यो भने संवैधानिक मूल्य र मान्यतामाथि गम्भीर कुठाराघात हुन पुग्छ । बारमा दलको सीधा प्रभाव पर्नुमा बारकै कमजोरी छ । बारले आफूलाई दलहरूको झोले बनाउन खोजेपछि बारमा राजनीतिक 'सिन्डिकेट' त देखिने नै भयो ।

नयाँ सदस्यता लिन चाहनेले आफ्नो विचारधाराअनुसार काठमाडौं, ललितपुर या उच्चको बार नै रोज्नुपर्ने बाध्यता हुनु कति ठिक हो ?

नवप्रवेशीहरूलाई सदस्यता लिन साँच्चै कठिन छ भन्ने गुनासो सुनिँदै आएको छ । यो गुनासो एक हदसम्म सही पनि हो । सामान्यतः काठमाडौं बारलाई काग्रेसको, ललितपुर बारलाई माओवादीको र उच्च अदालत पाटनको बारलाई एमालेको भन्ने गरेको सुनिन्छ । दलीय संलग्नताबाट स्वतन्त्र रहेर बारको सदस्यता लिन चाहनेलाई निकै सकस हुने गरेको सुनिन्छ । बारजस्तो पवित्र र जिम्मेवार संस्थामा यो अवस्था आउनु असाध्यै दुःखको विषय हो । बार स्वतन्त्र, सक्षम र 'क्रिटिक' हुन नसकेमा विधिको शासन, लोकतन्त्र, संवैधानिक नैतिकता आदि धरापमा पर्छन् ।


बारलाई दलीय छाता नओढाई विशुद्ध पेसागत संगठन बनाउन सकिन्न ?

०६२/६३ अघिसम्म बारमा राजनीति यो स्तरमा हाबी थिएन । बारका सदस्यहरू एकढिक्का थिए, राजनीतिक आस्थाका आधारमा कित्ताकाट गरिएको थिएन । पछि दलहरूले बारलाई चलाउन खोजे, बारका पदाधिकारीले पनि नेताहरूसामु आफूलाई 'सरेन्डर' गरे । अनि मात्र यो अवस्था आएको हो । बारले चाहने हो भने यसलाई विशुद्ध पेसागत संगठन बनाउन कठिन छैन ।

प्रेरक प्रसंग

पुस्तकको प्रभाव

वर्नर कार्ल हाइजेनवर्ग जब १९ वर्षका थिए, त्यतिखेर उनी पाठशालामा सुरक्षा गार्डको ड्युटी गर्थे । एक दिन यस्तै ड्युटी गरिरहेको वेलामा कतैबाट प्रख्यात दार्शनिक प्लेटोको एक पुस्तक उनको हातमा आइपुग्यो । जसमा प्राचीन ग्रिसको परमाणुसम्बन्धी सिद्धान्तबारे व्याख्या गरिएको थियो ।



पुस्तक हातमा परेपछि उनी त्यसको अध्ययनमा जुटे । सो पुस्तक पढ्दापढ्दै वर्नरलाई भौतिक विज्ञानप्रति रुचि बढ्न थाल्यो । परिणामस्वरूप उनी यसै क्षेत्रमा केही गर्ने विचारका साथ थप खोज र अध्ययनमा जुटे । निरन्तरको मिहिनेत र लगावका कारण २३ वर्षको उमेरसम्ममा उनी गोटिजेनमा प्रोफेसर मेक्स प्लांकको सहायक पदमा नियुक्त भए । आफ्नो बेजोड प्रतिभाको बलमा उनले त्यहाँ पनि प्रोफेसर प्लांकलाई प्रभावित गर्न सफल भए । यसपछिका दिनमा उनले कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । उनी लगातार सफलताको सिँढी चढ्दै अघि बढे ।

आफ्नो जीवनको २४औं वसन्त बितुन्जेल वर्नर कोपेनहेगनको विश्वविद्यालयमा भौतिक विज्ञान विषयका लेक्चरर भइसकेका थिए । त्यहाँ रहेर भौतिक विज्ञान विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्दागर्दै हाइजेनवर्ग सफल वैज्ञानिकका रूपमा परिचित भइसकेका थिए । ६-७ वर्षसम्म उनले विज्ञानमा पुऱ्याएको योगदान र उनले गरेका विभिन्न अनुसन्धानका आधारमा उनलाई भौतिक विज्ञानतर्फको सन् १९३२ को नोबेल पुरस्कार प्रदान गरियो । यसप्रकार, एउटा पुस्तकले एकजना सामान्य सुरक्षा गार्डलाई केही वर्षभित्रै नोबेल पुरस्कार विजेता बनाइदियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एनपिएल विवादित बनाउने चाल

हिसाब-किताब क्लियर हुनुपर्छ भन्ने माग झट्ट सुन्दा राम्रै सुनिन्छ । तर, क्रिकेटका 'गलगाँड'हरूको चाहना पारदर्शिताको होइन, विवादित बनाउने प्रयासको हो । आय-व्ययको हिसाब कोषाध्यक्षले राख्ने गर्छन् । जसको आन्तरिक र बाह्य दुवै अडिट हुने गर्छ । र, यो अडिटकै काम हो । अनावश्यक गिजोल्न शंका उत्पन्न हुने, लगानीकर्ता तर्साउने, आइपिएल असफल बनाउन प्रपञ्च रचियो भन्ने हो के ! दुनियाँमा कुनै लिगको हिसाब पब्लिक हुँदैन ! यो त आन्तरिक रूपमा लेखापरीक्षण हुने विषयलाई मिडियामा ल्याएर विवादित बनाउन खोजियो भन्ने हो ! प्रदीप मजगैयाँ, रोशन सिंहहरूले नेपालसँग अन्तर्राष्ट्रिय खेल हुँदा उनीहरूको साँठगाँठका कम्पनीलाई व्यवस्थापनको जिम्मा दिन्थे, 'नेपाल टी-२०' व्यवस्थापनको जिम्मासमेत भारतीय कम्पनीलाई दिएका थिए । जसका कारण क्यानले न खेलाडीमाथि खर्च गर्न सक्थ्यो न आफैं कहिल्यै सक्षम बन्न नै सक्थ्यो । जब पारस आए, तब अन्तर्राष्ट्रिय खेल व्यवस्थापनको जिम्मा आफैं (क्यान)ले लियो । एनपिएलले पनि आफैं व्यवस्थापन गऱ्यो । क्यान नाफामा गयो । खेलाडीको तलब सेवा-सुविधा थपियो । विभिन्न क्रिकेट प्रतियोगिता आयोजना गर्ने हैसियत बनायो अनि रिसले मर्दै छन् भ्रष्टाचारीहरू !

● **युनिक केशव**, *नयाँ पत्रिका फेसबुकबाट*

खान नपाएर होला यिनले ! एनपिएल कुनै हालतमा रोकिनुहुन्न ! नेपाल आज वेस्ट इन्डिज, बंगलादेश या श्रीलंकासँग 'टुर्नामेन्ट' खेल्ने 'स्टेज'मा पुगेछ । यसमा फ्रन्टमा पारस र उहाँलाई भरपूर सघाइरहेका चतुर सरलगायतको कडा मिहिनेत र योगदान छ ।

● **प्रकाशदत्त सुवेदी**, *नयाँ पत्रिका फेसबुकबाट*

नयाँले खत्तम बनाउने भए

यिनी र यिनका मालिक देशका परम मित्र होइनन् । यिनीहरू आएकै देश बर्बाद पार्न हो । त्यसैले यिनीहरूलाई तह नलगाए यो देश भन् भन् खाल्डोमा जाकिँदै जान्छ । आगामी ०८४ सबैभन्दा उत्तम समय हो, तिनलाई तह लगाउने !

● **दिपुर एनके**, *नयाँ पत्रिका फेसबुकबाट*

कुलमानले यही चुहावट नियन्त्रण र लोड व्यवस्थापन गरेर लोडसेडिङ मुक्त गराएका हुन् । नयाँले खत्तम बनाउने भए ।

● **साम्देन छोङ्गेल**, *नयाँ पत्रिका फेसबुकबाट*

खास यी शाक्यलाई केका लागि हो नियुक्त गरिएको ? एसियाकै 'नम्बर वान' दाबी गर्ने मान्छे किन देशमा एक नम्बर बन्न सकेनन् ? उदेकलाग्दो कुरो !

● **सन्दीप विश्वकर्मा**, *नयाँ पत्रिका फेसबुकबाट*

सरकारको यस साताका राम्रा काम



(१) मन्त्रीहरूले आफ्नो तलब आफैं बढाउन पाउने, (२) सांसद र मन्त्रीले खाजा '५ तारे'को खाने, (३) पुरुषले बहुविवाह गर्न पाउने, (४) भ्रष्टाचारी प्रमाणित खुमबहादुर खड्काको जग्गा जफत गर्ने अदालतको आदेशलाई मन्त्रीमार्फत रोक्ने, (५) प्राधिकरणमार्फत अघोषित लोडसेडिङ गर्ने, अर्बौंको बक्यौता नउठाउने, (६) घुस प्रकरणमा मुछिएका भूमिसधारमन्त्री नहटाउने, (७) भ्रष्ट सामान्य प्रशासनमन्त्रीलाई कारबाही नगर्ने (८) अर्बौं भ्रष्टाचारको आरोप लागेका अख्तियार प्रमुखलाई जोगाउने ।

● **दिप्सरु अधिकारी**, *नयाँ पत्रिका फेसबुकबाट*

यसमा अचम्म मान्नुपर्दैन । एमाले-कांग्रेसको सरकार बनेकै सबै सेटिङ मिलाउन, भ्रष्टाचारका अगाडि बडेका फाइल फिर्ता गर्न र प्रमाण नष्ट गर्नलाई हो । यो सबैले बुझेको खुला सत्य हो ।

● **गंगाराम दाहाल**, *नयाँ पत्रिका फेसबुकबाट*

कसरी खसाल्यो पाकिस्तानले भारतीय लडाकु विमान ?

हामीले गरेको अन्तर्वार्ताअनुसार रफाल खसालिनुको मुख्य कारण भारतीय गुप्तचरीको त्रुटि थियो, न कि विमानको कमजोरी

देश / विदेश

● सइद शाह ● शिवम पटेल
● जान आइरिस ● इद्रिस अली
● नुर अजना सानुसी


७ मेको बिहानै पाकिस्तान वायु सेनाको अपरेसन्स कक्षमा भारतको सीमापार आकाशमा दर्जनौं शत्रु विमानको स्थिति रातो बत्तीमा देखियो । सम्भावित भारतीय आक्रमणको आशंकामा एअर चिफ मार्सल जाहिर सिद्दु केही दिनदेखि सोही कक्षनजिक सुतेका थिए । भारतले कास्मिर आतंककारी हमलाको दोष पाकिस्तानलाई दिएको थियो, जसमा २६ सर्वसाधारण मारिएका थिए । पाकिस्तानले संलग्नता अस्वीकार गरे पनि भारतले बदला लिने चेतावनी दिएको थियो र अन्ततः ७ मेको बिहानको हवाई आक्रमणमा देखियो । र, सिद्दुले चिनियाँ जे-१० सी जेट उडाउन र फ्रेन्च रफाल लडाकु विमानलाई तारो बनाउन निर्देशन दिए, जुन युद्धमा कहिल्यै नखसेको भारतको प्रमुख विमान हो । अँध्यारोमा करिब एक घण्टा चलेको सो संघर्षमा एक सय १० विमान संलग्न थिए र यसलाई दसकौंको सबैभन्दा ठुलो हवाई युद्ध भन्न सकिन्छ ।

जे-१० ले कम्तीमा एक रफाल खसालेको रोयटर्सले अमेरिकी अधिकारीलाई उद्धृत गर्दै जनाएको थियो । यसले चिनियाँ सैन्य उपकरणको प्रभावकारितामाथि विश्वको ध्यान तान्यो र पश्चिमा प्रविधिमाथि प्रश्न उठायो । रफाल बनाउने कम्पनी डसाउका सेयर सो रिपोर्टपछि घट्यो । रफाल खरिदको अर्डर गरिसकेको इन्डोनेसियाले पनि अब जे-१० खरिदको सम्भावना अध्ययन गरिरहेको बतायो, जसले चिनियाँ लडाकु विमानलाई अन्तर्राष्ट्रिय बजारमा ठुलो फाइदा दिलाउनेछ । रोयटर्सले दुई भारतीय र तीन पाकिस्तानी अधिकारीसँग गरेको अन्तर्वार्ताअनुसार रफाल खसालिनुको मुख्य कारण भारतीय गुप्तचरीको त्रुटि थियो, न कि विमानको कमजोरी । भारतले चीन निर्मित पिएल-१५ क्षेप्यास्त्रको दायरा एक सय ५० किमि मात्र भएको ठानेको थियो, जसले रफाल पाइलटलाई झुक्यायो । तर, पिएल-१५ करिब दुई सय किमि टाढाबाट प्रक्षेपण गरिएको पाकिस्तानी अधिकारीको भनाइ छ । पाकिस्तानी अधिकारीले 'हामीले उनीहरूलाई घेरा हालेका थियौं' भन्ने दाबी गरेका छन् । पाकिस्तानले भारतीय प्रणालीमा इलेक्ट्रोनिक हमला पनि गरेको बताइएको छ, यद्यपि भारतले यसको प्रभावकारिता अस्वीकार गरेको छ ।

भारतले रफाल खसालिएको औपचारिक रूपमा स्विकारेको छैन, तर फ्रान्सका वायुसेनाप्रमुख र डसाउ कार्यकारीले यसको पुष्टि गरेका छन् । पाकिस्तानले भने, 'हतियारभन्दा बढी हाम्रो तयारी र संकल्प महत्त्वपूर्ण हो' भन्ने धारणा दोहोऱ्याएको छ । चीन, डसाउ र सुखोइ निर्माताले प्रतिक्रिया दिएका छैनन् ।

रोयटर्सले आठ पाकिस्तानी र दुई भारतीय अधिकारीसँग कुरा गरेर ७ मेको हवाई संघर्षको विवरण तयार गऱ्यो, जसले आणविक शक्तिसम्पन्न भारत-पाकिस्तानबिच चार दिन लामो तनावको सुरुवात गऱ्यो । अधिकारीका अनुसार पाकिस्तानसँग केवल क्षेप्यास्त्र दायरामा मात्रै फाइदा थिएन, उसले स्थल, आकाश र अन्तरिक्षमा रहेका सेन्सर जोडेर 'किल चेन' नामक आधुनिक युद्ध संयन्त्र बनाएको थियो । 'डाटा लिंक-१७' नामक प्रणालीमार्फत चिनियाँ सैन्य उपकरण स्विडेनी निगरानी विमानसहित जोडिएर जे-१० जेटले टाढाबाटै राडार सूचना पाउने व्यवस्था थियो, जसले चिनियाँ विमानलाई अदृश्य रूपमा उड्न सक्षम बनायो । भारत पनि यस्तै प्रणाली बनाउने प्रयासमा छ, तर विविध मुलुकबाट खरिद गरिएका उपकरणले प्रक्रिया जटिल बनाएको छ ।

७ मेको सुरुवाती घण्टामा भारतले पाकिस्तानको कथित 'आतंकवादी पूर्वाधार'माथि आक्रमण गरेपछि वायुसेनाप्रमुख सिद्दुले स्क्वाड्रनहरूलाई प्रतिरक्षाबाट आक्रमण मोडमा जान आदेश दिए । पाँच पाकिस्तानी अधिकारीका अनुसार भारतले करिब ७० जहाज परिचालन गऱ्यो, जसले पिएल-१५ क्षेप्यास्त्रहरूलाई



तस्बिर : अदनान अबिदी/रोयटर्स

धेरै लक्ष्य उपलब्ध गरायो । भारतले भने जहाजको संख्या सार्वजनिक गरेको छैन ।

बागवेलका अनुसार, यो आधुनिक युगको पहिलो ठुलो हवाई संघर्ष थियो, जहाँ दुवै पक्षका विमानमार्फत आफ्नै हवाई क्षेत्रमा रहेर प्रत्यक्ष दृश्यविना नै प्रहार गर्न सक्ने हतियार प्रयोग गरिए । पाँच पाकिस्तानी अधिकारीले भारतका सेन्सर र सञ्चार प्रणालीमाथिको इलेक्ट्रोनिक हमलाले रफाल पाइलटहरूको 'परिस्थिति-सचेतना' घटाएको बताए । तर, भारतीय अधिकारीले रफाल अन्धा नभएको र स्याटेलाइटमा जाम नपरेको दाबी गरे, यद्यपि सुखोई प्रणालीमा बाधा परेको स्विकारे ।

अन्य भारतीय अधिकारीले रफालको सट्टा राजनीतिक निर्देशनतर्फ ध्यान दिन आग्रह गरे । जकर्तास्थित भारतका रक्षा सहचारीले केही विमान गुमाउनुको कारण पाकिस्तानको सैन्य संरचनामाथि आक्रमण नगर्न दिइएको राजनीतिक सीमितता रहेको बताए । भारतका रक्षाप्रमुख जनरल अनिल चौहानले प्रारम्भिक क्षतिपछि रणनीति तुरुन्त सुधारिएको बताएका थिए ।

हवाई संघर्षपछि भारतले पाकिस्तानी सैन्य पूर्वाधारमाथि लक्षित आक्रमण सुरु गऱ्यो । दुवै पक्षका अधिकारीका अनुसार भारतको ब्रह्मोस सुपरसोनिक क्रुज मिसाइलले पटक-पटक पाकिस्तानको हवाई रक्षा प्रणालीलाई लक्षित गऱ्यो । १० मेमा भारतले पाकिस्तानका कम्तीमा नौ हवाई अखडा र राडार साइटहरूमा प्रहार गरेको र दक्षिणी पाकिस्तानमा रहेको एक निगरानी विमान पनि क्षतिग्रस्त बनाएको दाबी गऱ्यो । सोही दिन अमेरिकी मध्यस्थतामा युद्धविराम घोषणा गरिएको थियो । भारतका उपसेनापति लेफ्टिनेन्ट जनरल राहुल सिंहले पाकिस्तानले युद्धका क्रममा चीनबाट रडार र उपग्रहमार्फत 'प्रत्यक्ष जानकारी' (लाइभ इन्पुट्स) पाएको आरोप लगाए, तर प्रमाण प्रस्तुत गरेनन् । र, इस्लामाबादले आरोप अस्वीकार गऱ्यो । जुलाईमा चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले चीन-पाकिस्तान सैन्य सहकार्य नियमित प्रकृतिको भएको र तेस्रो पक्षलाई लक्षित नगरेको बताइन् । पाकिस्तानी वायुसेनाका दुई अधिकारीका अनुसार, सोही महिनामा चीनका वायुसेना प्रमुख वाङ गाङ पाकिस्तान आएर रफालमाथिको 'किल चेन' बनाउने प्रक्रियाबारे छलफल गरेका थिए । पाकिस्तान सेनाले वाङले युद्ध अनुभवबाट सिक्ने गहिरो रुचि व्यक्त गरेको बताएको छ ।

(रोयटर्सबाट)

‘मध्यम शक्ति’का रूपमा खाडी मुलुकको उदय

साउदी अरेबिया र युएई विगतको बदलाभावको कूटनीति त्यागेर रणनीतिक भूमिकामा छन् भने कतार र ओमानजस्ता साना खाडी राज्यले द्वन्द्व मध्यस्थता र मानवीय कूटनीतिमार्फत ठुलो प्रभाव जमाएका छन्



● डा.जोन क्यालाब्रेस
डा. जोन वासिङटन डिसीस्थित अमेरिकी विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध पढाउँछन् ।

तेहरान र वासिङटनबिच लामो समयदेखि मध्यस्थताको भूमिका निभाउँदै आएको ओमानले इरानमाथि इजरायलले आक्रमण गर्नुअघि अमेरिका-इरानबिच पाँच चरणको आणविक वार्ताको मध्यस्थता गरिसकेको थियो । इजरायली आक्रमणपछि पूर्वनिर्धारित छैटौँ चरणको वार्ता रोकिन पुग्यो ।

इजरायल र इरानबिच गत जुन महिनामा भएको द्वन्द्वमा खाडी मुलुकले निभाएको भूमिकाले नयाँ परिस्थिति सिर्जना गरेको छ । यस प्रकरणमा खाडी मुलुकहरू, अझ विशेष गरी साउदी अरेबिया र युएईले विगतको प्रतिक्रियात्मक कूटनीति त्यागेर थप रणनीतिक, सुरक्षा बढाउने भूमिका निभाएको विज्ञहरूको व्याख्या छ । त्यस्तै, कतार र ओमानजस्ता साना खाडी राज्यले समेत द्वन्द्व मध्यस्थता र मानवीय कूटनीतिमार्फत ठुलो प्रभाव देखाइरहेका छन् । खाडी मुलुकका केही सीमितता छन् । उनीहरू अहिले पनि अमेरिकी सुरक्षा छातामा निर्भर छन् । यी सीमितताका बाबजुद तिनको महत्त्वाकांक्षा केवल बयानबाजीमा मात्र नभई वास्तविकतामा प्रतिबिम्बित भइरहेको छ ।

दुई खाडी शक्तिका कूटनीतिक महत्त्वाकांक्षा

हालैका वर्षहरूमा, खाडी राज्य, विशेष गरी साउदी अरब र युएई, बलियो आर्थिक शक्तिका रूपमा उदाएका छन् । साउदी अरब र युएईले आफ्नो सार्वभौम सम्पत्ति, भौगोलिक अवस्थिति र व्यापारमैत्री वातावरणको फाइदा उठाउँदै आफूलाई वित्त, लजिस्टिक र उदीयमान प्रविधिहरूको केन्द्रको रूपमा स्थापित गरेका छन् । सन् २०२३ मा चीनको मध्यस्थतामा साउदी अरब-इरान सम्बन्धले नयाँ मोड लियो । यस विकासक्रमले खाडी मुलुक प्रतिद्वन्द्वी देशसँग समेत कूटनीतिका लागि खुला रहेको मात्र नभई पश्चिमभन्दा पर रणनीतिक साझेदारी विस्तार गर्न तत्पर रहेको सन्देश दियो ।

त्यसबाहेक साउदी अरब र युएईले सुडान गृहयुद्धका प्रतिद्वन्द्वी शक्तिलाई सक्रिय रूपमा सघाएर, युक्रेन अन्न वार्ताको सहजीकरण गरेर इजरायल-गाजा द्वन्द्वमा सक्रिय मध्यस्थता भूमिका निभाएर क्षेत्रीय कूटनीतिक खेडालीको परिचय दिइसकेका छन् । यसबाट तिनले आफूलाई घटनामा प्रतिक्रिया दिने शक्ति मात्र नभएर परिणामलाई आकार दिने शक्तिको परिचयन दिइसकेका छन् ।

विशेषत १२ दिने इजरायल-इरान युद्धमा यी मुलुकले चालेका कदमबारे धेरै विश्लेषण भइरहेको छ । खाडी राज्यहरूले यस अवधिमा निन्दा, जोडघटाउ र सतर्क कूटनीतिको मिश्रणको साथ प्रतिक्रिया दिए । आक्रमणपछि बसेको ‘गल्फ कोअपरेसन काउन्सिल (जिसिसी)’को मन्त्रीस्तरीय परिषद्को ४८औँ र ४९औँ असाधारण सत्रमा खाडी देशका विदेश मन्त्रीहरूले सामूहिक रूपमा इजरायलको आलोचना गरे । इरानमाथि इजरायली आक्रमणले संयुक्त राष्ट्र संघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको स्पष्ट उल्लंघन भएको तिनले बताए । साथै, यस्तो कदमले क्षेत्रीय स्थिरताका लागि गम्भीर खतरा निम्त्याउने तिनले चिन्ता व्यक्त गरे ।



इरानसँगको तनावपूर्ण सम्बन्धको बाबजुद खाडी देशका विदेशमन्त्रीहरूले इरानी भूभागमा इजरायली आक्रमणको विरोध गरे । इजरायली आक्रमणलाई उनीहरूले अनावश्यक र अस्थिरताको कारक बताए । सामूहिक अभिव्यक्तिमा द्वन्द्व विस्तार, ऊर्जा पूर्वाधारमाथिको खतरा र क्षेत्रीयस्तरमा तनाव वृद्धिलाई लिएर उनीहरूमा साझा चिन्ता प्रतिबिम्बित देखिन्थ्यो ।

इरानसँगको तनावपूर्ण सम्बन्धको बाबजुद, खाडी देशका विदेश मन्त्रीहरूले इरानी भूभागमा इजरायली आक्रमणप्रति विरोध जाहेर गरे । इजरायली आक्रमणलाई उनीहरूले अनावश्यक र अस्थिरताको कारक बताए । उनीहरूको सामूहिक अभिव्यक्तिमा द्वन्द्व विस्तार, ऊर्जा पूर्वाधारमाथिको खतरा र क्षेत्रीयस्तरमा तनाव वृद्धिलाई लिएर साझा चिन्ता प्रतिबिम्बित देखिन्थ्यो । जिसिसी सम्मेलनमा सतहमा सबैको एकै स्वर देखिएको भए पनि सतहमुनि रणनीतिक भिन्नता पनि थियो ।

तेहरान र वासिङटनबिच लामो समयदेखि मध्यस्थताको भूमिका निभाउँदै आएको ओमानले इरानमाथि इजरायले आक्रमण गर्नुअघि अमेरिका-इरानबिच पाँच चरणको आणविक वार्ताको मध्यस्थता गरिसकेको थियो । इजरायली आक्रमणपछि पूर्वनिर्धारित छैटौँ चरणको वार्ता रोकिन पुग्यो । त्यस पृष्ठभूमिमा इजरायलप्रति सबैभन्दा प्रखर आलोचना ओमानबाट आयो । उसले इरानमाथिको आक्रमणलाई यसको मध्यस्थता प्रयासको गम्भीर अपमान र क्षेत्रीय कूटनीतिलाई अस्थिर बनाउने प्रयास भन्दै आलोचना गऱ्यो ।

उता इरानबाट ‘अल उदेद हवाई आधारमा’ प्रत्यक्ष प्रहार खाएको कतारले यस आक्रमणका बाबजुद मध्यस्थकर्ताको भूमिका त्यागेन । दोहाले तुरुन्तै तेहरान र तेलअभिबबिच युद्धविरामको मध्यस्थता निभाउने अवसर माग गऱ्यो । साउदी अरबको प्रतिक्रियाले पनि विगतको उसको रणनीतिमा परिवर्तनको संकेत गऱ्यो ।

इजरायली आक्रमणपछि इरानी राष्ट्रपति मसुद पेजेस्कियानसँग फोनवार्ता गर्ने क्रममा साउदी युवराज मोहम्मद बिन सलमानले इस्लामिक ऐक्यबद्धताको आह्वान गरे । उनले इजरायली आक्रमणलाई क्षेत्रीय स्थिरताका लागि तत्काल खतराको रूपमा चित्रण गरे । अडानमा देखिएको यो परिवर्तन स्थायीभन्दा तत्कालीन रणनीतिक हुन सक्छ । यस प्रकरणमा केही खाडी देशले सार्वजनिक रूपमा आक्रमणको निन्दा गर्दै इरानको आणविक पूर्वाधारको क्षतिलाई स्वागत गरेको बताइन्छ । आक्रमणले रियाद र अबुधाबीको इरानी आणविक महत्त्वाकांक्षा रोक्ने लामो समयदेखिको रणनीतिक स्वार्थ पूरा गरेको हुन सक्छ ।

उता ठुला अमेरिकी सैन्य आधार रहेका बहराइन र कुवेतले भने कुनै पक्षको समर्थन वा विरोध नगरी द्वन्द्व न्यूनीकरण गर्नुपर्ने भन्दै संयमित प्रतिक्रिया दिए । अभिव्यक्तिमा देखिएको यस मतभिन्नताले खाडी क्षेत्रका देशभित्रको बृहत्तर तनावलाई प्रकाश पार्छ । गल्फ कोअपरेसन काउन्सिलका सदस्य राष्ट्र आफ्नो क्षेत्रीय प्रभाव देखाउन उत्सुक रहेको तर सुरक्षाका लागि बाह्य पक्षमाथि निर्भर रहेको अचम्मको स्थितिमा छन् ।

खाडी देशहरूले आफूलाई अस्थिर क्षेत्रीय वातावरणमा पाएका छन्, जहाँ अमेरिका बिस्तारै सो भेगबाट बाहिरिँदै जाँदा बाह्य सुरक्षा ग्यारेन्टीको सीमा उदांगिएको छ । अहिले खाडी मुलुक भविष्यमा आफ्नो प्रतिरक्षा व्यवस्थापन गर्ने चुनौती सामना गर्दै छन् । ती मुलुकलाई आफ्नो कमजोर प्रतिरक्षा क्षमता, बाह्य निर्भरता र क्षेत्रीय प्रतिद्वन्द्वितालेकेही कमजोर बनाएको भए पनि पूर्ण अक्षम भने छैनन् । उनीहरूले आफ्नो सामर्थ्यबाट ‘दुई-राज्य समाधानको कार्यान्वयनका लागि विश्वव्यापी गठबन्धन’जस्ता पहल अघि बढाएका छन् । यसले पनि आर्थिक शक्तिमार्फत कूटनीतिलाई प्रभाव पार्ने खाडी आकांक्षालाई प्रतिबिम्बित गर्दछ ।

खाडी राज्यहरू : प्रतिक्रियात्मक शक्तिबाट स्थायित्वका मध्यस्तकर्ता

इजरायल र इरानबिचको द्वन्द्वले पुनः एकपटक खाडी राज्यहरू रहेको अस्थिर क्षेत्रमाथि प्रकाश पारेको छ । साथसाथै, यसपटक खाडी देशको कूटनीतिक सामर्थ्य पनि प्रकट भएको छ । साउदी अरब र युएईजस्ता मुख्य खाडी शक्तिले अस्थिरतामा प्रतिक्रिया जनाउने शक्तिका रूपमा मात्र नभई संयोजक, मध्यस्थकर्ता र सम्भावित स्थिरकर्ताको रूपमा काम गर्न थालेका छन् । त्यस्तै, कतार र ओमानले आकार र प्रभावमा सानो भए पनि कूटनीतिक चार्तुयता प्रदर्शन गरेका छन्, विशेष गरी मध्यस्थता र ब्याक-च्यानल कूटनीतिमा । यी देशहरूले जटिल क्षेत्रीय चुनौतीसँग जुध्न इच्छुक एक बहुआयामिक खाडी शक्तिको संकेत दिएको छ ।

तथापि, महत्त्वाकांक्षा मात्र पर्याप्त हुँदैन । अब यी खाडी राज्यले प्रभावलाई पहलमा रूपान्तरण गर्न सक्छन् कि सक्दैनन् भन्ने परीक्षा सुरु भएको छ । साथै, तिनले व्यावहारिक, सुरक्षा वृद्धि गर्ने उपाय बनाएर तिनलाई कार्यान्वयन गर्न सक्छन् कि सक्दैनन् सबैको नजर त्यसमा हुनेछ । यही कुराले मात्र वास्तविक रूपमा यी देशको बढ्दो प्रभाव देखाउँछ । कार्यात्मक सहयोग, आर्थिक प्रलोभन र दिगो कूटनीतिले अगाडि बढ्ने बाटो प्रदान गर्दछ । हरेक द्वन्द्व समाधान गर्न होइन, बरु अझ स्थिर क्षेत्रीय व्यवस्थामा योगदान पुऱ्याउन उनीहरूको योगदान महत्त्वपूर्ण छ । यो मोडले साउदी अरेबिया र युएईलाई उदीयमान मध्यम शक्तिका रूपमा महत्त्वपूर्ण परिवर्तनको प्रतिबिम्ब गर्न सक्छ । यद्यपि, दिगो समन्वय, रणनीतिक स्पष्टता, र गणना गरिएको जोखिम लिने इच्छाशक्तिविना, त्यो सम्भावना सजिलैसँग हराउन सक्छ ।

नेसनल इन्ट्रेस्टबाट

इतिहासमा आज

अगस्ट ४



सन् १९८४ : रिपब्लिक अफ अपर भोल्टालाई बुर्किनाफासो नाम राखियो । पश्चिमी अफ्रिकी देश सर्वप्रथम सन् १९५८ मा स्वशासित फ्रेन्च उपनिवेशको रूपमा सिर्जना गरिएको थियो । यसले सन् १९६० मा फ्रान्सबाट स्वतन्त्रता प्राप्त गऱ्यो । त्यसपछि सन् १९८३ को अवधिमा धेरै कुराले यहाँको राजनीतिक परिदृश्यलाई छिन्नभिन्न बनायो ।

सन् १७९० : अमेरिकी अर्थमन्त्री अलेक्जेन्डर ह्यामिल्टनले रिभन्यु म्यारिन सर्भिसको स्थापना गरे, जुन पछि अमेरिकी तटीय गार्ड बन्यो ।

सन् १९१४ : बेलायतद्वारा जर्मनीविरुद्ध युद्ध घोषणा । जर्मनीले बेल्जियमबाट बाहिर निस्कने अल्टिमेटम अस्वीकार गरेपछि बेलायतले जर्मनीविरुद्ध युद्धको घोषणा गऱ्यो ।

सन् १९४४ : एन्नी फ्र्याङ्कलाई नियन्त्रणमा लिइयो । २० औँ शताब्दीकी सबैभन्दा प्रसिद्ध व्यक्तित्वमध्ये एक तथा प्रलयबाट पीडित १४ वर्षीय फ्र्याङ्क र उनको परिवारलाई जर्मनहरूले एम्सटर्डममा लुकेको ठाउँबाट गिरफ्तार गरेका थिए ।

सन् १९६१ : अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाको जन्मदिन । सन् १९६१ को ४ अगस्टमा हवाईमा ओबामाको जन्म भएको थियो ।

सन् १९८३ : मा भएको एक सैन्य कुले क्याप्टेन थोमस शंकरालाई देशको राष्ट्रपतिको रूपमा स्थापित गऱ्यो । उनले देशको नाम परिवर्तन गरेर बुर्किनो फासो राखे ।

संक्षेप

बलात्कार अभियोगमा पूर्वसांसदलाई जन्मकैद

नयाँदिल्ली/ दक्षिणी भारतको एक अदालतले कर्नाटक राज्यका एक प्रख्यात राजनीतिज्ञलाई आफ्नो घरेलु कर्मचारीलाई बलात्कार गरेको आरोपमा दोषी ठहरिएपछि आजीवन कारावासको सजाय सुनाएको छ । राज्यको प्रभावशाली राजनीतिक परिवारका सदस्य तथा पूर्वसांसद प्रज्वल रेवन्नालाई उक्त सजाय सुनाइएको हो । ३४ वर्षीय रेवन्नाविरुद्धको आरोप पहिलोपटक २०२३ मा सामाजिक सञ्जालमा सर्यौं स्पष्ट भिडियो प्रसारित भएपछि बाहिर आएको थियो । आरोप सार्वजनिक भएपछि त्यसले देशभर आक्रोश निम्त्याएको थियो । तर, रेवन्नाले आफूमाथि लागेका आरोप अस्वीकार गरेका थिए । उनी दोषी ठहरिएपछि कम सजायका लागि याचना गरेका थिए । सजायविरुद्ध उनले अपिल गर्न सक्छन् ।

रेवन्ना भारतीय पूर्वप्रधानमन्त्री एचडी देवेगौडाका नाति हुन्, जसको जनता दल (धर्मनिरपेक्ष) पार्टी वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको भाजपासँग गठबन्धन छ । भारतमा यस्तो घटनामा यति प्रभावशाली राजनीतिक पृष्ठभूमि भएको व्यक्तिलाई सजाय हुनु दुर्लभ मानिन्छ ।

रेवन्ना अप्रिल २०२४ मा आफ्नो राज्यमा कथित दुर्व्यवहारका सर्यौं भिडियो प्रसारित हुन थालेपछि आफ्नो कूटनीतिक राहदानी प्रयोग गरेर भारत छोडेका थिए । त्यतिबेला रेवन्नाले भिडियोमा टिप्पणी गरेनन्, तर उनको कार्यालयका एक अधिकारीले भिडियो छलकपट गरिएको बताएका थिए ।

रुसमा फेरि शक्तिशाली भूकम्प

मस्को/ रुसमा शक्तिशाली भूकम्प गएको छ । कुरिल टापुहरूलाई केन्द्रबिन्दु बनाएर ७.० म्याग्निच्युडको भूकम्प गएपछि आइतबार कामचट्का प्रायद्वीपमा सुनामीको चेतावनी जारी गरिएको देशको आपत्कालीन सेवा मन्त्रालयले जनाएको छ । मानिसहरूलाई नदी-किनारबाट टाढा नजान सावधानी गराइएको छ । तर, प्यासिफिक सुनामी चेतावनी प्रणालीले भूकम्पपछि सुनामीको कुनै चेतावनी नदिइएको जनाएको छ । अमेरिकी भूगर्भ सर्वेक्षणले पनि भूकम्प सात म्याग्निच्युडको रहेको उल्लेख छ । भूकम्पबाट अहिलेसम्म कुनै मानवीय क्षति भएको विवरण सार्वजनिक भएको छैन ।

भूकम्पपछि कामचट्कामा रहेको क्रासेनिनिकोभमा ज्वालामुखी ६०० वर्षमा पहिलोपटक विस्फोट भएको रुसको आरआइए राज्य समाचार एजेन्सी र वैज्ञानिकहरूले आइतबार रिपोर्ट गरेका छन् । दुवै घटना गत साता रुसको सुदूरपूर्वमा आएको ठुलो भूकम्पसँग सम्बन्धित हुन सक्ने विज्ञहरूले जनाएका छन् । उक्त भूकम्पले फ्रान्सेली पोलिनेसिया र चिलीसम्म सुनामी चेतावनी जारी गरेको थियो । भूकम्पपछि कामचट्का प्रायद्वीपको सबैभन्दा सक्रिय ज्वालामुखी क्ल्युचेभस्कोय विस्फोट भएको थियो । कुरिल टापु कामचट्का प्रायद्वीपको दक्षिणीछेउबाट फैलिएका छन् । आगामी केही साता यस क्षेत्रमा शक्तिशाली भूकम्पका झट्का आउन सक्ने रुसी वैज्ञानिकले बुधबार चेतावनी दिएका थिए । गत साता ८ दशमलव आठ म्याग्निच्युडको भूकम्प गएको थियो ।

संवादमार्फत अन्त्य गरिनुपर्छ चीन-अमेरिका व्यापार मतभेद

विश्वव्यापी रूपमा हेर्दा चीन र संयुक्त राज्य अमेरिकाले स्विडेनमा आर्थिक र व्यापार वार्ताको नयाँ चरण आयोजना गर्ने तयारी गरेका छन् । बढ्दो विश्वव्यापी अनिश्चितता र अस्थिरताको समयमा सहमतिका लागि वार्तालाई बढावा दिने र पारस्परिक रूपमा लाभदायक परिणाम खोज्ने दुई देशको प्रयास उनीहरूको साझा हितसँग मात्र मिल्दैन बरु त्यसले अन्तर्राष्ट्रिय समुदायको अपेक्षा पनि पूरा गर्छ ।

पछिल्ला महिनामा चीन र संयुक्त राज्य अमेरिकाले तनावको अवधिपछि आफ्नो व्यापार सम्बन्धलाई पुनः ट्र्याकमा फर्काउने काम गरेका छन् । यो उत्साहजनक प्रगतिले एउटा आधारभूत सत्यलाई उजागर गर्दछः द्विपक्षीय सम्बन्धको स्वस्थ, स्थिर र दिगो विकास सुनिश्चित गर्न समझदारी बढाउन, गलत धारणा कम गर्न र सहयोग विस्तार गर्न सञ्चार प्रणालीलाई गहिरो बनाउनु महत्त्वपूर्ण छ । जेनेभामा आर्थिक र व्यापार वार्तापछि दुई देशले द्विपक्षीय शुल्क वृद्धिलाई उल्लेखनीय रूपमा घटाएका छन् । लन्डनमा आर्थिक र व्यापार वार्तापछि स्थापित ढाँचाको विवरण पुष्टि गर्दै र यसको कार्यान्वयनलाई अगाडि बढाउँदै दुवै पक्षले निकटमा रहेर सञ्चार आदानप्रदान गरेका छन् ।

चीनले कानुनबमोजिम नियन्त्रितयोग्य वस्तुहरूको निर्यातका लागि आवेदनको समीक्षा र अनुमोदन गरेको छ । त्यस्तै, संयुक्त राज्य अमेरिकाले जुलाईको सुरुमा चीनमा लगाइएका प्रतिबन्धात्मक उपायको शृंखला हटाएको छ । यी ठोस कदमले बढ्दो विश्वासको सकारात्मक संकेत प्रदान गरेका छन्, जसले द्विपक्षीय व्यापारको पुनः प्राप्तिलाई प्रोत्साहन गर्न मद्दत गरेको छ । जेनेभा र लन्डनमा हालै भएको आर्थिक र व्यापार वार्तामा सकारात्मक प्रगतिपछि दुई देशबिचको व्यापार बढेको चीनको भन्सार प्रशासनको तथ्यांकले देखाएको छ । मे महिनामा ३०० अर्ब युआन (लगभग ४२ अर्ब डलर)भन्दा कम रहेकोमा जुन महिनामा ३५० अर्ब युआन (लगभग ४९ अर्ब अमेरिकी डलर)भन्दा बढीमा पुनः प्राप्त भएको छ ।

चीन-अमेरिका आर्थिक तथा व्यापारिक सम्बन्धको सार पारस्परिक लाभ र एक-अर्काको सहयोगमा निहित छ । चीनले इमानदारीपूर्वक आर्थिक तथा व्यापारिक वार्ताको नयाँ चरणमा प्रवेश गरे पनि यसले आफ्ना सिद्धान्त र मुख्य हितलाई दृढतापूर्वक कायम राख्नेछ । जेनेभादेखि लन्डनसम्मको बाटो सहज देखिएको छैन । दुई पक्षबिच लामो समयदेखि चलिरहेको मतभेद र तनाव कायमै छ र तिनीहरूलाई समाधान गर्न समय लाग्नेछ । चीनले गहिरो वार्तालाई स्वागत गर्दछ, तर दुई देशबिचको असमझदारीको खाडललाई कम गर्ने दीर्घकालीन, जटिल र चुनौतीपूर्ण प्रकृतिको बारेमा पनि पूर्ण रूपमा सचेत छ ।

यद्यपि, असहमतिको अवस्थाले प्रमुख मुद्दामा साझा चासोका क्षेत्र पहिचान गर्ने सम्भावनालाई रोक्दैन । न त यसले दुई पक्षलाई प्रमुख देशहरूबाट अपेक्षित जिम्मेवारी प्रदर्शन गर्नबाट रोक्छ । आर्थिक र व्यापार वार्ताको आगामी चरणले विश्वव्यापी अर्थतन्त्रमा धेरै आवश्यक स्थिरता र विश्वास प्रदान गर्ने एक महत्त्वपूर्ण अवसरको प्रतिनिधित्व गर्दछ । अगाडि देखिएका चुनौतीका बाबजुद मतभेद व्यवस्थापन गर्नु र संवादमार्फत सहयोग खोज्नु नै अगाडि बढ्ने एक मात्र व्यावहारिक बाटो हो ।



> जेनेभा र लन्डनमा हालै भएको आर्थिक र व्यापार वार्तामा सकारात्मक प्रगतिपछि दुई देशबिचको व्यापार बढेको छ । चीन-अमेरिका आर्थिक तथा व्यापारिक सम्बन्धको सार पारस्परिक लाभ र एक-अर्काको सहयोगमा निहित छ ।

चीनले स्वच्छ ऊर्जामा ठुलो प्रगति गरेको छ । यसले सौर्य र वायु ऊर्जा उत्पादन र प्रयोगमा सम्पूर्ण विश्वको नेतृत्व गर्छ । विद्युतीय सवारीसाधन (इभी) र ब्याट्रीहरूका लागि विश्वव्यापी आपूर्ति शृंखलामा चीनले प्रभुत्व जमाएको छ र हरित पूर्वाधारमा ठुलो मात्रामा लगानी गरेको छ । स्मरणीय रहोस्, यस्ता उपलब्धि प्राप्त गर्न वर्षौं लागेको छ र हाम्रा अगाडि गम्भीर चुनौती पनि छन् । चीन अझै पनि आर्थिक वृद्धि र जनताको जीविकोपार्जनको निम्ति विद्युत् उत्पादनका लागि कोइलामा धेरै निर्भर छ र देशको स्वच्छ ऊर्जामा संक्रमण पूरा गर्न अझै लामो समय लाग्छ । र, यो सजिलो काम पनि होइन ।

ऊर्जामा चीनको सफलतालाई विश्वले स्वागत र प्रोत्साहन गर्नुपर्छ । र, अमेरिकाले जलवायु नेतृत्वमा चीनलाई ‘पराजित’ नगर्ने, बरु आफ्ना लागि, अन्य देशहरू र भावी पुस्ताका लागि बस्नयोग्य ग्रह निर्माण गर्ने प्रतिबद्धता जनाउनुपर्छ । विश्वका धेरै भागमा राष्ट्रवाद बढिरहेको र विश्वव्यापी सहयोग कमजोर बन्दै गएको वेला जलवायु क्षेत्र एकजुट रहनुपर्छ । ऊर्जाको भविष्यलाई प्रमुख शक्तिबिचको रस्साकस्सीको रूपमा प्रस्तुत गर्न सकिँदैन ।

त्यस्तै, अमेरिकाले विज्ञान र प्रविधिमा लगानी वृद्धि गर्नुपर्छ, आफ्नो पूर्वाधार र शिक्षा प्रणालीमा सुधार गर्नुपर्छ, किनभने चीनले निरन्तर यही कार्य गरिरहेको छ । यो रणनीतिले छोटो अवधिको राजनीतिक गति उत्पन्न गर्न सक्छ, तर यसले अमेरिका र चीन हरेक मोर्चामा विरोधी छन् भन्ने गलत व्याख्यालाई पनि बलियो बनाउँछ ।

त्यसैगरी, जलवायु नीतिको सवालमा ‘हामीविरुद्ध उनीहरू’ भन्ने मानसिकतामा तत्काल त्याग्नुपर्छ । साझा विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्न दुबै देशले सँगै काम गर्नुपर्छ । कुनै पनि देशले अर्को देशको गल्तीलाई रणनीतिक लाभको रूपमा हेर्ने भुल गर्नुहुँदैन । समानता कायम राखेर र एक-अर्काको चासोको सम्मान गरेर मात्र चीन र संयुक्त राज्य अमेरिकाले साँच्चिकै दुवै पक्षको जित हुने परिणामप्राप्त गर्न सक्छन् ।

चाइना डेलीबाट

संस्थापक र साधारण सेयरको छुट्टा-छुट्टै आइजिन प्रस्ताव विवादमा

व्यवसायी भन्छन्– संस्थापक सेयर बिक्री गर्ने प्रक्रियामा झन्झट हुन्छ, लगानी निरुत्साहित हुन्छ

सिडिएससी भन्छ– सर्वसाधारण नझुक्किऊन् भन्ने उद्देश्यले फरक-फरक आइजिन नम्बर दिने प्रस्ताव गरेका हौं

दुई थरी नम्बर आवश्यक देखिन्न

● **नीरज गिरी**, पूर्वकार्यकारी निर्देशक, सेबोन



सेयरका लागि दुई थरी आइजिन नम्बर बनाउन आवश्यक देखिन्न । आइजिन नम्बर धितोपत्र (सेक्युरिटिज)को पहिचान हो । धितोपत्र सेयर, ऋणपत्र, म्युचुअल फन्ड, डेरिभेटिभ इन्स्ट्रुमेन्ट के हो भनेर छुट्याउन प्रयोग गर्ने नम्बर हो । संस्थापक र सर्वसाधारण लगानीकर्ता छुट्याउने अन्य सम्बन्धित कानुनले हो । विदेशमा पनि एउटै उपकरणमा दुईवटा आइजिन नम्बर हुने व्यवस्था छैन । बैंक तथा वित्तीय संस्थाको हकमा कानुनले नै संस्थापक-सस्थापकबिच र सर्वसाधारण-सर्वसाधारणबिच सेयर खरिद-बिक्री हुने भनेर व्यवस्था गरिएको छ ।

द्विविधा हटाउन दुईवटा आइजिन नम्बर

● **प्रबिन पन्दाक**, प्रबन्ध निर्देशक, सडिएससी



सेयर बजार विश्वसनीयता अभिवृद्धि गर्नुपर्ने दायित्वअनुसार लगानीकर्ता नझुक्किऊन् भन्ने उद्देश्यले संस्थापक र सर्वसाधारणको सेयरका लागि छुट्टा-छुट्टै आइजिन नम्बर दिने गरी निर्देशिका ल्याउन थालेको हो । बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीको सेयरका हकमा मात्रै प्रोमोटर र पब्लिक सेयरलाई छुट्टा-छुट्टै आइजिन नम्बर दिँदै आइरहेको भन्ने बुझाइ रहेछ । अन्य कम्पनीहरूका हकमा पनि दुईवटा आइजिन नम्बर दिइरहेका छौं । सर्वसाधारणमा कुनै द्विविधा नहोस् भन्ने उद्देश्यले निर्देशिका ल्याएर सबैमा यो अनिवार्य गर्न खोजेका हौं ।

यो व्यवस्थाले ऊर्जा क्षेत्रमा लगानी नै रोकिन्छ

● गणेश कार्की, अध्यक्ष, इप्पान



सेयरमा छुट्टा-छुट्टै आइजिन नम्बर दिने सिडिएससीको प्रस्तावले नेपाली निजी क्षेत्र तथा गैरआवासीय नेपालीको लगानी र प्रत्यक्ष वैदेशिक लगानीमा समेत असर पार्छ, अन्तर्राष्ट्रिय जगत्मा नकारात्मक सन्देश जान्छ । अहिले बैंक र बिमा कम्पनीको संस्थापक सेयर बिक्री गर्न जति झन्झट छ, त्यस्तै झन्झट यसमा अन्य कम्पनीको हकमा हुनेछ । कसैले पनि आफ्नो लगानी बन्धक बनाएर राख्न चाहँदैन । सेयर बन्धक हुने भएपछि कसैले पनि लगानी गर्न चाहँदैन । त्यो अवस्थाले ऊर्जा क्षेत्रमा लगानी नै रोकिन सक्छ ।

सेयर बजार विश्वसनीयता अभिवृद्धि गर्नुपर्ने दायित्वअनुसार सेयर लगानीकर्ता नझुक्किऊन् भन्ने उद्देश्यले नै यो निर्देशिका ल्याउन खोजेको उनको भनाइ छ ।

तर, निजी क्षेत्रका कतिपय छाता संगठन तथा लगानीकर्ताले भने छुट्टा-छुट्टै आइजिन नम्बर दिने सिडिएससीको प्रस्तावको विरोध गरेका छन् । नेपाल चेम्बर अफ कमर्स, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था



(इप्पान)लगायत संघ-संस्थाले यस्तो व्यवस्थाले सेयर खरिद-बिक्री गर्ने प्रक्रिया झन्झटिलो हुनुका साथै लगानीसमेत निरुत्साहित हुने बताएका छन् ।

प्रचलित कानुन, अन्तर्राष्ट्रिय मान्यता र स्थापित अभ्यासविपरीतको यो प्रस्तावले नेपालको पुँजी बजारमा दीर्घकालीन प्रभावसँगै देशप्रति अन्तर्राष्ट्रिय जगत्को दृष्टिकोणमा समेत नकारात्मक असर पार्ने इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । त्यस्तै, यो नीतिले नेपाली निजी क्षेत्र तथा गैरआवासीय नेपालीको लगानी र प्रत्यक्ष वैदेशिक लगानीमा समेत असर पर्ने उनले बताए ।

सेयरका लागि दुई थरी आइजिन नम्बर बनाउन आवश्यक नरहेको नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरी बताउँछन् । संस्थापक र सर्वसाधारण लगानीकर्ता छुट्याउने काम आइजिन नम्बरले नभई अन्य सम्बन्धित कानुनको हुने उनको भनाइ छ । 'लक इन पिरियडमा संस्थापक सेयर लगानीकर्ताले पनि सेयर बिक्री गरे भनेर यस्तो नीति ल्याउन लागेको भन्ने सुनिन्छ । यदि, त्यही कारण यस्तो नीति ल्याउन लागेको हो भने गलत छ,' उनले भने, 'विद्युतीय रूपमै लक इन भएको सेयर कसरी बिक्री भयो ? त्यसमा सिडिएससी जिम्मेवार हुनुपर्छ ।'

नेपाल चेम्बरले प्रस्तावित नयाँ व्यवस्थालाई अव्यावहारिक, लगानी प्रतिकूल र सेयर बजारमै अनिश्चितता पैदा गराउने भन्दै विज्ञप्ति जारी गरिसकेको छ । इप्पानले कम्पनीको सेयर अभौतिकीकरणमा दोहोरो आइजिन नम्बर राख्ने व्यवस्था हटाउनका लागि चारवटा निकायको ध्यानाकर्षण गराइसकेको छ । सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)ले कम्पनीहरूको सेयर सूचीकरण गर्दा सर्वसाधारण र प्रवर्द्धकलाई छुट्टा-छुट्टै आइजिन कायम गर्ने भन्दै नेपाल धितोपत्र बोर्ड (सेबोन)मा प्रस्ताव लगेपछि इप्पानले अर्थमन्त्री, संसद्को अर्थसमिति, धितोपत्र बोर्ड (सेबोन) र सिडिएससीको ध्यानाकर्षण गराएको थियो । सिडिएससीको यस्तो निर्णयले लकिङ अवधिमै रहेका विभिन्न ५८ उद्योगको ८७ अर्ब रुपैयाँबराबरको र ऊर्जा कम्पनीको मात्र ४७ कम्पनीको ५३ अर्ब रुपैयाँबराबरको र आइपिओको पाइपलाइनमा रहेका ४३ कम्पनीको ४१ अर्ब रुपैयाँबराबरको पुँजी बन्धक हुने भई पुँजी बजारमा ठुलो प्रभाव पार्ने इप्पानले जनाएको छ ।

चौथोपटक थपियो नारायणगढ-बुटवल सडक स्तरोन्नतिको म्याद

एक वर्षमा बाँकी ३१ प्रतिशत काम सक्नुपर्ने



४ पुस ०७५ मा भएको ठेक्का सम्झौताअनुसार कम्पनीले ०७९ असारसम्म काम सक्नुपर्ने थियो, तर ०८०, ०८१ र साउन ०८२ सम्म म्याद थप्दा पनि काम नसकिएकाले अन्तिमपटकका लागि भन्दै एक वर्ष म्याद थपिएको छ

नवलपरासीमा **रामकुमार श्रेष्ठ**

नारायणगढ-बुटवल सडक खण्डको तेस्रोपटक दिइएको म्यादमा समेत काम सम्पन्न नभएपछि सरकारले चौथोपटक एक वर्षका लागि म्याद थप गरेको छ । सडक विभागले शुक्रबार ७ साउन ०८३ अर्थात् २३ जुलाई २०२६ सम्मका लागि म्याद थप गरेको हो ।

सडक स्तरोन्नति गर्न सडक विभाग र चाइना स्टेट इन्जिनियरिङबिच ४ पुस ०७५ मा ठेक्का सम्झौता भएको थियो । सुरुको सम्झौताअनुसार कम्पनीले ०७९ असारसम्म काम सक्नुपर्ने थियो । तर, त्यो अवधिमा कम्पनीले काम सम्पन्न गर्न सकेन । त्यसपछि तीनपटकसम्म एक-एक वर्ष गर्दै साउन ०८०, साउन ०८१ र साउन ०८२ सम्म काम सक्नुपर्ने गरी म्याद थप गरिएको थियो । पछिल्लोपटक दिइएको म्याद ८ साउनमा सकिएको थियो । त्यो म्यादमा परियोजना निर्माणको काम नसकिएपछि कम्पनीले पाँच सय ७६ दिन (१९.२ महिना) समय माग गरेको थियो । त्यसमा विभागले अन्तिमपटक भन्दै एक वर्ष समय थप गरेको हो ।

विभागका प्रवक्ता प्रभातकुमार झाले अन्तिम मौकास्वरूप एक वर्ष म्याद थप गरिदिएको बताए । 'कम्पनीलाई अन्तिम मौकास्वरूप म्याद थप गरेका छौं,' उनले भने, 'थपिएको म्यादमा काम सकिन्छ भन्नेमा आशावादी छौं ।'

सुरुमा कम्पनीले नै काममा ढिलाइ गरेको थियो । यसैगरी कोरोना महामारी, सरकारको भुक्तानीमा गरेको ढिलाइ, स्थानीयका अवरोधलगायतले पनि परियोजनाको निर्माण ढिलाइ भएको थियो । समयमै काम नसकिँदा त्यहाँबाट यात्रा गर्ने यात्रुले सात वर्षदेखि सास्ती भोग्दै आएका छन् ।

हालसम्म परियोजनाको पूर्वी खण्डको ६९.३३ प्रतिशत र पश्चिम खण्डको ६९.०३ प्रतिशत भौतिक प्रगति भएको छ । पछिल्लो समय कम्पनीले वर्षमा २०-२५ प्रतिशतका दरमा काम गरेको छ । त्यो अवस्थामा कम्पनीले अलिकति बढी मिहिनेत गरेको अवस्थामा थप गरिएको म्यादमा शतप्रतिशत भौतिक प्रगति हुने पश्चिम खण्डका प्रमुख शशांक मिश्रले जानकारी दिए । 'अब ३० प्रतिशत काम बाँकी छ । कम्पनीले अलिकति बढी मिहिनेत गरेमा एक वर्षमा यो काम गर्न सक्छ, यसमा कम्पनी पनि सहमत छ,' उनले भने ।

सडक आयोजना निर्देशनालयका प्रमुख इन्जिनियर चूडाराज ढकालका अनुसार चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनले एक वर्षभित्र काम सक्ने प्रतिबद्धता जनाएको छ । स्तरोन्नतिअन्तर्गत हुनुपर्ने मुख्य कामअन्तर्गत एक सय १३ किलोमिटर सडकमा ६४ वटा पुल, चार सय ७४ वटा कल्भर्ट, १०६.१७ किलोमिटर नाली निर्माण हुनुपर्नेछ । त्यस्तै, ७० किलोमिटर चार लेन, २९ किलोमिटर चार लेनसहित दायाँ-बायाँ ६-६ मिटरको सर्भिस लेन र दाउन्ने क्षेत्रको १४ किलोमिटरमा तीन लेन स्तरोन्नति हुनुपर्नेछ ।

Buddhabhumi Nepal Hydropower Company Ltd

Panipokhari, Maharajgunj, Kathmandu, Nepal, Telephone : 4530150
E-mail : lowertadi@gmail.com, Website : www.buddhabhuminepalhydro.com.np

UNAUDITED QUARTERLY STATEMENT OF FINANCIAL POSITION

At the end of 4th Quarter on 2082.03.32 (16th July 2025)

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
ASSETS			
Non Current Assets:			
Property, Plant and Equipment	7,711,034.32	8,126,162.51	141,330,056.08
Intangible Assets	1,297,738,953.97	1,305,528,808.09	1,211,138,337.66
Total Non Current Assets	**1,305,449,988.30**	**1,313,654,970.59**	**1,352,468,393.74**
Current Assets:			
Cash and Bank Balance	24,629,355.82	6,052,974.19	2,017,555.60
Advance & Receivables	36,099,453.31	40,499,696.03	34,242,798.49
Margin & Deposits	397,200.00	973,740.00	334,700.00
Total Current Assets	**61,126,009.13**	**47,526,410.22**	**36,595,054.09**
Total Application of Fund	**1,366,575,997.43**	**1,361,181,380.81**	**1,389,063,447.83**
Equity AND NON-CURRNET			
Equity Shareholder's Fund			
Share Capital	400,000,000.00	400,000,000.00	400,000,000.00
Retained Earning	(104,724,668.29)	(81,109,744.45)	(64,127,751.85)
Share Capital Advance	13,304,400.00	13,304,400.00	13,304,400.00
Total Equity	**308,579,731.71**	**332,194,655.55**	**349,176,648.15**
Non-Current Liabilities			
Long Term Loan and Borrowings	915,673,326.15	923,423,326.15	948,460,157.01
Deferred Tax Liability			295,995.48
Total Non Current Liabilities	**915,673,326.15**	**923,423,326.15**	**948,756,152.49**
Current Liabilities & Provision			
Accounts payables and other payables	61,900,788.18	89,082,686.35	80,651,687.94
Provisions	-	271,909.00	-
Short Term Loan Liability	80,422,150.41	16,152,600.41	10,478,959.25
Employee Benefits	-	56,202.38	-
Total Current Liabilities	**142,322,939.57**	**105,563,399.12**	**91,130,647.19**
Total Equity & Liabilities	**1,366,575,997.43**	**1,361,181,380.81**	**1,389,063,447.83**

Unaudited Quarterly Statement of Profit or Loss

At the end of 4th Quarter on 2082.03.32 (16th July 2025)

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
INCOME			
Revenue From Sale of Electricity	143,781,595.99	122,585,922.99	148,858,460.93
Less: Direct Expenses	7,538,170.88	5,042,393.31	8,679,349.49
Gross Profit	**136,243,425.11**	**117,543,529.68**	**140,179,111.44**
Operation Expenses			
Administrative Expenses	21,665,451.77	12,837,180.60	16,789,272.24
Depreciation	2,446,512.82	1,931,689.42	2,204,850.04
Amortization	48,578,138.56	36,321,945.44	43,776,084.51
Total Expenses	**72,690,103.15**	**51,090,815.47**	**62,770,206.79**
Operating Profit	**63,553,321.96**	**66,452,714.21**	**77,408,904.65**
Other Income	1,393,508.77	44,912.92	3,285,845.93
Finance Cost	87,541,258.20	65,879,400.97	95,649,598.91
Statutory Employee Bonus (Provision)	-	56,202.38	-
Profit Before Tax	**(22,594,427.47)**	**562,023.79**	**(14,954,848.33)**
Provision For Tax	-		-
Deferred Tax Expenses			
Profit after Tax	**(22,594,427.47)**	**562,023.79**	**(14,954,848.33)**
Earning Per Share (EPS) Annualised	(5.65)	0.19	(3.74)
Dilluted Earning Per Share (DPS) (Annualised)	(5.65)	0.19	(3.74)

धितोपत्र दर्ता निष्काशन नियमावली २०७३, अनुसूची-१४ (नियम ३६ को उपनियम १ संग सम्बन्धित)

आ.व. २०८१/८२ को चौथो त्रैमासिक (आषाढ मसान्त सम्म) को प्रतिवेदन

१. वित्तीय विवरण:

(क) आ.व. २०८१/२०८२ को चौथो त्रैमासिक अवधि (आषाढ मसान्तसम्म) को वासलात, नाफा-नोक्सान सम्बन्धि विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रूपमा प्रमुख वित्तीय विवरणहरू

प्रति शेयर आम्दानी त्रैमासिक : (५.६५)	मूल्य आम्दानी अनुपात P/E Ratio : (८९.८०)	प्रति शेयर नेटवर्थ : ७७.१४
प्रति शेयर कुल सम्पत्तिको मूल्य : ३४१.६४	तरलता अनुपात सम्बन्धी विवरण : ०.४३	

२. व्यवस्थापकीय विश्लेषण:

(क) यस कम्पनीले आर्थिक वर्ष २०७८/७९ को चैत्र १० गाट व्यापारिक उत्पादन सुरू गरि नियमित रूपमा विद्युत बिक्री गर्दै आएकोले विद्युत बिक्री बापत प्राप्त हुनु पर्ने रकम नेपाल विद्युत प्राधिकरण मार्फत नियमित रूपमा कम्पनीले प्राप्त गर्दै आइरहेको छ ।

(ख) आगामी अवधिमा पनि यस तल्लो तादी खोला जलविद्युत आयोजना ४७९३ मेघाबाट को व्यवस्थापनको विश्लेषण गर्दै व्यवस्थायिक रूपले सक्षम तरिकाबाट सञ्चालन गरि आधिकारिक विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ ।

(ग) काबुमन्दा बाहिरको परिस्थितिका कारण संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सोको निराकरण गर्न बिमा लगायतको आवश्यक वित्तीय तथा अन्य व्यवस्था गराईने तर्फ कम्पनी सचेत रहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण:

हाल सम्म यस कम्पनीले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन । कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण

धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा शेयर कारोबार निम्नानुसार भएको छ ।

अधिकतम मूल्य	रू. ५५४.००	कुल कारोबार दिन	६४
न्यूनतम मूल्य	रू. ४८०.००	कुल कारोबार संख्या	७,१९२
समीक्षा अवधिको अन्तिम मूल्य	रू. ५०७.२३	कुल कारोबार शेयर संख्या	६९४,२७९

५. समस्या तथा चुनौती

संगठित संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौती बजारमा रहेका अन्य सरह नै छन् । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतीहरूलाई समय समयमा बस्ने संचालक समितिको बैठकले समीक्षा गरी सोको निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने छ ।

६. संस्थागत सुशासन

यस कम्पनीले संस्थागत सुशासन अभिवृद्धिका लागी सदैव उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरू तदारूकताका साथ सम्पादन गरि आएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायीत्व लिन्छु । साथै म यो उद् घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचीत निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाईएको छैन ।

नेपाल र श्रीलंकाका चेम्बरबिच सम्झौता



काठमाडौं/ नेपाल चेम्बर अफ कमर्स र श्रीलंकन चेम्बर अफ स्मल एन्ड मिडियम इन्टरप्राइजेजबिच साझेदारीको सम्झौता भएको छ । दुई संस्थाबिच साना तथा मझौला उद्यम प्रवर्द्धन र व्यापार तथा लगानी अभिवृद्धिका लागि रणनीतिक साझेदारी गर्ने सम्झौता भएको हो ।

श्रीलंकास्थित नेपाली राजदूतावासको समन्वयमा भएको सम्झौतामा नेपाल चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल र श्रीलंका चेम्बरका अध्यक्ष रोहन डी सिल्भाले हस्ताक्षर गरेका छन् । कार्यक्रममा श्रीलंकाका लागि नेपाली राजदूत डा. पूर्णबहादुर नेपालीको समेत उपस्थिति थियो ।

सम्झौताअनुसार दुई संस्थाले साना तथा मझौला उद्यमहरूको प्रवर्द्धन, दुईदेशीय व्यापार एवं लगानीको अवसर तथा नेपाल-श्रीलंकाको निजी क्षेत्रबिच व्यापार सहजीकरण गर्ने विषयमा रणनीतिक साझेदारी गर्नेछन् ।

जसअनुसार साना तथा मझौला उद्यममा एक-अर्काको देशमा भएका अभ्यास, नीतिगत व्यवस्था, क्षमता अभिवृद्धि कार्यक्रम, प्रशिक्षण, कार्यशाला गोष्ठीजस्ता विषयमा सहकार्य गरिने चेम्बरले जनाएको छ । साना तथा मझौला उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूको एक-अर्काका देशमा प्रदर्शनी एवं व्यापार अभिवृद्धि गर्नका लागि समन्वय गरिने विषय सम्झौतामा उल्लेख छ ।

अनुदान कटौतीपछि कञ्चनपुरका उखु किसान आन्दोलित

सरकारले यसअघि प्रतिक्विन्टल ७० रुपैयाँका दरमा दिँदै आएको अनुदान चालू आवको बजेटले गऱ्यो कटौती

कञ्चनपुरमा **मोहन विष्ट**

सरकारले उखुमा अनुदान दिँदै आएको रकम कटौती गरेपछि कञ्चनपुरका किसान आन्दोलित बनेका छन् । कृषि प्रवर्द्धनका लागि सरकारले यअसघि प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिँदै आएको थियो । तर, चालू आर्थिक वर्षको बजेटले उक्त अनुदान कटौती गरेपछि उखु उत्पादक किसान आन्दोलित भएका हुन् । आन्दोलनको नेतृत्व गरिरहेको उखु उत्पादक किसान हकहित संरक्षण समितिले जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमार्फत प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्रसमेत पठाएको छ ।

समितिका कोषाध्यक्ष चेतनकुमार राईले उखु किसानमाथि अन्याय भएको भन्दै प्रशासनमार्फत ज्ञापनपत्र पठाएको बताए । कोषाध्यक्ष राईका अनुसार अन्य कृषितर्फको अनुदान चरम दुरुपयोग भए पनि उखु उत्पादनकै आधारमा मात्रै सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ दिने भएकाले सो कटौती गरेपछि किसान आन्दोलनमा उत्रिएको बताए । सरकारले गत आवमा मात्रै अनुदानबापतको एक अर्ब ६० करोड रुपैयाँसमेत भुक्तानी नगरेको र चालू आवका लागि बजेटमार्फतै अनुदान कटौतीले किसान निराश भएको उनको भनाइ छ । कञ्चनपुरका निमित्त प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीलाई ज्ञापनपत्र बुझाउँदै समितिका अध्यक्ष हरि चन्द (ठकुरी)ले अनुदान कटौती गरेर किसानलाई बिदेसिन बाध्य पार्ने व्यवस्था हटाई गत विगतको जस्तो अनुदान निरन्तर हुनुपर्ने माग गरे । त्यस्तै, किसानलाई दिइँदै आएको अनुदानको निरन्तरता, गत वर्षको भुक्तानी र चालू आवका लागि उखुको मूल्य निर्धारण गर्नसमेत माग गरिएको छ ।



जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै उखु किसान

किसानले आफ्ना माग पूरा गर्न साउन महिनाको समय दिएका छन् । सो अवधिमा माग पूरा नगरेमा चिनी उद्योगअगाडि विरोध प्रदर्शन गर्ने र भदौ दोस्रो सातादेखि काठमाडौंकेन्द्रित आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् । अन्य कृषितर्फ कामै नगरेर राज्यको करोडौं रकम कुम्ल्याउने प्रचलन भए पनि गठबन्ध सरकारले किसानलाई प्रवर्द्धन गर्नुको साटो अनुदान कटौती गरेर निरुत्साहित पार्ने काम गरेको किसान नेताहरूको भनाइ छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का केन्द्रीय सदस्य तथा कञ्चनपुर इन्चार्ज दशरथ भण्डारीले वर्तमान सरकारले किसानमाथि अन्याय गरेको बताए । कञ्चनपुरमा झन्डै १० हजार उखु किसान छन् ।

भाखा नाघेको कर्जा बुझाउने बारे जोईन बचत तथा ऋण सहकारी संस्था लि.को २१ दिने सूचना

यस संस्थाको तपसिल बमोजिमका सदस्यहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा संस्थाले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, यस संस्थाको कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका सदस्यहरुलाई संस्थाबाट कर्जा लिन मञ्जूरीनामा (जमानत) दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन सुचित गरिन्छ ।

तपसिल

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८२/०४/१८ सम्मको व्याज तथा अन्य रकम	जम्मा तिर्नुपर्ने रकम	जमानत बस्नेको नाम	कैफियत
१.	राजु गुरुङ	नयाँबजार-१६, काठमाडौं	बम बहादुर गुरूङ	खडग बहादुर गुरूङ	व्यावसायिक	रु.५८,८९,८०७/-	रु.४२८,३२४/-	रु.६३,१८,१३१/-	तारा गुरूङ	

Join

जोईन बचत तथा ऋण सहकारी संस्था लि.
काठमाण्डौं-१६ सोह्रखट्टे
फोन नं. ०१-४९५६६२४, ९८५१३३३७४८

बझाङ माथिल्लो सेती जलविद्युत्मा जुट्यो लगानी

कुमारी बैंकको अगुवाइमा १४ बैंकले २९ अर्ब १२ करोड लगानी गर्ने

काठमाडौं/ सुदूरपश्चिम प्रदेशको बझाङमा निर्माण हुने दुई सय १६ मेगावाट क्षमताको बझाङ माथिल्लो सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन सहमति भएको छ।

साइपाल गाउँपालिका वडा नं ४ र ५ मा निर्माण हुने उक्त आयोजनाका लागि कुमारी बैंकको नेतृत्वमा तथा एनएमबि बैंकको सहनेतृत्वमा माछापुच्छ्रे बैंक, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी, लक्ष्मी सन्राइज बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, प्रभु बैंक, नेपाल एसबिआई बैंक, एनआइसी एसिया बैंक, कृषि विकास बैंक, लुम्बिनी विकास बैंक, सांग्रिला डेभलपमेन्ट बैंक, कामना सेवा विकास बैंक



र आइसिएफसी फाइनान्ससहितको सहवित्तीय व्यवस्थापनमा औपचारिक रूपमा सहमति भएको हो। यी संस्थाले २९ अर्ब १२ करोड लगानी गर्नेछन्। कुमारी बैंक र आयोजनाको प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीबिच वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर गरिएको छ। सम्झौतामा कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीका अध्यक्ष शैलेन्द्र गुरागाईंले हस्ताक्षर गरे।

४१ अर्ब ६० करोड लगानीको यस आयोजनाको आवश्यक वित्तीय पूर्वतयारी र ड्यु डिलिजेन्स स्टडीसमेत सम्पन्न भइसकेको छ। आयोजनाको ३० प्रतिशत स्वपुँजी प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीले विभिन्न संस्थागत तथा व्यक्तिगत लगानीकर्तामार्फत संकलन गरिरहेको छ।

प्रिज्मालाई 'ब्रान्डलरेट बेस्ट ब्रान्ड्स अवार्ड'

काठमाडौं/ प्रिज्मा एड्भरटाइजिङले 'ब्रान्डलरेट स्पेसल लिमिटेड एडिसन बेस्ट ब्रान्ड्स अवार्ड २०२५' जितेको छ। प्रिज्माले ब्रान्ड इन्फ्लुएन्सर क्रिएटिभ एन्ड ब्रान्डिङ सोलुसन्स श्रेणीमा सम्मान प्राप्त गरेको हो। यो अवार्डले एजेन्सीको रणनीतिक ब्रान्डिङ र सांस्कृतिक रूपमा प्रभावशाली कथावस्तु निर्माणमा अग्रणी भूमिकाको कदर गरेको बताइएको छ। ३१ जुलाई २०२५ मा सिंगापुरमा आयोजित समारोहमा प्रिज्माका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत रञ्जित आचार्य र महाप्रबन्धक शरद शाहीले उक्त अवार्ड ग्रहण गरेका थिए।

प्रिज्माका प्रमुख कार्यकारी अधिकृत रञ्जित आचार्यले यो अवार्ड आफ्नो टिमको निरन्तर मिहिनेत, सिर्जनात्मक सोच र नेपाली ब्रान्डलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने अठोटको प्रमाण रहेको बताए।

५३ सय मिटरको उचाइमा पुग्यो होन्डा डिओ स्कुटर



काठमाडौं/ होन्डा डिओ-१२५ स्कुटर पहिलोपटक पाँच हजार तीन सय मिटरको उचाइमा पुगेको छ। नेपाल एटथ वन्डर टोलीले होन्डाको आधिकारिक विक्रेता स्याकार ट्रेडिङ कम्पनी प्रालिको सहकार्यमा होन्डा डिओ १२५ स्कुटरमार्फत ज्याइला पास (उपल्लो डोल्पा)सम्मको साहसिक यात्रा सफलतापूर्वक सम्पन्न गरेको हो।

सहरी यात्राका लागि निर्मित स्कुटरले हिमाली भूपरिधिमा प्रवेश गरेर देखाएको प्रदर्शनीले नेपाली मोटरयात्राको सीमालाई नै पुनः परिभाषित गरिदिएको कम्पनीको भनाइ छ। स्कुटर काठमाडौंदेखि जोमसोम, भेरोल, धो तराप हुँदै ज्याइला पाससम्म पुगेको थियो। उकालो र ढुंगे बाटो, खोला र बगर पार गर्दै विनाकुनै ठुला यान्त्रिक समस्या यात्रा सम्पन्न गरेको कम्पनीले जनाएको छ।

एनआइसी एसिया क्यापिटलको ५० प्रतिशत नगद लाभांश घोषणा

काठमाडौं/ एनआइसी एसिया क्यापिटलले सेयरधनीलाई गत आर्थिक वर्षको मुनाफाबाट ५० प्रतिशत नगद लाभांश दिने घोषणा गरेको छ। क्यापिटलको आइतबार बसेको सञ्चालक समितिको १६०औं बैठकले करसहित ५० प्रतिशत नगद लाभांश वितरण गर्ने घोषणा गरेको हो। लाभांश प्रयोजनार्थ क्यापिटलले १८ भदौमा नवौं वार्षिक साधारणसभा आह्वान गरेको छ। सभा क्यापिटलको, रजिस्टर्ड कार्यालय, थापाथली, काठमाडौंमा बिहान नौ बजेबाट सुरु हुने बताइएको छ।

सोही साधारणसभाले गत आवका सेयरधनीलाई दिन प्रस्ताव गरिएको ५० प्रतिशत नगद लाभांशका साथै सञ्चालक समितिको वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्नेछ। छोटो समयमै लोकप्रिय बन्न सफल क्यापिटलले सातौं वार्षिक साधारणसभासम्म आउँदा २४० प्रतिशत र गत आवको ५० प्रतिशतसहित कुल २९० प्रतिशत नगद लाभांश वितरण गर्न सफल हुनेछ।

नबिल बैंक लिमिटेडको शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस बैंकको इटहरी शाखा कार्यालय हालको स्थान बाट स्थानान्तरण भई नयाँ परिसरबाट यही मिति २०८२ श्रावण २५ गते, तदनुसार 10th August, 2025 देखि सुचारु हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हालको ठेगाना	स्थानान्तरण हुने ठेगाना	स्थानान्तरण हुने मिति	सम्पर्क नं
सुनसरी जिल्ला, इटहरी उप महानगरपालिका वडा नं. ९, विराटनगर लाईन, इटहरी	सुनसरी जिल्ला, इटहरी उप महानगरपालिका वडा नं. ६, वि.पि. चोक, इटहरी	श्रावण २५ गते, २०८२	०२५-५८९४००, ०२५-५८०७४१,

माथि उल्लेखित शाखाको लकरमा ग्राहक महानुभावहरुले कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भएमा लकर सार्नु अगावै मिति २०८२ श्रावण २२ गते विहिवारका दिनसम्ममा साविक शाखा कार्यालयबाट कार्यालय समय (बिहान १० बजेदेखि दिउसो ३ बजे) भित्र निकाल्नहुन विनम्र अनुरोध गर्दछौं, अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुग्न गएमा बैंक जिम्मेवार नहुने कुरा यसै सूचना मार्फत यहाँहरुलाई जानकारी गराउँदछौं।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाण्डौं फोन नं. ०१-५९७१८७१

मोटरसाइकल हरायो

मिति २०८२/४/१४ गते अन्दाजी २२:०० बजेको समयमा भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा.-९, बोडे निलकण्ठेश्वर मन्दीरबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हबिबुल अन्सारी
मो.सा.नं.: बा.प्र. ०२-०५५ प ०३८०
चेसिस नं.: MD2A13EX8RCH83618
इन्जिन नं.: DKXCRH48599
सम्पर्क नं.: 9814823320

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा नियम बमोजिम ऋणी तथा जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको चल अचल श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
१)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: कल्याणी मैनाली** स्थायी ठेगाना: रौतहट जिल्ला, फतुवा हषाहा गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बाबु: मीन प्रसाद मैनाली, ससुरा: शिव प्रसाद प्रसाई पति: यज्ञ प्रसाद प्रसाई,	**यज्ञ प्रसाद प्रसाई**, स्थायी ठेगाना: रौतहट जिल्ला, सन्तपुर गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४, बाबु: शिव प्रसाद प्रसाई, बाजे: प्रभु नारायण प्रसाई
२)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: देवी नारायण आचार्य** ठेगाना: झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ८ बाबु: हरी प्रसाद आचार्य, बाजे: जय नारायण आचार्य	**श्रृजना आचार्य**, स्थायी ठेगाना: झापा जिल्ला, मेचीनगर गा.वि.स. वडा नं. १३, हालको ठेगाना: झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. ८, बाबु: टिका राम शिवाकोटी, ससुरा: हरी प्रसाद आचार्य, पति: देवी नारायण आचार्य
३)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: जिवन कुमारी घिमिरे** स्थायी ठेगाना: मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. १ बाबु: डम्बर बहादुर घिमिरे, ससुरा: मानध्वज कटुवाल, पति: किरण कटुवाल	**दुर्गा कुमारी खड्का**, स्थायी ठेगाना: मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ७, हालको ठेगाना: मोरङ जिल्ला, पथरीशनिश्चरे न.पा. वडा नं. १, बाबु: तिल बहादुर खड्का, ससुरा: डम्बर बहादुर घिमिरे
४)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: अविनाश देवकोटा** स्थायी ठेगाना: चितवन जिल्ला, फूलवारी गा.वि.स. वडा नं. १, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५ बाबु: अर्जुन प्रसाद देवकोटा, बाजे: कपिल मनि देवकोटा	
५)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: रञ्जु वाइवा** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, साँगाचोक गा.वि.स. वडा नं. ४, हालको ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ७, बाबु: धने तामाङ, बाजे: केदार बहादुर तामाङ	
६)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: कृष्ण प्रसाद कोइराला** ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०, बाबु: दिव्यराज कोइराला, बाजे: पूर्ण प्रसाद कोइराला	
७)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: ललिन राजवंशी** ठेगाना: झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. १३, बाबु: फकन्दा राजवंशी, बाजे: पकन्दा राजवंशी,	**दिपक राजवंशी,** स्थायी ठेगाना: झापा जिल्ला, दुहागढी गा.वि.स. वडा नं. ५ हालको ठेगाना: झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. १३ बाबु: फकन्दा राजवंशी, बाजे: भैरव राजवंशी
८)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: मनोज कुमार यादव** स्थायी ठेगाना: सिरहा जिल्ला, सुखिपुर न.पा वडा नं. ४, हालको ठेगाना: सिरहा जिल्ला, सुखिपुर न.पा वडा नं. ४, बाबु: सिकिन्द्र यादव, बाजे: रामलखन यादव	**कविता कुमारी यादव** स्थायी ठेगाना: सिरहा जिल्ला, सिरहा न.पा वडा नं. ७ हालको ठेगाना: सिरहा जिल्ला, सुखिपुर न.पा वडा नं. ४ बाबु: अरुण कुमार गोइत ससुरा: सिकिन्द्र यादव पति: मनोज कुमार यादव
९)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: मो. सदाम हुसैन** स्थायी ठेगाना: धनुषा जिल्ला, सबैला गा.वि.स. वडा नं. २, हालको ठेगाना: धनुषा जिल्ला, सबैला न.पा. वडा नं. १, बाबु: रफिद धुनिया, बाजे: नेवी जान धुनिया	**रोसनी खातुन** ठेगाना: धनुषा जिल्ला, सबैला न.पा. वडा नं. १, बाबु: रजाक नदाफ ससुरा: रफिद धुनिया पति: मो. सदाम हुसैन

नोट: ऋणी तथा जमानीकर्ताको बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. १९८१, मंसीर २० गते

स्वर्गारोहण
वि.सं. २०८२, श्रावण ७ गते

स्व. जवाहर देवी श्रेष्ठ

हाम्रा प्रातः स्मरणीय **जवाहर देवी श्रेष्ठ** को असामयिक स्वार्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौं । शोकको यस दुःखद् घडीमा हामी प्रति सहयोग, सदभाव र सान्त्वना प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र र शुभेच्छुकहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

छोरा/बुहारीहरू
भारत भक्त श्रेष्ठ/बैजन्ती श्रेष्ठ,
रबि भक्त श्रेष्ठ/कान्ता श्रेष्ठ

छोरीहरू
सरोजिनी श्रेष्ठ, इन्दिरा श्रेष्ठ, कमला सिँह, इन्दु तुलाधर, मोना श्रेष्ठ

नाती/नातिनीहरू
राजन भक्त श्रेष्ठ/रेबेका, रविन्द्र भक्त श्रेष्ठ/युमि, अनुभा, रेशा, तिसा, पंकज, सबिन्द्र, झरना, भावना, सगुनी, बन्दना, सुभानी, दिवा, दिना, निहा, साहानी

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

नयाँ पत्रिका

■ रवीन्द्रले रचे इतिहास

एमएफएन च्याम्पियन बन्ने पहिलो नेपाली फाइटर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालका रवीन्द्र ढाट म्याट्रिक्स फाइट नाइट १७ जित्ने पहिलो नेपाली फाइटर बनेका छन्। रवीन्द्रले शनिबार राति भारतीय फाइटर चुनरेङ कोरेनलाई तेस्रो चरण नकआउट पार्दै ऐतिहासिक बान्टमवेट च्याम्पियनसिप उपाधि जितेका हुन्। भारतको नोयडामा भएको उपाधि भिडन्तको दोस्रो चरणसम्म रवीन्द्र पछाडि थिए। तेस्रो चरणमा आक्रामक रूपमा प्रस्तुत हुँदै उनी भारतीय खेलाडीलाई केवल ५४ सेकेन्डमै नकआउट पार्न सफल भए।

ऐतिहासिक जित हात पारेका रवीन्द्रले नेपालको भन्डा रिङमा फहराउन पाउँदा खुसी लागेको बताए। 'नेपालको भन्डा काँधमा बोकेर आएको थिएँ। त्यो भन्डालाई रिङमै फहराउन पाएको छु,' खेलपछि उनले भने, 'विजयोत्सवमा सहयोग गर्ने सबैलाई धन्यवाद।' रिङको एक कुनामा रवीन्द्रको एक शक्तिशाली पन्च लाग्दा कोरेन ढलेका थिए। उनी उठ्न नसकेपछि रेफ्रीले रवीन्द्र च्याम्पियन बनेको घोषणा गरेका थिए। बझाङमा जन्मेका रवीन्द्रको प्रोफेसनल रेकर्ड ८-१ पुगेको छ। भारतको म्याट्रिक्स फाइटमा कोरेनलाई रणनीतिक र आक्रामक पावरका फाइटरका रूपमा लिने गरिन्छ। भारतीय समर्थकले उनलाई 'दी इन्डियन राइनो' उपनाम दिएका छन्। उपाधि रक्षा गर्ने रणनीतिअनुरूप कोरेनले रवीन्द्रलाई पहिलो तथा दोस्रो राउन्डमा दबाबमा राखे। नेपाली फाइटरले शान्त संयोजन र चलाखीपूर्ण रणनीतिका साथ विपक्षीको आक्रमणको उत्तर दिइरहेका थिए।

> भारतीय फाइटर चुनरेङ कोरेनलाई तेस्रो राउन्डमा नेपालका रवीन्द्र ढाटले ५४ सेकेन्डमै नकआउट गरे

दोस्रो चरण सकिँदासम्म कोरेनले उपाधि जित्न अपेक्षा थियो। तर, तेस्रो राउन्डमा नाटकीय नतिजा निस्कियो। रवीन्द्रले तीव्र गतिमा प्रहार गर्न थालेपछि कोरेन संकटमा परेका थिए। यस राउन्डमा भारतीय खेलाडीले डिफेन्स र रवीन्द्रले एकपछि अर्को शक्तिशाली प्रहार गरिरहेका थिए। निर्णायक कम्बिनेसन प्रहारपछि रेफ्रीले फाइट रोके। त्यसपछि उनले नेपाली फाइटरलाई टिकेओका आधारमा विजेता घोषित गरेका हुन्। नतिजासँगै रवीन्द्रले भारतीय खेलाडीविरुद्धको लगातार हारको शृंखला तोडेका छन्। उनले प्रतियोगिता जित्दै एमएफएनको बान्टमवेट श्रेणीको बेल्ट पनि हात पारेका छन्।

उपाधि प्रशिक्षकप्रति समर्पित

रवीन्द्रको ऐतिहासिक सफलताको यात्रामा उनका प्रशिक्षक दिविज पिया लामाको योगदान उत्तिकै छ। नेपाली मिक्स्ड मार्सल आर्टस् (एमएए) फाइटर रवीन्द्रलाई नोयडासम्म पुऱ्याउन लामाले पर्दापछाडि भूमिका निर्वाह गरेका थिए। प्रशिक्षकले सही मार्गदर्शन नदिएको भए आफू यहाँसम्म नपुग्ने रवीन्द्रले बताए। यसकारण नै उनले एमएफएन उपाधि प्रशिक्षक लामाप्रति समर्पित गरेका छन्।

'काठमाडौं गएदेखि मलाई दिविज दाइले धेरै सपोर्ट गर्नुभयो। उहाँले कसरी, कहाँ कम्पिट गर्ने हो, कसरी स्पोन्सर ल्याउने, कोसँग ट्रेनिङ गर्ने सबै सिकाउनुभएको हो,' रवीन्द्रले भने, 'यतिवेला मसँग दाइलाई बयान गर्ने शब्द छैन, लभ यु दाइ।' यसैगरी उनले आफूलाई मोटिभेट गर्दै आएका सिसन बानियाँलाई पनि सम्झिएका थिए। 'सिसन दाइ धन्यवाद, तपाईंले धेरै सहयोग गर्नुभयो,' उनले भने। रवीन्द्र र कोरेनबिचको फाइट हेर्न बलिउड अभिनेता ज्याकी श्राफ पनि पुगेका थिए। उपाधि विजेता फाइटरले ज्याकीलाई धन्यवाद दिन बिर्सेनन्। 'एमएफएनमा आउनुभएकोमा ज्याकी श्राफलाई धन्यवाद। उहाँले मेरो फाइट हेर्नुभयो, मलाई बोलाउनुभयो,' उनले भने, 'म तीन वर्षदेखि यहाँ आउन प्रयास गरिरहेको थिएँ।'



■ कोरेनको घमन्ड चकनाचुर

फाइनलका दिन कोरेनले एक अन्तर्वार्तामा रवीन्द्रलाई सामान्य फाइटरका रूपमा लिएको प्रतिक्रिया दिएका थिए। उनले भनेका थिए, 'रवीन्द्र मेराअगाडि बच्चै हो, लड्न नआए राम्रो। म उसको दिमागै निकालिदिन्छु।' तर, रवीन्द्र रिङमा भारतीय फाइटर कोरेनका सबै घमन्ड तोड्न सफल भए। नोयडाको इन्डोर रंगशालामा थोरै संख्यामा नेपाली समर्थक थिए। कोरेनको पक्षमा सयौं भारतीय समर्थकले उत्साह दिइरहेका थिए।

पाँचमध्ये दुई राउन्डसम्म हलभित्र कोरेनको समर्थनमा हुटिङ भइरहेको थियो। रवीन्द्रका समर्थक भने उनलाई हौस्याउन प्यारापिटमा नेपालको भन्डा लिँदै 'रवीन्द्र... रवीन्द्र' भन्दै चिच्याइरहेका थिए। जब टिकेओका आधारमा रवीन्द्र विजेता घोषित भए, त्यसपछि हलको माहोल नै परिवर्तन भयो। एकाएक हलमा नेपाली फाइटरको नाम गुन्जियो। एक किसिमले इन्डोर हलमा विजयोत्सवको माहोल बन्यो। पिजरमाथि नेपाली भन्डा फहराइएको थियो। उपाधि भिडन्तका कमेन्टेटरहरूले नेपाली फाइटरको जितलाई 'ऐतिहासिक र सनसनी' भनिरहेका थिए। भारतीय फाइटर भने रिङको कुनामा बसेर टोलाइरहेका थिए। सम्भवतः उनलाई आफ्नो हार विश्वास गर्न गाह्रो भएको थियो।

उपाधि जितेपछि रवीन्द्र ढाट भन्छन् –

नेपालको भन्डा काँधमा बोकेर आएको थिएँ, त्यो भन्डालाई रिङमै फहराउन पाएको छु, काठमाडौं गएदेखि मलाई दिविज दाइले धेरै सपोर्ट गर्नुभयो, उहाँले कसरी, कहाँ कम्पिट गर्ने हो, कसरी स्पोन्सर ल्याउने, कोसँग ट्रेनिङ गर्ने सबै सिकाउनुभएको हो

बझाङदेखि म्याट्रिक्स फाइटको यात्रा

सुदूरपश्चिमको दुर्गम जिल्ला बझाङमा रवीन्द्रको जन्म भएको थियो। साना उमेरदेखि उनी केही गरी आफूलाई चिनाउन चाहन्थे। यद्यपि, उनको औपचारिक शिक्षा १० कक्षासम्म रह्यो। उनले अन्ततः रोजगारीको अवसरको खोजीमा भारत जाने निर्णय गरे। भारतमा मजदुरी गरिरहँदा आफ्नो दैनिकीसँगै उनलाई मार्सल आर्टस् (एमए) जिमले आकर्षित गरेको थियो। उनी यस खेलमा आकर्षित भए।

'मलाई मेरो उचाइ रामोसँग थाहा थियो। भारतमा रहँदा फाइटबाट हुने फाइदाबारे जान्ने अवसर पाएँ। यो केवल शारीरिक रूपमा बलियो हुनु मात्र होइन मानसिक रूपमा अनुशासित हुनुपर्ने खेल हो,' रवीन्द्रले केही समयअघि भनेका थिए। भारतमा लिएको प्रशिक्षणको भरमै उनले सन् २०१९ मा प्रतियोगितामा भाग लिने तयारी गरे। त्यसवेला उनको उमेर १८ वर्षको थियो। उनले एमएए एमेच्योर राष्ट्रिय च्याम्पियनसिपमा भाग मात्र लिएनन्, उपाधिसमेत जिते।

नेपाली मूलका फाइटरले उपाधि जित्दा आयोजकको आलोचना भएको थियो। पहिलो व्यावसायिक फाइट उपाधि जितेपछि उनी काठमाडौं फर्किए। यहाँ नियमित प्रशिक्षण र अभ्यासका लागि उपयुक्त जिमको खोजी गर्न थाले। रवीन्द्रले ललितपुरको सातदोबाटोमा बक्सिङ अभ्यास गरेका थिए। बक्सिङ प्रशिक्षणका क्रममा उनले करँते अभ्यास गर्ने साथीहरू बनाए। करँतेका साथीले उनलाई झम्सीखेलको पम्प जिममा मुई थाईका अनुभवी प्रशिक्षक दिविज पिया लामासँग प्रशिक्षण लिन सुझाव दिए। लामाले रवीन्द्रलाई भविष्यकै एक राम्रा फाइटर बन्ने सक्ने लक्षण अनुभव गरेका थिए। प्रशिक्षणका क्रममा रवीन्द्रलाई भारतमा लड्ने प्रस्ताव आयो। त्यहाँ उनले उपाधि जिते। भारतबाट फर्केपछि उनले आफ्नो प्रशिक्षण जारी राखे। यसपटक उनले स्ट्राइकिङ र ग्राउन्ड खेलमा ध्यान दिएका थिए। प्रशिक्षक लामाकै सहयोगमा उनले थाइल्यान्डमा अन्तर्राष्ट्रियस्तरमै प्रशिक्षण गर्न अवसर पाए।

प्रशिक्षकको अन्तर्राष्ट्रिय सम्बन्धका कारण उनले थाइल्यान्डमा वान च्याम्पियनसिप लिगमा लड्ने मौका पाए। उनले वान च्याम्पियनसिपमा आफ्नो पहिलो फाइटमा रूसी फाइटरलाई नकआउट गरेका थिए। त्यही फाइटबाटै नेपाली फाइटर पनि एमएमएका राम्रा खेलाडी भएको सबैले विश्वास गरे। केही वर्षअघि नेपालमा वारियर्स च्याम्पियनसिप भएको थियो। उनले आफ्नो प्रतिद्वन्द्वीका रूपमा अस्ट्रेलियालीलाई पाएका थिए। उनले यसपटक पनि सहजै विपक्षीलाई हराए। उनले इन्डोनेसियाको बालीमा सोमा फाइटर क्लबमा प्रतिस्पर्धा गरेका थिए। लगातार एमएमए च्याम्पियनसिपमा सहभागी भएका रवीन्द्रले शनिबार राति आफ्नो करिअरकै महत्त्वपूर्ण उपाधि हात पार्न सफल भएका छन्।

ब्राजिलले नवौंपटक जित्यो कोपा अमेरिका



एजेन्सी

ब्राजिलले महिलाको कोपा अमेरिका फाइनलमा कोलम्बियालाई पेनाल्टी सुटआउटमा ५-४ ले पराजित गर्दै कीर्तिमानी नवौंपटक उपाधि जितेको छ। ६ पटक विश्वकै सर्वोत्कृष्ट महिला खेलाडी घोषित भइसकेकी ३९ वर्षीया मार्टाले ब्राजिललाई उपाधि दिलाउन महत्त्वपूर्ण योगदान दिएकी थिइन्। बेन्चबाट मैदान प्रवेश गरेपछि मार्टाले कोलम्बियाको पोस्टमा दुई गोल गरिन्। उनले इन्जुरी समयको छैटौं मिनेटमा ३-३ का लागि बराबरी गोल गरी ब्राजिललाई उपाधिको आशा दिलाइन्।

इन्जुरी समयमा उनकै गोलको सहयोगमा ब्राजिलले पहिलोपटक अग्रता लियो। खेलको ११५औं मिनेटमा कोलम्बियाकी लेइसी सान्टोसले ४-४ को बराबरी गोल गरिन्। त्यसपछि उपाधिको छिनोफानो टाइब्रेकरबाट भयो। टाइब्रेकरमा ब्राजिलकी गोलरक्षक लोरेना डा सिल्भाले दुई पेनाल्टी बचाइन्। गोलरक्षक लोरेनाको यसै प्रदर्शनमा ब्राजिलले लगातार पाँचौं र समग्रमा नवौंपटक कोपा अमेरिका महिला उपाधि हात पाऱ्यो। ब्राजिलले पछिल्ला पाँचमध्ये चार फाइनलमा कोलम्बियालाई नै हराएर उपाधि जितेको हो।

विश्वकपमा ६ पटक र ओलम्पिकमा पनि ६ पटक खेलेकी मार्टाले ब्राजिलका लागि २०६ खेलमा १२२ गोल गरेकी छिन्। अमान्डा गुटिएरेसले प्रतियोगितामा कुल ६ गोल गर्दै पाराग्वेकी क्लाउडिया मार्टिनेजसँगै शीर्ष स्कोररको उपाधि बाँडिन्। कोलम्बियाका लागि लिन्डा कैसिडोले २५औं मिनेटमा, मायरा रामिरेजले ८८औं मिनेटमा र सान्टोसले ११५औं मिनेटमा गोल गरिन्। ब्राजिलकी डिफेन्डर टार्सियानेको आत्मघाती गोलमा कोलम्बियाले सुरुवाती अग्रता लियो। कोलम्बियाले तीनपटक अग्रता लिए पनि रक्षा गर्न सकेन।

बढिरहेको महिला फुटबल क्रेज

दक्षिण अमेरिकामा कोपा महिला अमेरिका कपले फुटबलको क्रेज बढिरहेको ब्राजिलियन गोलरक्षक लोरेनाले बताइन्। 'यस प्रतियोगिताले दक्षिण अमेरिकी महादेशमा महिला फुटबल क्रेज बढिरहेको छ,' फाइनलकी म्यान अफ दी म्याच भएकी लोरेनाले भनिन्, 'पछिल्लो समयमा महिलातर्फको स्पर्धा पनि प्रतिस्पर्धात्मक बनिरहेको छ।' उपाधि भिडन्तमा कोलम्बिया र ब्राजिलबिचको हाई स्कोरिङले एक उदाहरण पेस गरेको उनको भनाइ छ।

'दुवै टोलीले फाइनललाई सहज लिएनन्। खेलको अन्तिम समयसम्म गोल गर्न दुवै टोलीका खेलाडी प्रयासमा रहे,' उनले भनिन्, 'यसले पनि कोपा महिला अमेरिकाको स्तर प्रमाणित गर्छ।' यसैगरी, ब्राजिलकी अनान्डाले टाइब्रेकरसम्म पनि कसले उपाधि जित्छ भन्न नसकेको अवस्थामा पुगेको बताइन्। 'टाइब्रेकरमा जाँदा एउटा गल्तीमा उपाधि गुम्ने निश्चित थियो। यस्तोमा कुन पक्ष हाबी हुने भन्न सकिने अवस्था थिएन,' उनले भनिन्, 'तर, हाम्रा गोलरक्षकले उत्कृष्ट बचाउ गरिन्।'

खेल संक्षेप

एसियन कुरासमा प्रशान्तलाई कांस्य

काठमाडौं/ नेपाली खेलाडी प्रशान्त राईले एसियन कुरास च्याम्पियनसिप, २०२५ मा कांस्य पदक जितेका छन्। दक्षिण कोरियाको चेओङजु सहरमा भएको प्रतियोगितामा प्रशान्तले जुनियर पुरुष ४२ केजीमुनि तौल समूहमा कांस्य जितेको नेपाल कुरास संघले जनाएको छ। उनले सेमिफाइनल उज्वेकिस्तानका खेलाडीसँग प्रतिस्पर्धा गरेका थिए। प्रतियोगिताको नियमअनुसार सेमिफाइनलिस्टले कांस्य जित्नेछ। यसै प्रावधानअनुरूप प्रशान्तले कांस्य हात पारेका हुन्। एसियन कुरास च्याम्पियनसिपमा यो नेपालको दोस्रो पदक हो। यसअघि सन् २०१८ मा थाइल्यान्डमा भएको एसियन कुरास च्याम्पियनसिपमा कृति शर्माले ५२ केजीमुनि इभेन्टमा कांस्य जितेकी थिइन्। एसियाली कुरास महासंघको आयोजनामा ३० जुलाइदेखि ५ अगस्टसम्म चल्ने प्रतियोगितामा प्रशान्तको स्पर्धामा भारत, तुर्कमेनिस्तान, मंगोलिया, चीन (ताइपेई) र कुवेतका खेलाडीले प्रतिस्पर्धा गरेका थिए। नेपालबाट दुई खेलाडी सहभागी छन्। नामसाङ सामसोङले जुनियर पुरुष ५२ केजीमुनि प्रतिस्पर्धा गरेका थिए।

तेक्वान्दोका चार खेलकर्मी सम्मानित

काठमाडौं/ तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्का र फुटबलका एक प्रशिक्षकसहित दुई खेलाडी गरी चार खेलकर्मी सम्मानित भएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), कागेश्वरी मनोहरा नगर कार्यसमितिले शनिबार तेक्वान्दोका अशोक, फुटबलका प्रशिक्षक रसिक कोइराला, खेलाडीद्वय राधिका ओली र सबिना तामाङलाई सम्मान गरेको हो।

सम्मानित हुने खेलाडी, प्रशिक्षक र निर्णायक पनि कागेश्वरी मनोहरा नगरपालिकाकै हुन्। गोलरक्षक राधिकाले नेपालको यू-१५ उमेर समूहबाट खेलेकी थिइन्। सविना नेपालको यू-१७ उमेर समूहकी स्ट्राइकर हुन्। तेक्वान्दोका अशोक ग्योरोगी र पुम्सेका साथै पारा तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक हुन्।

एथलेटिक्सको चौथो साधारणसभा

काठमाडौं/ एथलेटिक्स परिवार, नेपालको चौथो वार्षिक साधारणसभा आइतबार सम्पन्न भएको छ। सभामा अध्यक्ष राजन खत्रीले आव ०८२/८३ को वार्षिक कार्यक्रम र बजेट प्रस्तुत गरेका थिए। उक्त अवसरमा एथलेटिक्स खेलका लामो दूरीका धावक, धाविका र प्रशिक्षकलाई सम्मान गरिएको थियो।

त्रिभुवन आर्मी क्लबका खड्कबहादुर खड्का र पूर्णलक्ष्मी न्यौपाने, एथलेटिक्स प्रशिक्षकद्वय सीताराम चौधरी र देवीबहादुर बस्नेत सम्मानित भए। नेपालले आव ०८१/८२ मा नेपालमा भएका विभिन्न १४ वटा खेलमा प्राविधिक सहयोग आफुहरूले गरेको खत्रीले बताए। आगमी दिनमा हुने १० वटा एथलेटिक्स प्रतियोगितामा प्राविधिक सहयोग गर्ने उनले बताए।

नेपाली यू-२० महिला रग्बी टोली घोषणा

काठमाडौं/ नेपाल रग्बी संघले एसिया रग्बी इमिरेट्स यू-२० सेभेन्स टूफीका लागि महिला रग्बी टोली घोषणा गरेको छ। भारतमा आगामी २४ देखि २७ साउनसम्म एसिया रग्बी इमिरेट्स यू-२० सेभेन्स टूफी आयोजना हुँदै छ। प्रतियोगितामा सहभागी हुन संघले १३ सदस्यीय नेपाली युवा टोली घोषणा गरेको हो। गत संस्करण नेपालमा भएको थियो।

यसपटक भारतले आयोजना गर्न लागेको हो। नेपाली टोलीमा सम्झौता तुम्बापो, लक्की मगर, सनमिका मगर, रेखा खड्का, सुशीला सुनुवार, निशा घलान, रोशना पोखरेल, पूजा डंगोल, कविता वादी र आरुषी भट्टराई छन्। यसैगरी, सलिना माझी, समीक्षा गौतम र रमिरा शाहीले स्थान पक्का गरेका छन्। सावित्री पुर्जाको प्रशिक्षणमा नेपाली यू-२० महिला रग्बी टोली छनोट भएको हो। नेपाली टोलीले हाल सर्लाहीको राधाकृष्ण खेलमैदानमा प्रशिक्षण गरिरहेको नेपाल रग्बी संघका महासचिव गोविन्द घिमिरेले जानकारी दिए।

प्रतियोगिता हुने भारतको मौसमसँग मिल्ने गरी टोलीलाई पछिल्लो एक महिनादेखि सर्लाहीमा प्रशिक्षणमा राखिएको महासचिव घिमिरेले बताए। यो टोली प्रतियोगितामा सहभागी हुन आगामी २२ साउनमा भारत जानेछ। प्रतियोगितामा एसियाका विभिन्न ११ राष्ट्रबाट पुरुष र महिलामा समान आठ टोलीले भाग लिनेछन्।

दोस्रो स्थानमा उक्लियो मच्छिन्द्र

नयाँ पत्रिका

मच्छिन्द्र फुटबल क्लब एन्फा यू-१६ युथ लिगको दोस्रो स्थानमा उक्लिएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा आइतबार भएको रोमाञ्चक खेलमा मच्छिन्द्रले हिमालयन शेर्पा क्लबलाई ३-२ ले पराजित गर्दै दोस्रो स्थान रक्षा गरेको हो। जितसँगै मच्छिन्द्रले १० खेलबाट २३ अंक बटुलेको छ। पराजित हिमालयन समान खेलमा १४ अंकसहित आठौं स्थानमा छ।

मच्छिन्द्रलाई जित दिलाउन करण धामी, साइप्रस डंगोल र गोविन्द विकले समान एक गोल गरेका थिए। हिमालयनका जिनिल सुब्बा र युगेन खत्रीले समान एक गोल गरे। अर्को खेलमा जावलाखेल युथ क्लबले सातदोबाटो युथ क्लबलाई ७-० ले हरायो। जावलाखेलको जितमा पुजन सुनारले दुई गोल गरेका थिए। यसैगरी, जावलाखेलका समीर लोप्चन, प्रिन्स भुजेल, विकाश शाही, सुमित बाइवा र विविधाराज राईले समान एक गोल



गरे। जितपछि जावलाखेलको १० खेलमा १३ अंक भएको छ।

समान खेलबाट अंकविहीन सातदोबाटो तालिकाको पुछारमा छ। अर्को खेलमा श्री भगवती क्लबमाथि संकटाले २-० को जित निकाल्यो। संकटाको जितमा पेम्बा तामाङ र प्रज्वलकुमार लुर्मीले गोल गरेका थिए।

■ इंग्ल्यान्डलाई ३५ रन आवश्यक

एजेन्सी/ भारतविरुद्ध पाँचौं तथा अन्तिम टेस्टमा जित निकाल्न घरेलु टोली इंग्ल्यान्डलाई ३५ रन आवश्यक छ। भारतले जितका लागि ३७४ रनको लक्ष्य दिएको थियो। चौथो दिन आइतबार वर्षाका कारण खेल रोकिँदा इंग्ल्यान्डले ६ विकेट गुमाएर ३३९ रन जोडेको छ। इंग्ल्यान्डले सोमबार यसै स्थितिबाट ब्याटिङ गर्नेछ।

दोस्रो इनिङ्समा इंग्ल्यान्डका लागि जोए रुटले १०५ तथा ह्यारी ब्रुकले १११ रनको योगदान दिएका थिए। दुवैले चौथो विकेटका लागि १९५ रनको साझेदारी गर्दै घरेलु टोलीलाई १०६-३ बाट ३०१-४ को बलियो स्थितिमा पुऱ्याए। रुटले १५२ बलमा १२ चौका प्रहार गरे। ह्यारीले ९८ बलमा १४ चौका र दुई छक्का प्रहार गरेका थिए। भारतका लाग प्रसिद्ध कृष्णाले २२.२ ओभरमा तीन विकेट र मोहमद सिराजले दुई विकेट लिएका छन्। यसअघि भारतको दोस्रो इनिङ्स ३९६ रनमा सीमित भएको थियो। भारतका लागि यशस्वी जैसवालले ११८ रनको योगदान दिए। रवीन्द्र जडेजाले ५३ तथा वासिङटन सुन्दरले ५३ रन बनाए।



दक्षिण अफ्रिकी क्रिकेटर भिलियर्सले भने-

नेपाल खतरनाक क्रिकेट टोली हो



एजेन्सी

दक्षिण अफ्रिकन क्रिकेटर एबी डी भिलियर्सले नेपाली क्रिकेट टोली राम्रो भएको बताउँदै प्रशंसा गरेका छन्। भारतीय पत्रकार शुभांकर मिश्रले भिलियर्ससँग लिएको एक अन्तर्वार्तामा उनले सन् २०२४ को आइसिसी टी-२० विश्वकपको प्रसंग उठाउँदै नेपाली टोली अद्भुत रहेको बताएका छन्। 'नेपाली क्रिकेट टोली निकै राम्रो छ,' उनले भने, 'अझ उनीहरूको टिम स्पिरिट अद्भुत रहेको पाएको छु।' गत वर्ष वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा दक्षिण अफ्रिकी टोलीबाट उनले प्रतिस्पर्धा गरेका थिएनन्। समूह चरणमा नेपाल र दक्षिण अफ्रिकाबिच खेल भएको थियो। जसमा नेपाल १ रनले दक्षिण अफ्रिकामाथि सनसनी जित निकाल्न चुक्यो। 'नेपाल एक अद्भुत टोली हुन्। उनीहरू क्रिकेटमा धेरै अगाडि आइसकेका छन्। एसोसिएटमा नेपाल धेरै खतरनाक क्रिकेट टोली हो।'

पत्रकार मिश्रले भिलियर्ससँग नेपालको क्रिकेट विकासका लागि के गर्नुपर्छ भनेर प्रश्न राखेका थिए। भिलियर्सले भने, 'मेरो व्यक्तिगत विचारमा नेपाली क्रिकेटरले मुख्य गरी एकनासको प्रदर्शन गर्नुपर्छ। एक मात्र तरिका अझ बढी क्रिकेट खेल्नु हो।' उनले नेपाली क्रिकेट तथा खेलाडीलाई एक्सपोजर दिन पनि विश्व क्रिकेटलाई आह्वान गरेका छन्। 'उनीहरूलाई थप अवसर प्रदान गर्नुपर्छ। विश्वभरका क्रिकेट आयोजकलाई नेपाललाई एक्सपोजर प्रदान गर्न आह्वान गर्छु,' भिलियर्सले भने, 'नेपाल जस्ता देश र टोलीहरूलाई थप क्रिकेट खेल्न अवसर दिनुपर्छ।'

व्यक्तिगत कारण एनपिएलमा आउन सकेनन् भिलियर्स

अन्तर्वार्ताका क्रममा गत मंसिर र पुसमा भएको नेपाल प्रिमियर लिग (एनपिएल)मा व्यक्तिगत कारण आफू नेपाल आउने नसकेको भिलियर्सले खुलाएका छन्। एनपिएल आयोजक क्यानले प्रतियोगितामा सहभागी हुन पत्र पठाएको उनको भनाइ छ। 'गत मंसिरमा भएको एनपिएलमा खेल्नका लागि पत्र आएको थियो, तर त्यसवेला मेरो तालिका व्यस्त थियो। यसकारण एनपिएल लिगमा सहभागिता जनाउन सकिनँ,' उनले भने, 'भविष्यमा नेपालमा खेल्नेमा आशावादी छु।'

उनले पछिल्लो समयमा छोटा प्रतियोगिता खेलिरहेको बताए। 'अहिले बेलायतमा परिवारसहित छु। भविष्यमा एनपिएल खेल्ने सम्भावना छ,' उनले भने। भिलियर्सले नेपाली टोलीले विगत केही वर्षमा उल्लेखनीय प्रगति गरेको बताएका छन्। 'यदि अन्तर्राष्ट्रिय डेटा हेर्दै भने नेपालले धेरै राम्रो गरिरहेको छ। उनीहरूले योभन्दा बढी अन्तर्राष्ट्रिय अवसर पाउनुपर्छ। जसले नेपाल थप सशक्त हुनेछ,' उनले भने।

४७ अन्तर्राष्ट्रिय शतक

पछिल्लो पुस्ताका क्रिकेटरमध्ये आक्रामक ब्याट्समयानका रूपमा चिनिने भिलियर्सले दक्षिण अफ्रिकाकाट ११४ टेस्टमा आठ हजार ७६५ रन बनाएका छन्। उनले यस क्रममा २२ शतक तथा ४६ अर्धशतकीय इनिङ्स खेले। यसैगरी, २२८ एकदिवसीय खेलमा उनले २५ शतक तथा ५३ अर्धशतकको सहयोगमा नौ हजार ५७७ रन जोडेका छन्। अन्तर्राष्ट्रिय टी-२० आईमा ७८ खेलमा १० अर्धशतकको सहयोगमा एक हजार ६७२ रन जोडेका छन्। समग्रमा उनले ४७ अन्तर्राष्ट्रिय शतक बनाएका छन्। भिलियर्सले सन् २००४ मा इंग्ल्यान्डविरुद्ध टेस्टमा डेब्यु गरेका थिए। टी-२० आईमा उनले अस्ट्रेलियाविरुद्ध पहिलो खेल खेलेका थिए। अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिइसकेका भिलियर्सको अन्तिम खेल सन् २०१८ मा भारतसँग एकदिवसीय खेल रह्यो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com